ISSN 2091-1629

मूल्य रु. ४५/-

# गौरी मासिक

GAURI MASIK

वर्ष २१, अङ्क ५, २०८२ माघ, पूर्णाङ्क २३७

निरन्तर २३७ औं अङ्क

## माधवनारायण मन्दिर

सालीनदी, साँखु काठमाडौं

# भावातीत ध्यान

## भावातीत ध्यान के हो ?

महर्षि महेश योगीज्यू प्रणित भावातीत ध्यान एक सरल, सहज, स्वाभाविक, प्रयासहीन एवं वैज्ञानिक पद्धति हो । यो कुनै पनि अवस्थामा आरामसँग बसेर गर्न सकिन्छ । विश्वभरका १३३ देशका २५० भन्दा बढी विश्वविद्यालयहरूमा ६०० भन्दा बढी वैज्ञानिक अध्ययन तथा अनुसन्धानहरूबाट प्रमाणित यो पद्धति विश्वभरमा ६० लाख भन्दा धेर व्यक्तिहरूले नियमित रूपमा अभ्यास गरिरहेका छन् ।

## भावातीत ध्यान (Transcendental Meditation) का विशेषताहरू :

१. भावातीत ध्यान सरल, सहज, स्वभाविक, प्रयासहीन एवं वैज्ञानिक छ । यो शीघ्र प्रभावकारी छ ।

२. भावातीत ध्यान सिक्न तथा अभ्यास गर्न खानपिन, रहनसहन तथा जीवनयापनमा कुनै परिवर्तनको आवस्यकता पर्दैन, न त आफ्नो विश्वास परिवर्तन गर्न जरूरी छ । भावातीत ध्यान जुनसुकै जाति, धर्म तथा विचारधारा भएका सबै देशका नागरिकले सजिलै सिकेर र यसको नियमित अभ्यासद्वारा लाभ उठाउन सक्दछन् ।

## भावातीत ध्यानमा के हुन्छ ?

भावातीत ध्यानमा चञ्चल मन शान्त हुँदै अत्यन्त सुक्ष्मस्तरबाट कार्य गर्न थाल्दछ । मन तथा विचारको अवस्था अनुसार हाम्रो शारीरिक अवस्था हुने भएकोले हाम्रो शरीरले पनि गहन विश्राम प्राप्त गर्दछ । शरीरले प्राप्त गर्ने गहन विश्रामले गर्दा मानव जीवनका विभिन्न क्षेत्रमा फाइदाहरु प्राप्त हुन सुरू गर्दछ ।

## भावातीत ध्यानबाट हुने लाभहरू

नियमित रूपमा भावातीत ध्यानको अभ्यासले जीवनको समग्र क्षेत्रमा फाइदा पुग्दछ । भावातीत ध्यानका लाभहरूलाई वैज्ञानिक अनुसन्धानहरूले प्रमाणित गरेका छन्ः

### क) मानसिक क्षमताको विकास

१. तीक्ष्ण बुद्धि एवं गहन समझदारीको विकास हुन्छ

२. धेर विषयवस्तुप्रति चिन्तन गर्ने शक्तिको विकास हुन्छ

३. स्मरणशक्तिको वृद्धिको साथै दुर्बलता, उत्तेजना एव चिडचिडापन हटेर भावनात्मक सन्तुलन बढ्दछ ।

४. सिर्जनशीलता, व्यावहारिक बुद्धिमत्ता तथा गणितीय क्षमतामा वृद्धि हुन्छ ।

### ख) स्वास्थ्यमा सुधार

१. स्नायुप्रणालीमा गहन विश्राम उपलब्ध हुनाले तनाव विलीन हुन्छ। स्नायुप्रणाली शुद्ध हुन्छ । व्यक्ति आफ्नो 'स्व' मा स्थित हुन्छ र पूर्ण स्वस्थ हुन्छ ।

२. रोग प्रतिरोध क्षमता बढ्छ । तम्बाकु, बिडी, सिगरट, रक्सी र लागू औषधको आदत बिस्तारै बिस्तारै छुट्छ ।

३. मुटु तथा स्वासको गति एवं चयापचयको दर (Metabolic Rate) मा कमी आई उच्च तथा न्यून रक्तचाप एवं मुटुरोगलाई बढी फाइदा पुगेको पाईएको छ ।

४. चिन्ता र नकारात्मक समस्याहरु (इन्जाइटी र डिप्रेशन) समाधान हुन्छ ।

### ग) सामाजिक व्यवहारमा सकारात्मकता

१. सहनशीलता बढ्छ । २. नैतिक परिपक्वताको विकास हुन्छ ।

३. अरूलाई सहयोग गर्ने भावना जागृत हुन्छ ।

४. व्यक्तिको आध्यात्मिक विकास हुन्छ ।

### घ) समाजमा सकारात्मक प्रभाव र विश्व शान्तिमा योगदान

कुनै पनि समाज तथा देशको जनसंख्याको १ प्रतिशत मानिसले मात्र भावातीत ध्यान गरेमा त्यस समाज तथा देशमा दुर्घटना कम हुन्छ, अस्पताल भर्ना हुने संख्यामा कमी आउँछ, आपराधिक घटनाहरु कम हुन्छन् र समाजमा भाइचाराको सम्बन्ध सुदृढ हुँदै सामन्जस्यतामा वृद्धि हुन्छ । समाज तथा देशको सामूहिक चेतनामा सहसम्बद्धता बढ्दै सात्विकतामा वृद्धि हुन्छ ।

## भावातीत ध्यान कसका लागि ?

भावातीत ध्यान ती व्यक्तिहरूका लागि हो जसले मानसिक क्षमतामा अभिवृद्धि गर्दै सुदृढ शारीरिक एवं मानसिक स्वास्थ्य चाहन्छन् । साथै ती व्यक्तिहरूका लागि हो जो तनाब एवं चिन्ताबाट मुक्त भएर जीवनमा प्रगति, विकास, सुख, शान्ति र सन्तुलनका अभिलाषी छन् । याद राख्नुहोस्ः भावातीत ध्यान कुनै धर्म नभएर मानवीय चेतनाको आधारमा प्रवर्तित एक विज्ञान हो । यसबाट जीवनमा सुख, शान्ति, समृद्धि र सन्तुलनको विकास हुन्छ ।

## भावातीत ध्यानमा गरिएको अनुसन्धानको एउटा नमूना

**56% Decrease in Hospitalization Rate in All Categories of Disease**

Through Transcendental Meditation




*Psychosomatic Medicine* 49 (1987): 493–507

## भावातीत ध्यानको आवासीय कार्यक्रमः

**२ रात र ३ दिन**

**शुल्क रू १० हजार (आवास, खाना र ध्यान सहित)**

स्थानः महर्षि वैदिक इन्टिट्च्युट, ब्रह्मानन्द सरस्वती ग्राम, दक्षिणकाली न.पा.-१ बोसन

सम्पर्क मोवाइलहरुः

९८५१०१३०२२ दीपकप्रकास बास्कोटा, अध्यक्ष (पूर्व गृहराज्यमन्त्री)

भावातीत ध्यान शिक्षकहरुः

९८५७०८०७८७ भरतराज पौडेल, ९८५१०३९४७४ माधव अर्याल, ९८५१००३८९४ मीनराज अधिकारी ।

संवित परामर्श मण्डल
आबाल ब्रह्मचारी कविराज देवराज आचार्य
प्रा. शिवगोपाल रिसाल
डा. बिनु बाबा अर्याल
सल्लाहकार
श्रीमती गङ्गा कार्की
श्रीमती माधवी नेपाल
श्रीमती शिवा रिमाल
श्रीमती कमला बस्नेत
श्री नवराज लामिछाने
श्री मोहन चौधरी
प्रकाशक/सम्पादक
अर्जुन लामिछाने (९८५१०५३६०१)
सह-सम्पादक
भागवतश्री न्यौपाने (९८१३०१०२०२)
व्यवस्थापक
बिदुरप्रसाद अधिकारी
सहयोगी
पार्वती सेढाईं
साजसज्जाः
बिपीन सोडारी (९८४९८५६२१०)
मुद्रकः किशोर अफसेट प्रेस

अध्यात्म ज्ञान लिनु र दिनु परम धर्म हो ।

एक प्रतिको रू. ४५/-
वार्षिक सदस्यता शुल्क रू. ५००/-
आजीवन सदस्यता शुल्क रू. ५,०००/-

ग्राहक बनेर गौरीको प्रकाशनमा टेवा पुऱ्याइ पुण्य कमाउनुहोस् ।

*यस पत्रिकामा प्रकाशित लेख रचनाहरू लेखकका व्यक्तिगत विचार हुन्- सम्पादक*

सम्पर्क कार्यालय
मैतीदेवीमार्ग, सेतोपुल, काठमाडौं
फोन नम्बर- ०१-४५३४१४१
इमेलः- masikgauri@gmail.com / gauri_2062@yahoo.com

वितरक
**विश्व स्वतन्त्र संचार**
नयाँबानेश्वर, काठमाडौं, फोन नं.: ९८५१०३०९७२

कर्णाली प्रदेशः सुर्खेत ९८६८८९२३४७ (चैतेजी)
सुदुर पश्चिम कैलाली ९८४९९०३०३३ (हरिजी)
नेपालगञ्जः ९८४८०९५०५९ (गङ्गादास)
वाग्मति प्रदेश हेटौंडाः ९८४५३००६०५
देवघाटधाम, तनहुँ ९८५१०३०९७२
मधेश प्रदेश बर्दिवासः ९८४९२१६२५५
कोशी प्रदेशः ९८०३०९२४१७ (लेखनाथ)

जि. प्र. का. द. नं. ५२/०६२/०६३

हे गौरि शंकरार्धाङ्गि यथा त्वं शंकरप्रिया ।
तथा मां कुरू कल्याणि कान्तकान्तां सुदुर्लभाम् ॥

वर्ष २१, अङ्क ५, २०८२ पूर्णाङ्क २३७

## माघ २०८२

| | | | | | |
|---|---|---|---|---|---|
| बिहीबार | १ | ८ | १५ | २२ | २९ |
| शुक्रबार | २ | ९ | १६ | २३ | गौरी |
| शनिवार | ३ | १० | १७ | २४ | गौरी |
| आइतवार | ४ | ११ | १८ | २५ | गौरी |
| सोमबार | ५ | १२ | १९ | २६ | गौरी |
| मङ्गलबार | ६ | १३ | २० | २७ | गौरी |
| बुधवार | ७ | १४ | २१ | २८ | गौरी |

## गौरीको अनुरोध.....!

यस गौरी मासिकको बार्षिक या आजीवन सदस्यता लिएर पनि पत्रिका नपाउनु भएका पाठकवृन्दहरूले कार्यालयमा सम्पर्क गरी छुटेका पत्रिकाहरू संकलन गर्नुहुन अनुरोध छ ।
कार्यालयः भुवनेश्वरी मार्ग, पशुपति

सम्पर्कः ९८४१५३३७८७,
९८०३८८८६६७ ९८५१०५३६०१

# संक्षिप्त महाभारत

अघिल्लो अंकबाट क्रमशः

## कच र देवयानीको कथा

कच साह्रै अनुशासित थिए । गुरू एवम् गुरू पुत्रीलाई श्रद्धाभावले हेर्दथे । तर देवयानी भने कचसितको एकोहोरो प्रेममा पागल भै सकेकी थिइन् । कचको उद्देश्य सञ्जीवनी विद्या सिक्नु थियो, सिकिहाले । साथै धेरै वर्षसम्म गुरू र गुरूपुत्रीको सेवा पनि गरे । आफ्नो अभीष्ट पूरा भएपछि पिता बृहस्पति भए ठाउँ अर्थात् स्वर्ग जाने हेतुले गुरूसँग अनुमति माग्न गए । त्यो कुरा देवयानीले थाहा पाइन् । उनी कचसित विवाह गर्न चाहन्थिन् र त्यसका लागि देवयानीले अनेक हथकन्डा अपनाइन् । तर उनको केही लागेन । कचले सम्झाउँदै भने 'हेर म त गुरूको पेटबाट जन्मिएकाले तिम्रो भाइसरह भैसकें । त्यसकारण हामी दिदी र भाइविच विवाह हुनै सक्दैन । तिमी जिद्दी नगर' भन्दै गुरूलाई प्रणाम गरी कच स्वर्गतर्फ लागे ।

दैत्यराज वृषपर्वाकी छोरी शर्मिष्ठा र शुक्राचार्यकी छोरी देवयानी उस्तै उमेरका थिए र दुवै बाल सखा थिए । उनीहरू सँगै खेल्ने र सँगै डुल्ने गर्दथे ।

एकदिनको कुरा हो, दुवैजना नुहाउन एउटा तलाउमा गए । उनीहरू नुहाउँदै थिए अकस्मात् हुरी चल्न थाल्यो ।हतारमा तलाउबाट निस्केर लुगा लगाउन खोज्दा झुक्किएर शर्मिष्ठाले देवयानीको सारी लगाइछन् । त्यो देखेर देवयानीले आफ्नी संगिनीलाई दुर्वचन गर्दै भनिन्– 'तलाई थाहा छैन ? ब्राह्मण गुरूपुत्रीको सारी लगाउन हुँदैन भनेर ?' देवयानीलाई ब्राह्मण पुत्री हुँ भन्ने ठूलो घमण्ड थियो । हुन त त्यतिबेला देवयानीले ठट्टामा भनेकी थिइन् ।

तर यो कुरा शर्मिष्ठालाई धेरै नै नराम्रो लाग्यो साथै गुरूपुत्रीले हेपेको ठानिन् । उनले सहन सकिनन् र देवयानीलाई तथानाम भन्न लागिन्– 'तेरो बाउ कसरी ठूलो ? सधैं मेरो पिताजीको अगाडि हात नपसारी खान पाउँदैन । त्यसैले तेरो वावु पनि भिखारी हो र तँ पनि भिखारी होस्' भनिदिइन् । फेरि 'म त राजाकी छोरी हूँ, तँ एक गरीब ब्राह्मणकी छोरी, तैंले मलाई सिकाउने ? यो सुहाउने कुरा होइन' भन्दै शर्मिष्ठाले ठूलो ठूलो स्वरले फलाक्न थालिन् । यस्तो हुँदाहुँदै एक आपसमा घचेटा घचेट पनि भयो । शर्मिष्ठाले घचेट्दा नजिकैको सुख्खा इनारमा देवयानी खसिन् । साथीलाई त्यहीँ छोडेर शर्मिष्ठा दरबारतिर लागिन् ।

यता इनार गहिरो भएकाले देवयानी बहिर निस्कन सकिनन् । इनारभित्रै बसेर सहायताका लागि चिच्याइरहिन् तर कसैले सुनेन । रूँदै विलाप गर्दै त्यहीँ बसिरहेकी थिइन् । संयोगवश भरत वंशका प्रतापी राजा ययाति शिकार खेल्दै त्यहीँ आइपुगे । तिर्खा लागेकाले इनारमा पानी छ कि ? भनेर हेर्दा त्यहाँ त एक परम सुन्दरी कन्यालाई देखेर राजा चकित परे । तिमी को हौ ? कसरी यो इनारमा खस्यौ ? भन्दै राजाले आफ्नो दाहिने हात उनको अगाडि बढाएर देवयानीलाई इनारबाट बाहिर निकाले । तरूनी देवयानीको मनमा सुन्दर राजालाई देखेर उनीसँगै विवाह गर्ने मनमनै सङ्कल्प गरिन् र लाज मान्दै विवाहको लागि आग्रह गरिन् । राजा ययाति त्यहाँबाट दरवार हिँडे । पछि देवयानी ज्यादै खिन्न भएर घरै गइनन् । शर्मिष्ठाले आफूलाई हेलाँ गरेको र धेरै दुःख दिएको सम्झेर देवयानीको हृदयमा पनि बदलाको भावना उठ्यो र जसरी भएपनि उनलाई दण्ड नदिई नछाड्ने विचारले उनको मनमा जरो गाड्यो ।

यता शुक्राचार्य छोरी घरमा नआउँदा ज्यादै विचलित भए । शुक्राचार्यले एक सेविकालाई 'देवयानी कहाँ छन् ?' भनी पत्ता लगाउन पठाए । बाटोमा बसेकी देवयानीले सेविकालाई अब उप्रान्त वृषपर्वा राजाको राज्यमा नै नबस्ने भनेर खवर पठाइन् । त्यो सुनेर शुक्राचार्य खिन्न हुँदै दौडेर देवयानी भए ठाउँमा पुगे । उनले अनेक तरहले सम्झाउँदै गर्दा पनि देवयानीले मानिनन् । किनभने राजकी छोरी शर्मिष्ठाले भिखारी भनेकोले उनलाई साह्रै चित्त दुखेको थियो । शुक्राचार्यले धेरै प्रकारले सम्झाएपछि बल्लतल्ल देवयानी आफ्ना पिताजीसँग निवासमा फर्किइन् । क्रमशः

प्रस्तुतिः केदारनाथ खनाल,
भीमसेनथापा– ३, तान्द्राङ, गोरखा

# सम्पादकीय

**स्वस्थानीको महिमा**

नेपाली समाजमा, सनातन धर्मावलम्बीहरूले परापूर्व कालदेखि नै पौष शुक्ल पूर्णिमादेखि माघ शुक्ल पूर्णिमासम्म एक महिना घरघरमा श्रीस्वस्थानी व्रतकथा सुन्ने र सुनाउने चलन छ । सत्य युगमा हिमालय पर्वतकी सुपुत्री पार्वतीले श्रीमहादेव स्वामी पाऊँ भनी श्रीस्वस्थानी व्रत बसेको र व्रतको प्रभावले महादेव स्वामी पाएको पौराणिक मान्यताको आधारमा आफ्नो मनोकाङ्क्षा पूरा हुने धार्मिक आस्थाले महिना दिन लामो कठिन व्रत समेत लिने गरेको पाइन्छ । महिला पुरुष दुवै बर्गले यो व्रत लिइने चलनभए पनि महिलाको तुलनामा व्रतालु पुरुष कमै हुने गर्दछन् ।

स्वस्थानीमा विद्यावारिधि गरेकी अमेरिकी विदुषी जेसिका वान्थाईनले स्वस्थानी व्रतकथालाई दक्षिण एशियाकै सबैभन्दा उत्कृष्ठ व्रतकथा भनी उल्लेख गरेकी छन् । अनुसन्धानमा उत्कृष्ट कथा भनिए पनि स्वस्थानी व्रतकथाका विषयमा हिजो आज धेरै नकारात्मक टिका टिप्पणी हुने गरेको पाइन्छ । कथामा उल्लेख गरिएका प्रसङ्गहरूलाई लिएर नारी शक्तिलाई अवमूल्यन गऱ्यो भन्ने आरोप पनि लगाइएको पाइन्छ । तर, स्वस्थानीको मूल देवी नै शक्तिस्वरूपा नारी हुन् । यति हुँदा हुँदै पनि स्वस्थानीमा वर्णन गरिएका केही कथाहरूले प्रतिकात्मक अर्थ बोकेका भने पक्कै हुन् । बृन्दाले पति वियोग सहनु परेको प्रसंग कोट्याउँदा उनीमाथि अन्याय भएको देखिन्छ । तर वास्तविकता अलि फरक छ, उनी र उनका आसक्तिले उनीहरुमा त्यो बज्रपात भएको दृष्टान्त देखाउँदै आसक्तिका कारण जीउधनको अपूरणीय क्षति हुनसक्नेतर्फ सचेत गराउन जालन्धर सतीको कथा प्रसंग जोडिएको हुनसक्छ ।

वास्तममा स्वस्थानीका धेरै प्रसंगले हामीलाई स्वधर्मलाई संरक्षण गर्न समेत अभिप्रेरित गरेको छ । स्वधर्ममा विचलन आइरहेको वर्तमान परिवेशमा स्वस्थानी कथाको मर्मलाई आत्मसाथ गर्नु अपरिहार्य भएको छ । हामीले डर, त्रास, या प्रलोभनमा परेर आफ्नो धर्म संस्कृतिलाई त्याग्नु हुँदैन । जसरी गीतामा 'स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः' भनिएको छ, यसैगरी समग्र स्वस्थानी व्रतकथाले हामीलाई आफ्नो धर्म, संस्कृतिमा अविचलित भएर रहने सन्देश दिएको छ । अस्तु,

# यसभित्र


अविच्छिन्न

संक्षिप्त महाभारत केदारनाथ खनाल २

सम्पादकीय ३

कविता

श्रीकृष्णमा... अनन्तकुमार बस्नेत ४

गीताज्ञान

ज्ञान ....... आचार्य खेमराज 'केशवशरण' ५

आध्यात्मिक वार्ता

सन्ध्या, संगीत र.... श्रीमहेन्द्रनाथ गुप्त श्री'म' ७

समसामयिक

धर्म संस्कृति..... प्रा.डा. देवमणि भट्टराई ९

बौद्ध दर्शन

भगवान् बुद्धका..... कपील बज्जारा ११

अन्तरवार्ता

सम्पूर्ण पात्रोहरूमा.... आचार्य लक्ष्मण पन्थी १७

समयसन्दर्भ

विद्याकी अधिष्ठात्री.. ऐन्दवी शर्मा २१

कविता

माता सरस्वती भुवनराज सुवेदी 'शास्त्री' १७

संस्कार

वैदिक सनातनीहरूको.. सहप्रा.डा. बिनुवावा अर्याल २५

परम्परा

चाँगुनारायण..... मोहनप्रसाद आचार्य २९

गतिविधि ३४

# श्रीकृष्णमा नमोनमः

अनन्तकुमार बस्नेत

हे कान्हा कृष्णकाला धवलित मनका राधिकाका पियारा
तिम्रो त्यो रूप हेर्दा अविरल गतिमा बग्छन् अश्रुधारा ।
धर्तीमा पाप बढ्दा मृदु जनमनको गर्न उद्धार आयौ
आफ्नै मामा भनेनौ वरपर सबका थर्र खुट्टा कमायौ ॥१॥

तिम्रो आलोक हेरी असुर मनहरू त्रासले भाग्न थाले
हज्जारौँ सन्त नारी परम पुरूषका पाउमा छाँद हाले ।
गाईका साथ प्राणी भय रहित बनी डुल्न लागे धरामा
छुट्टै आनन्द छायो सुभग नगरमा गाउँमा कन्दरामा ॥२॥

पापीको राज बढ्दा पृथुल अवनिमा धर्म रक्षार्थ आयौ
कालिन्दीको किनारा व्रज वरपरका गाउँमा नित्य छायौ ।
लीला लाखौँ रचाई युवक र युवतीमा भरोसा दिलायौ
यौटा आनन्ददायी मधुमय गुणको ग्रन्थ गीता पिलायौ ॥३॥

गीता हो सिन्धु जस्तै अतिशय गहिरो ज्ञान खोजेर डुब्छन्
गीताका मन्त्र पढ्दा मनुज सकलका चेतना द्वार खुल्छन् ।
यो हाम्रो जिन्दगानी जटिल समर हो हुन्छ भित्री लडाइ
गीता विज्ञान बुझ्दा घन तमस हरी दिन्छ वत्ती जलाई ॥४॥

यो बेला यो धरामा सकस छ गहिरो धार्मिकी भाव छैन
हत्या हिंसा छ घाती मृदुल मुलुकमा छैन आत्मीय चैन ।
विन्ती यो गर्छु धाता अलमल नगरी झट्ट फर्केर आऊ
आई वेणु बजाई हिमगिरितलमा धर्म रक्षा गराऊ ॥५॥❖

-सानोठिमी, भक्तपुर

(छन्दःस्रग्धरा)

## गीता चौथो अध्यायः

# ज्ञान कर्मसंन्यासयोग



-आचार्य खेमराज केशवशरण

भगवान्‌ले तृतीय अध्यायमा कर्मयोगको प्रतिपादन गर्नुभयो । अब कर्मयोगको परम्परागत क्रम बताएर यसभित्रका विशेष कुराहरू सम्झाउन चतुर्थ अध्यायको शुभारम्भ हुन्छ । यसमा भगवान्‌को अवतारका सम्बन्धमा सम्झनुपर्ने विशेष कुराहरूका साथै कतिपय ज्ञान पक्षीय कुराहरू पनि बताइने हुनाले यस अध्यायको नाम 'ज्ञान कर्मसंन्यास योग' भन्ने राखिएको छ ।

यस अध्यायमा जम्मा ४२ श्लोक छन् जो चार प्रकरणमा विभाजित छन् । पहिलो प्रकरण १८ श्लोकको छ । जसमा योगको परम्परा र भगवान्‌को अवतारका साथै उहाँका जन्म र कर्मको दिव्यताको बारेमा बताएर निष्काम भावले कर्म गर्ने प्रेरणा दिइएको छ । दोस्रो प्रकरण पाँच श्लोकको छ जसमा यज्ञ भावनाले कर्म गर्न प्रेरणा दिँदै त्यसरी कर्म गर्नेहरूका कर्म बन्धनरहित हुने कुरा सम्झाइएको छ ।

तेस्रो प्रकरण नौ श्लोकको छ । जसमा कर्मयोगको पूर्ण ज्ञान प्राप्त गर्न सम्झनुपर्ने विभिन्न यज्ञहरूको बारेमा बताइएको छ । यज्ञको विविधता दर्शाएर तिनमा निष्कामभाव स्वीकार्य छ भन्ने कुरा सम्झाउँदै यस प्रकरणमा यज्ञ सम्पादन गर्ने विभिन्न प्रक्रियाहरूका बारेमा बताइएको छ ।

चौथो प्रकरण चाहिँ १० श्लोकको छ, जसमा ज्ञानको महत्तामाथि विशेष प्रकाश पारिएको छ । सम्पूर्ण यज्ञहरूमा ज्ञान यज्ञ सर्वश्रेष्ठ भन्ने सम्झाइएको छ । निष्काम कर्मयोगको मार्गमा अघि बढ्दै गएपछि एक दिन त्यसैबाट ज्ञानको स्थितिमा पुगिने कुरा भगवान्‌ले यसमा बताउनुभएको छ । साथै श्रद्धावान तत्पर र इन्द्रिय निग्रहीलाई मात्र ज्ञान प्राप्त हुने कुरा बताउँदै ज्ञान प्राप्त भएपछि शीघ्र नै परम शान्ति प्राप्त हुने तथ्य भगवान्‌ले यहाँ सम्झाउनु भएको छ ।

श्रीभगवानुवाच–
इमं विवस्वते योगं प्रोक्तवानहमव्ययम्।
विवस्वान्मनवे प्राह मनुरिक्ष्वाकवेऽब्रवीत् ।1।

**अन्वयः** इमम् अव्ययं योगं अहं विवस्वते प्रोक्तवान् विवस्नान् मनवे प्राह मनः इक्ष्वाकवे अब्रवीत् ।

**सरलार्थः** मैले कहिल्यै नाश नहुने यो सम्बन्धी विज्ञान पहिले विवस्वान्‌ले मनु (वैवस्वान)लाई बताए अनि वैवस्वान मनुले इक्ष्याकुलाई बताए ।

**भावविशारदाः** यहाँ भगवान्‌ले एउटा रहस्यमय सन्देश दिनुभएको छ; त्यो के भने योग केवल गृहत्यागी संन्यासी र वनबासीले गर्ने साधना होइन, यो त मूल रूपमा गृहस्थ जीवनको साधना हो । यहाँ योगको जुन परम्परा भगवान्‌ले बताउनुभयो त्यो विशुद्ध गृहस्थ परम्परा हो । विवस्वान मनु इक्ष्याकु यी सधैं गृहस्थाश्रमको मर्यादामा रहेका राजर्षिका रूपमा प्रतिष्ठित थिए । यी राजर्षिहरूलाई प्रजावर्गको पालनामा सबैभन्दा बढी जुन जीवन विज्ञानको आवश्यकता थियो, त्यसैलाई योग विज्ञानका रूपमा भगवान्‌ले प्रदान गर्नुभयो । प्रजा वर्गलाई आफ्नो आध्यात्मिक समुत्थानप्रति उदासीन बन्न नदिई भौतिक सम्बन्ध सम्पन्नतालाई साधनाको कोटीमा राखेर आध्यात्मिक ज्ञानप्रति अभिप्रेरित गर्दै सुव्यवस्थित शान्तिमय राज्य सञ्चालन गर्नका निमित्त यो आधारभूत कुरा थियो । यसैका आधारमा मानव जातिले आफ्नो जीवनका विशेषताहरूको मूल्याङ्कन गर्दै ममतारहित निष्काम भावले विश्वपिता भगवान् श्री हरिमा आफ्नो विनम्र सेवा अर्पण गरेर जीवन सफल र सार्थक बनाउने सप्रेरणा प्राप्त गर्ने भावनात्मक आधार यसबाट निर्मित हुनु सम्भव थियो । त्यसैले भगवान्‌ले यहाँ यसलाई व्यक्त गर्नुभएको छ ।

गीतोक्त योगलाई सम्झिने भगवान्‌का सबैभन्दा पहिला शिष्य विश्वान् भए र यो क्रम राजर्षिहरूको विद्याको रूपमा प्रतिष्ठित बन्दै लामो समयसम्म आदर्श क्षत्रियहरूको विशिष्ट विद्याको विषय रह्‍यो । जसबाट भौतिक तथा आध्यात्मिक विकासको सन्तुलित रूप कायम रहन गई विश्वमा आर्यवर्तको गुरूतापूर्ण छवि निर्मित भयो ।

एउटा अर्को सुन्दर भाव पनि यस श्लोकले

दिन्छ । अर्जुनले पहिले भनेका थिए मलाई त प्रवृत्तिको बाटोमा लागेर कर्म गर्नभन्दा निवृत्तिको पथिक बनेर संन्यासी भई भिक्षा मागेर खान ठिक लागेको छ, यही भनेर उनले आफूलाई युद्धबाट अलग राख्न चाहेका थिए । यो राजर्षिहरूको परम्परा बताएर भगवान्ले अर्जुनलाई सम्झाउनु भएको छ– 'अर्जुन ! तिमी पनि त प्रतिष्ठित राजघरानाका हौ, कर्मयोगको विशेष विद्या तिमी जस्ताका लागि सहज हुन्छ भनेर साधकले अन्तमा जुन पौरस्थ्य प्राप्त गर्दछ, निष्काम भाव राखेर शुद्ध हृदयले कर्म गर्ने कर्मयोगीले अन्तिममा त्यही परमात्मा प्राप्तिको शुभ फल प्राप्त गर्दछ । त्यसैले तिमी विचलित नभई कर्मयोगकै बाटोमा रहू ।'

एवं परम्पराप्राप्तमिमं राजर्षयो विदुः ।
स कालेनेह महता योगो नष्टः परन्तप ।२।

**अन्वयः** परन्तपः एवं परम्पाप्रप्तम् इमं राजर्षयः विदुः सः योगः महता कालेन इह नष्टः ।

**सरलार्थः** हे परन्तप ! यसरी परम्पराबाट प्राप्त हुँदैआएको यस योगलाई राजसीहरूले जानेका थिए । लामो समयको अन्तरालले गर्दा अहिले यस मनुष्य लोकमा नष्ट हुन पुग्यो ।

**भावविशारदाः** यहाँ भगवान्ले योगो नष्टः भनेर एउटा विशेष कुरा भन्नुभएको छ । कर्मप्रकृति त चलिरहेकै छ । कर्म विज्ञानको आधार योग चाहिँ लुप्त प्रायः भयो । प्राचीन राजर्षीहरूको राज्य सञ्चालन गर्ने एउटा विशिष्ट पद्धति थियो, जसको फलस्वरूप उनीहरू राजाबाट राजसी बन्न पुग्दथे । वैदिक संस्कृतिमा राजाको छवि कस्तो थियो भन्ने बुझ्न अथर्ववेदको निर्देशतिर दृष्टि दिनु उपयुक्त हुन्छ । त्यहाँ भनिएको छ– ब्रह्मैर्ण तमसा राजा राष्ट्रम् विरक्षित । (अथर्ववेद श्लोक ११/५/१७) अर्थात् राजा संयमपूर्वक ब्रह्मचर्यको पालन र तपस्या गर्दै सबल बनेर राष्ट्रको रक्षा गर्दछन् । छान्दोग्योउपनिषद्मा राजर्षी अश्वपतिको राज्य व्यवस्थाको सुन्दर झलक पाइन्छ । जसमा राजा स्वयं घोषणा गर्दछन्– मेरो राज्यमा चोरी गर्ने कोही छैन । कन्जुस कोही छैनन्, मादक पदार्थ सेवन गर्ने कोही छैनन्, व्यभिचारी पुरुष कोही नभएपछि व्यभिचारिणी स्त्रीहरू कहाँबाट होउन् ?

राज्यको यस्तो दिव्य व्यवस्था जसले सम्भव भएको थियो, त्यो योग विज्ञान नै थियो । प्रजाहरूको सुखदुःख नै आफ्नो सुखदुःख मानेर राष्ट्र जीवनप्रति समरस बनेका असंख्य राजर्षीहरूको गाथा रामायण महाभारत लगायत प्राचीन संस्कृत वाङमयमा पढ्न पाइन्छ । परन्तु त्यो अध्यात्ममूलक लोकरक्षण पद्धति प्रवृत्तिबाट निवृत्तिको फल प्राप्त गर्न सकिने त्यो पवित्र योग विज्ञान लामो कालको प्रवाहमा परेर अहिले लुप्त प्रायः हुन पुगेको कुरा भगवान्ले यहाँ संकेत गर्नुभएको छ ।

वस्तुतः कल्पको आदिको कुरा छोडेर चलिरहेको सातौं वैवस्वत मनमन्तरकै मात्र समय लिने हो भने पनि १७,२८००० वर्ष पूरा हुन चतुरर्योणी (सत्य त्रेता द्वापर कलकी हरू अहिले २७ पटक घुमेर २८औं पटक घुमिरहेका छन् । एक चतुर योगीको समयलाई २८ ले गुणा गर्ने र त्यसमा बितेका सत्य त्रेता र द्वापरका वर्षहरू अनि कलिका भुक्त वर्ष ५०९९ समेत थप्दा ४७ करोड ९५ लाख ७ हजार ९९ वर्ष हुन आउँछ । त्यसैले भगवान्ले विवस्वानलाई भोग बताएको कति पहिलेको कुरा रहेछ सजिलै सोच्न सकिन्छ । त्यसैले भगवान्ले यहाँ स काले नेह महता योग हो नष्ट परन्तय भनेर भगवान्ले यहाँ भन्नुभएको कुरा हृदयङ्गम गर्न सकिन्छ ।

मनुष्य जीवनको सम्पूर्ण गरिमा निस्वार्थ मनले लोक कल्याणप्रति संलग्न रहनुमा नै रहन्छ । समयको लामो प्रवाहमा जीवनको लक्ष्यप्रति सजग रहन नसक्दा मनुष्यमा दिनानुदिन स्वार्थी प्रवृत्ति थपिँदै गएकोले अहिले योग मुद्रा प्रायः निष्क्रिय हुन पुगेको हो भन्ने सम्झनु यहाँ उपयुक्त हुन्छ । भगवत भक्ति र लोककल्याण यी दुई कुरा योगमा नित्य सहभागी हुन्छन् योगको रहस्य नै नरहँदा यी पनि क्षिण हुँदै जान्छन् भगवान्को पवित्र संकेत यतैतिर केन्द्रित छ । क्रमशः

(आचार्य खेमराज केशवशरण वि.सं. २०७४ साउन १८ गते स्वर्गारोहण हुनभएको हो । गौरी मासिकले प्रकाशन आरम्भसँगै उहाँका लेखरचनालाई प्राथमिकताका साथ प्रकाशन गर्दै आएको थियो । साधनाका पाइला स्तम्भ झण्डै एक दशक निरन्तर प्रकाशन गरियो भने त्यसपछि साढे दुई वर्ष दैवी सम्पदा प्रकाशन गरियो । आम पाठकहरूको माग एवम् रूचीलाई मध्यनजर गरी पछिल्ला समयमा उहाँले लेख्नुभएको र उहाँकै पारिवारिक श्रोतबाट प्राप्त भएको गीताको भावार्थचन्द्रिका हामीले गौरीका प्रकाशनमा निरन्तर प्रकाशित गर्दै आइरहेका छौं ।)

# वेदान्त विचार; मायावाद र श्रीरामकृष्ण

-श्री महेन्द्रनाथ गुप्त श्री 'म'

**सन्ध्या-सङ्गीत र ईशानसँग संवाद**

साँझ पर्दै छ । श्रीरामकृष्ण टहलिरहनुभएको छ । मणिलाई एक्लै बसेर केही विचार गरिरहेको देखेर एकाएक श्रीरामकृष्णले उनलाई स्नेहयुक्त स्वरमा भन्नुभयो, "मर्किन कपडाको एक-दुईटा कुर्ता ल्याइदिनू, सबले दिएको कुर्ता म लाउन पनि सक्तिनँ, कप्तानलाई भनुँला भन्ने ठानेको थिएँ तर अब तिमीले नै ल्याइदिनू ।" मणि उठे, भने, "हवस् जो आज्ञा ।"

साँझ भएको छ । श्रीरामकृष्णको कोठामा धुप दिइयो । देवी-देवताहरूलाई प्रणाम गरेर बीजमन्त्र जप्दै, नामकीर्तन गर्न लाग्नुभएको छ । घरबाहिर विचित्र शोभा छ । आज कात्तिक शुक्ला सप्तमी हो ।

चन्द्रमाका निर्मल किरणमा एकातर्फ श्रीठाकुर मन्दिर हाँसिरहेको जस्तो छ भने अर्कोतर्फ भागीरथीमा सुतिरहेको शिशु हृदयसरि कम्पन भइरहेछ । पूरा ज्वारभाटा भएको छ । आरतीको आवाज गङ्गाको स्निग्ध र उज्ज्वल प्रवाहबाट उठिरहेको कलकल ध्वनिसँग मिसिई टाढा-टाढा गएर विलिन भइरहेको थियो । श्रीठाकुर मन्दिरमा एकै चोटि तीन-तीन ओटा मन्दिरहरूमा आरती भइरहेको छ, कालीमन्दिरमा, विष्णु मन्दिरमा र शिव मन्दिरमा । बाह्र ओटा शिव मन्दिरहरूमा एक-एक गरी आरती हुन्छ ।

पुरोहित एउटा शिव मन्दिरबाट अर्कोमा जान्छन्, बायाँ हातमा घण्टा, दाहिनेमा पाँच प्रदीप, साथमा झ्याली बजाउँदै रहेको एकजना परिचारक छन् । आरती भइरहेको, त्यसको साथसाथै श्रीठाकुर मन्दिरको दक्षिण-पश्चिम कुनाबाट सनाईको मीठो ध्वनि सुनिइरहेको छ, त्यही नहबत घर छ, त्यहीँ सन्ध्या रागिनी बजिरहेछ । आनन्दमयीको नित्य उत्सवबाट मानौँ जीवलाई शिक्षा मिलेको छ, कोही निरानन्द नहुनु, एहिक भावहरूमा सुख र दुःख त छँदै छन् । जगदम्बा पनि त हुनुहुन्छ, फेरि केको चिन्ता, आनन्द गर । दासीको छोरोलाई राम्रो भोजन र राम्रो लुगा मिल्दैन । न त उसको घरद्वार नै ठीक हुन्छ तैपनि उसको हृदयमा यो भरोसा रहन्छ कि आमा छे । एक मात्र आमाको काख उसको अवलम्बन हुन्छ । उनी मानेकी आमा होइनन्, खास आफ्नै आमा हुन् । म को हूँ, कहाँबाट आएँ, कहाँ जाउँला, सबै कुरा आमा जान्नुहुन्छ, यति कसले सोचिरहन्छ ? जान्न पनि चाहन्नँ । यदि बुझ्ने जरुरत भयो भने उहाँ आफैँले बुझाइदिनुहुनेछ ।

बाहिर कौमुदीको उज्ज्वलतामा संसार हाँसिरहेछ र भित्र कोठामा भगवत्-प्रेमाभिलिप्त श्रीरामकृष्ण बस्नुभएको छ । कलकत्ताबाट ईशान आएका छन् । फेरि ईश्वरी प्रसङ्ग चलिरहेछ । ईशानलाई ईश्वरमा ठूलो विश्वास छ । उनी भन्छन्, "जो घरबाट निस्किँदा फेरि एकचोटि मात्र पनि दुर्गा नाम स्मरण गर्छन्, शूल हातमा लिएका शूलपाणि उनी सँगसँगै जानुहुन्छ । त्यसैले आपत्मा केको डर ? शिव स्वयम् उनको रक्षा गर्नुहुन्छ ।"

श्रीरामकृष्ण- तिमीलाई ठूलो विश्वास छ भन्या, हामीलाई त यति विधि छैन । (सबै हाँस्छन्)

श्रीरामकृष्ण- विश्वासबाटै उहाँ भेटिनुहुन्छ ।

ईशान- हो, हजुर ।

श्रीरामकृष्ण- तिमी जप सन्ध्या उपवास पुरश्चरण यी सब कर्म गरिरहेका छौ । यो राम्रो हो ।

जसको ईश्वरसँग अन्तरदेखि नै लगन रहन्छ, ऊबाट उहाँले सबै काम गराउनुहुन्छ । फलको कामना नगरी यी सबै कर्म गर्नाले मानिसले उहाँलाई अवश्य पाउँछ ।

"शास्त्रमा धेरै प्रकारका कर्महरू गर्न भनेको छ, यसैले म गरिरहेछु, यस प्रकारको भक्तिलाई वैधी भक्ति भनिन्छ । एउटा अर्को छ, रागभक्ति । त्यो अनुराग भएमा हुन्छ, ईश्वरमाथि प्रीति आएपछि हुन्छ, जस्तै प्रह्लादलाई भएको थियो । त्यो भक्ति आएपछि फेरि कहिल्यै कर्महरू गर्ने आवश्यकता हुँदैन ।"

**सेवक (मणि)को विचार**

साँझ पर्नुअगाडि मणि (मास्टर) यताउति डुल्दै छन् र विचार गर्दै छन् । 'रामकी इच्छा' यो त निकै राम्रो कुरा हो । यसबाट त अदृष्ट (Predestination), स्वाधीन इच्छा (Free Will), स्वतन्त्रता (Liberty), आवश्यकता (Necessity) आदि सबका झगडा भेटिन्छन् । मलाई

डाँकुहरूले पक्रिए, यसमा पनि 'रामकी इच्छा', मँ डाकुगिरी गर्छु, यसमा पनि 'रामकै इच्छा' । अनि म तमाखु खान्छु, यसमा पनि 'रामकै इच्छा', मलाई पुलिसले पक्रियो, यसमा पनि 'रामकै इच्छा', म साधु भएँ, यसमा पनि 'रामकै इच्छा' । म प्रार्थना गर्छु कि हे प्रभु ! मलाई असत् बुद्धि नदिनुहोस्, मबाट डकैती नगराउनुहोस्, यो पनि रामकै इच्छा हो । सत् इच्छा र असत् इच्छा उहाँले नै दिनु हुन्छ । तर पनि एउटा कुरा छ- असद् इच्छा उहाँले किन दिनुहुन्थ्यो ? डाँका गर्ने बुद्धि उहाँले किन दिनुहुन्थ्यो ? यसको जवाफमा श्रीरामकृष्णदेवले भन्नुभयो, "उहाँले जानवरहरूमा जसरी बाघ, सिंह, सर्प उत्पन्न गर्नुभएको छ, जसरी रूख वृक्षहरूमा विशालु रूखपनि छन् । त्यसैप्रकार मानिसहरूमा चोर, डाँकु, हत्यारा पनि बनाउनुभएको छ । किन उहाँले यस्तो गर्नुभएको हो ? यसलाई कसले उत्तर भन्न सक्छ ? ईश्वरलाई कसले बुझ्न सक्छ ?" तर यदि उहाँले नै सबै कुरा गर्नुभएको भने त उत्तरदायित्वको भाग नष्ट (absense of Responsibility) हुन जान्छ तर त्यस्तो किन होला ? जबसम्म ईश्वरलाई जानेको होइन, उहाँको दर्शन भएको छैन, त्यतिखेरसम्म रामको इच्छा यस कुराको सोह्रै आना बोध हुँदैन । उहाँलाई प्राप्त नगर्दामा एक चोटि यो कुरा बुझे पनि पछि भुलिनेछ । जबसम्म पूर्ण विश्वास हुँदैन, तबसम्म पाप-पुण्यको बोध, उत्तरदायित्वको बोध रहन्छ नै ।

श्रीरामकृष्णदेवले बुझाउनुभयो 'रामको इच्छा' । तोता सरी 'रामकी इच्छा' मुखले भनेर काम चल्दैन । जबसम्म ईश्वरलाई जानिँदैन, उहाँको इच्छासँग हाम्रो इच्छाको ऐक्यता हुन्न । जबसम्म 'म यन्त्र हुँ', यस्तो बोध हुँदैन, तबसम्म उहाँले पाप-पुण्यको ज्ञान, सुख-दुःखका ज्ञान, पवित्र-अपवित्रको ज्ञान, असल-खराबको ज्ञान नष्ट हुन दिनुहुन्न, उत्तरदायित्वको ज्ञान नष्ट हुन दिनुहुन्न, यसो भएन भने उहाँको मायामय संसार कसरी चल्ला ?

"श्रीरामकृष्णदेवको भक्तिको कुरा जति सोच्छु, उत्ति अवाक् हुन जान्छु । जब उहाँले सुन्नुभयो, केशव सेन हरिनाम लिन्छन्, ईश्वरको चिन्तन गर्छन् त उहाँ तुरुन्तै उनलाई भेट्न भनेर जानुभयो र केशव तुरुन्त उहाँको आत्मीय पनि भए । त्यसबखत उहाँले कप्तानको कुरा सुन्नुभएन । केशव बेलायत गएका हुन्, उनले अङ्ग्रेजसाहेबहरू सँगै बसेर खाएका छन्, आफ्नी छोरी अर्कै जातको पुरुषसँग विवाहबारी गरिदिएका छन्, कप्तानका यी सबै कुराहरू गायब भए ।"

"भक्तिको सूत्रमा साकारवादी र निराकारवादी एक हुन जान्छन्, हिन्दू, मुसलमान, इसाई सब एउटै हुन जान्छन्, चारै वर्णहरू एउटै हुन्छन् । भक्तिको नै जय हुन्छ । धन्य श्रीरामकृष्ण ! तिमीले नै सनातन धर्मको यस विश्वजनिन भावलाई फेरि मूर्तिमान् गरिदियौ । यसैले बुझेको छु, तिम्रो यतिविधि आकर्षण छ । सबै धर्मावलम्बीहरूलाई तिमी आफ्नो परम आत्मीय ठानेर आलिङ्गन गर्छौ । यो तिम्रै भक्ति हो । तिमी केवल हेर्छौ, भित्र ईश्वरभक्ति र प्रेम छ कि छैन ? यदि छ भने त्यो व्यक्ति तिम्रो परम आत्मीय हो, भक्तिमान यदि छ भने त्यो आफ्नै आत्मीयजन हो । मुसलमानलाई पनि यदि आफ्नो 'अल्लाह'उपर प्रेम छ भने त्यो पनि तिम्रो आफ्नो मान्छे हुन्छ । इसाईलाई यदि इसामाथि भक्ति छ भने ऊ पनि तिम्रो परम आत्मीय हुनेछ । तिमी भन्छौ, सबै नदीहरू भिन्न-भिन्न दिशाहरूबाट बगेर आई समुद्रमा खस्छन् । सबैको गन्तव्य स्थान एउटै समुद्र नै हो ।"

"सुनेको हो, यो जगत् ब्रह्माण्ड महाचिदाकाशबाट आविर्भूत हुन्छ, फेरि केही समयपछि त्यसैमा लय हुन जान्छ, महासमुद्रमा लहर उठ्छ, फेरि केही समय लिएर विलय हुन जान्छ । आनन्द समुद्रका जलमा अनन्त लीला तरङ्गहरू छन् । यी लीलाहरूको आरम्भ कहाँ छ ? अन्त कहाँ छ ? सो मुखले भन्न सकिँदैन । मनुष्यको के शक्ति छ ? उसको बुद्धिकै के शक्ति छ ? सुनिन्छ, महापुरुष समाधिस्थ भएर उनै नित्य परम पुरुषको दर्शन गर्छन्, नित्य लीलामय हरिको साक्षात्कार गर्छन् । अवश्य नै गर्दा हुन् किनकि श्रीरामकृष्णदेव यस्तै भन्नुहुन्छ । तर चर्मचक्षुहरूद्वारा होइन, लाग्छ, जसलाई दिव्यचक्षुहरू भनिन्छ, उसैद्वारा जुन नेत्रहरू पाएर अर्जुनले विश्वरूपको दर्शन गरेका थिए, जुन नेत्रहरूद्वारा ऋषिहरूले आत्मसाक्षात्कार गरेका थिए, जुन दिव्यचक्षुहरूले ईशाले आफ्नो ईश्वरीय पिताका बराबर दर्शन गर्थे । ती नेत्रहरू कसलाई प्राप्त हुन्छन् ? श्रीरामकृष्णदेवको मुखबाट सुनेको थिएँ, त्यो व्याकुलताद्वारा प्राप्त हुन्छन् । यस बेला त्यो व्याकुलता कुन प्रकारले हुन सक्ला ? के संसार त्याग गर्नुहोला ? यस्तो पनि त आज उहाँले भन्नुभएन ।" क्रमशः (परिच्छेद १०१ समाप्त)

भावानुवादः प्रा.डा. शङ्करराज पन्त, मैतीदेवी

श्रोतः श्रीरामकृष्ण परमहंशको दैनिकी

# धर्म संस्कृति संरक्षणमा धार्मिक पत्रकारहरुको योगदान



- प्रस्तोताः प्रा.डा. देवमणि भट्टराई

### १. विषय प्रवेश एवम् परिचय

हरेक राष्ट्रको आत्मा भनेको त्यस देशको धर्म, संस्कार र संस्कृति हो। राष्ट्रको पहिचान त्यस देशमा लामो परम्परादेखि चलिआएका धर्म संस्कृति नै वाहकको रूपमा रहेका हुन्छन्। धर्म भनेको स्वजीवनपद्धति सञ्चालनको स्वरूप हो भने धर्म निर्देशित नित्य निरन्तर रहिरहने परम्परा नै संस्कृति हो। नेपालको सन्दर्भमा यहाँको धर्म, संस्कार, संस्कृति एवम् सास्कृतिक कार्यक्रमहरू अनादिशास्त्र वेद र धर्मशास्त्रादि निर्देशित छन्।

धर्मशास्त्र भनेको वेदविहित धर्म हो र त्यो ऋषिमुनिप्रणीत भएकोले सुपरीक्षित छ। यो अनादि परम्परासँग हजारौं वर्षको सम्बन्धसहित जोडिएको छ। यसका अनुयायी अरबौं संख्यामा र विश्वका सबै देशमा धेरथोर संख्यामा पुगेका छन्। हाल नेपाली परम्पराका धर्म संस्कार संस्कृतिमा विश्वका अन्य धर्मीहरू पनि आकर्षित भएको देख्न पाइन्छ। किन कि यो सदा भव सनातन धर्म भएकाले सनातन धर्म, संस्कार, संस्कृति एवम् सांस्कृतिक कार्यक्रम अनन्त कालसम्म जीवित रहने कुरामा कुनै शङ्का छैन।

यसको अभ्यास सनातनका अनुयायी र यसको बारेमा टिभि रेडियोलगायतमा बताउने प्रवचनकर्ता कथा व्यास समाज एवम् पण्डितसमूह, पञ्चाङ्गकर्ताहरू, सिङ्गो पञ्चाङ्ग निर्णायक समिति तथा धार्मिक संघसंस्थाका साथै धर्म संस्कृतिका विषयहरूलाई भाषागतरूपमा जनजनमा पुऱ्याउने धार्मिक एवम् सांस्कृतिक पत्रकार समाजलगायतका पत्रकारका संघसंस्था हुन्। यी विषयहरूलाई पत्रकारिता क्षेत्रमा रहेर जनमानसमा पुऱ्याउन सक्रिय भनेको नै धार्मिक पत्रकार समूह हो। सत्यतथ्य जनजनमा पुऱ्याउने कार्य पत्रकार मित्रहरूले विज्ञसँग सोधेर लेखेर वा स्वयं रूपले निर्देशक धर्मशास्त्रादि शास्त्रहरू हेरेर समाजका प्रत्येक व्यक्तिसमक्ष पुऱ्याउने काम धार्मिक पत्रकारहरूले गरिरहनुभएको छ। त्यसको प्रभाव एवम् आवश्यकता तथा औचित्य प्रत्यक्ष समाचार वाचनका माध्यमबाट होस् वा लेखेर होस् पर्वको औचित्य पुष्टि गर्दै यो पर्व मनाउनु पर्ने नै रहेछ भन्ने अमीट छाप पत्रकारहरूले पुऱ्याउनु हुन्छ, पुऱ्याउनुभएकै छ। यस्तै धार्मिक पत्रकारहरूले विशेष जिम्मेवारी वहन गर्ने क्रममा तिथिमिति नक्षत्रजादिको ख्याल गर्नुपर्ने र शुद्ध समयको बोधक अर्थात् यो पर्व यस महिनाको यस पक्षको यस तिथिको प्रातः मध्याहनादि कालमा मनाउनुपर्ने रहेछ भनी समाजलाई बोध गराउनुपर्ने हुन्छ। यो धार्मिक पत्रकारिताको विशेष जिम्मेवारी अन्तर्गत पर्दछ।

### २. धार्मिक पत्रकारिता र नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिको सामीप्यको आवश्यकता

धार्मिक पत्रकारिता गर्नु सहज विषय पक्कै होइन। यस भित्रका चुनौती निकै छन्। ज्योतिषीय पक्ष, धर्मशास्त्रीयपक्ष, स्थानीय पर्वका पक्ष, राष्ट्रिय तथा अन्तर ाष्ट्रिय तिथिमिति तारिक र बारबाट पर्ने पर्वहरूको नीतिगत निर्णय गर्नका लागि र जनसमक्ष पुऱ्याउनका लागि निकै जानकारी राख्नुपर्ने हुन्छ। यी सबै पक्ष बुझेरमात्र पर्वका बारेमा लेख्नुपर्दछ बोल्नुपर्दछ। यो विषय नै चुनौतीपूर्ण हो। धार्मिक पत्रकारिता र नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिको सामीप्यताको आवश्यकता पर्दछ। यसको सजिलो पाटो भनेको समितिका सदस्यहरूसँग सम्पर्कमा रहने हो। नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका पनि आफ्नै विवशता तथा बाध्यताले कार्यकारीको नियुक्ति करिव ६ महिना ढिलो हुँदा इन्द्रजात्रा आदिका पर्वमा

असर पर्‍यो र निकै कठिनताका साथ साइत जुराउनु पर्ने स्थिति आइपर्‍यो ।

यसैगरी हालको नेपाल पञ्चाङ्ग निर्णायक विकास समिति अपूरो छ । यस समितिको स्वरूप २१ सदस्यीय त्यो हुन नसके १३ सदस्यीय हुन अत्यावश्यक छ । जसमा अध्यक्ष १, कार्यकारी निर्देशक १, मन्त्रालयको प्रतिनिधि १, ज्योतिषीय क्षेत्रबाट त्यसमा पनि विविधता सहित ४ जना, धर्मशास्त्रीय क्षेत्रबाट ४ जना र संस्कृति क्षेत्रबाट २ जना गरी १३ सदस्यीयसम्म हुनुपर्दछ, हुनै पर्दछ । त्यसमा हालको अपूर्ण समिति ७ सदस्यीय छ जसका कारण यदाकदा सही निर्णयमा पुग्न निकै दिन लाग्दछ र समयमा निर्णय दिन पनि सकिँदैन । जे भएपनि यस समितिको र धार्मिक पत्रकारहरूको अन्योन्याश्रित सम्बन्ध रहेकाले यी दुई संस्था वा यसमा संलग्न व्यक्तिहरूको सामीप्य नै सहज निकास र निर्णय प्राप्त स्थल हो । समितिलाई पनि आफ्ना कुरा जनसमक्ष पुर्‍याउने माध्यम भनेकै धार्मिक पत्रकारहरू नै हुन् । यी दुई बिच सामीप्यता रहिरहनुपर्दछ ।

## ३. धार्मिक तिथि खप्टिने, टुट्ने र त्यसले पार्ने अन्यौलता

पञ्चाङ्गको प्रमुख समस्या भनेको तिथि टुट्ने वा खप्टने हो । गणनाका आधारमा यस्तो हुने गर्दछ । कहिलेकाहीं मलमासका कारण चान्द्रमासका तिथिहरू पर वा वर भाग्दछन् । गतेका अनुसार यथास्थानमा रहँदा तिथि र गतेको भिन्नता आउने हुँदा गतवर्षमा गतेका आधारमा यस वर्षको निर्णय गर्न त अनुमान पनि गर्न सकिदैन । अतः यो समस्याको निराकरण गणितबाट मात्र हुने हुँदा हाम्रा जन्मोत्सवको तिथिकृत्य, श्राद्धादि कर्म, धेरै धेरै पर्वहरूको निर्णय तिथिका आधारमा हुने गर्दछन् । गतेका आधारमा गरिने कृत्यहरू कमै छन् । तिथि नै पर्वको शरीर र कारण भएकाले यसैलाई महत्त्व दिइने हुँदा तिथिको घटबड र मलमासका कारण वरपर पर्न जान्छन् । यस्तो अन्यौल हटाउन नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिबाट स्वीकृत प्राप्त पञ्चाङ्गको सहारा लिनु नै यथातथ्य निर्णय प्राप्त गर्नु हो र परेका अन्यौलहरूलाई निराकरण गर्ने सरल र उपयुक्त निर्णय हो ।

## ४. धार्मिक पत्रकारितामा तिथि, नक्षत्र, पक्ष र मासको ज्ञान हुन आवश्यक

धार्मिक पत्रकारिता गर्ने वा धर्मनिर्णय गर्ने एवम् उपदेश गर्ने व्यक्ति वा संस्थालाई वर्षको संवत्सर र त्यसको परिवर्तन हुने तिथि चैत्रशुक्ल प्रतिपदा र सौरमासको वर्ष परिवर्तन हुने दिन वैशाख १ गते हो भने यसभित्र पर्ने तिथि, नक्षत्र पक्ष र महिनाहरूको ज्ञान हुनुपर्दछ । यदि त्यस्तो गर्न सकिएन जान्न सकिएन भने महिनामा नै फरक पर्न जान्छ । जस्तै २०८२ पौष १९ गते सौरमास र चान्द्रमास अनुसार पौष महिना नै पर्दछ तर त्यसको भोलिपल्ट चान्द्रमासअनुसार माघकृष्ण प्रतिपदा हो भने सौरमासले पौष महिना नै हो । यस्तो अन्यौल चिर्न महिना एवम् तिथिमितिको ज्ञान अत्यावश्यक छ । यस्तै धार्मिक क्षेत्रमा प्रयोग हुने साइतको निर्धारण पनि तिथिमितिकै आधारमा गरिन्छन् ।

त्यसकारण यसभित्रका विषयहरूलाई गम्भीरतापूर्वक ग्रहण गर्नुपर्दछ । पञ्चाङ्ग पात्रो र शब्दको प्रयोग धार्मिक पत्रकारिता गर्ने व्यक्तिहरूलाई अत्यावश्यक पर्दछ र सधैंभरि साथै राख्नुपर्दछ । कतिखेर कुन शब्दको आवश्यकता पर्दछ र त्यो शब्द संस्कृतमा र नेपालीमा कसरी लेखिन्छ । संस्कृतमा दश शब्दबाट दशहरा लेखिन्छ र दशैं यस्तो लेखिन्छ । नेपालीकरण गर्दा दसैं लेख्ने परम्परा बनिसक्यो । यस्तै औशी कि औसी इत्यादि ।

समग्रमा पक्ष, मास, तिथि, नक्षत्रहरूको ज्ञानका साथै भाषिक शुद्धि पनि अत्यावश्यक छ । भाषिक शुद्धि भएन भने स्व, श्व, महत्त्व शब्दको प्रयोग आदिको उदाहरण संस्कृतमा पाइन्छ । कसैले स्वजन भनेको आफ्नो मान्छे भन्ने अर्थमा हुन्छ भने श्वजन भन्दा कुकुरको साथ भन्ने पो अर्थ हुन जान्छ । अतः यी ध्यान दिन योग्य विषयहरू हुन् भाषिक दृष्टिमा यस्ता शब्दहरू छन् । विषयगत शब्द र तिथिकृत्य मात्र नभएर दिनकृत्य पनि र त्यसमा पर्ने प्रातः, संगव, मध्यान्ह, अपरान्ह, सायं, प्रदोष र निशीथव्यापिनीका विषयहरूको पनि सामान्य जानकारी भएमा पत्रकार स्वयंबाट पनि गलत समाचार प्रेषण हुँदैन ।

बाँकी अर्को अंकमा

# भगवान् गौतम बुद्धका ८४,००० धर्मस्कन्ध

कपील बञ्जारा

**सारांश**

भगवान् गौतम बुद्धका ८४,००० धर्मस्कन्धहरू बौद्ध दर्शन, नैतिकता र साधनाको अत्यन्त व्यापक, गहिरो र व्यवस्थित ज्ञान–परम्पराका रूपमा स्वीकारिन्छन् । यी धर्मस्कन्धहरू केवल संख्यात्मक अवधारणा नभई मानव जीवनमा विद्यमान असंख्य मानसिक क्लेशहरू जस्तै लोभ, द्वेष, मोह, अहंकार, भय र आसक्तिको उपचारका प्रतीकात्मक उपायहरू हुन् । बुद्धले करिब ४५ वर्षसम्म दिएका उपदेशहरू सबै जाति, वर्ग, लिङ्ग र समुदायका मानिसहरूका लागि समान रूपमा उपयोगी रहेका छन्, जसले बुद्ध शिक्षाको सार्वभौमिक स्वरूपलाई स्पष्ट गर्दछ ।

पाली त्रिपिटक, विशेष गरी थेरगाथा ग्रन्थमा आधारित प्रमाणहरूले ८४,००० धर्मस्कन्धको अवधारणालाई ऐतिहासिक, शास्त्रीय र दार्शनिक आधार प्रदान गर्छन् । थेरवाद परम्पराअनुसार यी धर्मस्कन्धहरू विनय पिटक, सुत्त पिटक र अभिधम्म पिटकमार्फत वर्गीकृत छन्, जसले अनुशासन, व्यवहारिक उपदेश र गहन दार्शनिक–मनोवैज्ञानिक विश्लेषण प्रस्तुत गर्छन् । चार आर्य सत्य, आर्य अष्टाङ्गिक मार्ग, पञ्चशील, मध्यम मार्ग, करूणा र मैत्री जस्ता मूल सिद्धान्तहरूले व्यक्तिगत शान्ति, नैतिक जीवन, सामाजिक सद्भाव र आध्यात्मिक उन्नतिका लागि मार्गदर्शन प्रदान गर्छन् ।

यसरी ८४,००० धर्मस्कन्धले बुद्ध धर्मलाई केवल धार्मिक आस्था नभई मानव जीवनका व्यावहारिक, नैतिक, मानसिक र आध्यात्मिक समस्याहरूको समाधान प्रस्तुत गर्ने समग्र जीवनदर्शनका रूपमा स्थापित गर्दछ ।

**मुख्य शब्दहरू**ः भगवान् गौतम बुद्ध, ८४,००० धर्मस्कन्ध, बौद्ध दर्शन, पाली त्रिपिटक, चार आर्य सत्य तथा आर्य अष्टाङ्गिक मार्ग ।

## १. भूमिका

ईसापूर्व छैटौँ शताब्दीमा भगवान् गौतम बुद्धले तत्कालीन समाजमा व्याप्त दुःख, अशान्ति, असमानता र अज्ञानताको गहिरो विश्लेषण गर्दै मानव जीवनको मूल समस्या र त्यसको समाधानको व्यावहारिक मार्ग प्रस्तुत गर्नुभयो । राजसी जीवन त्याग गरी कठोर तपस्या र गहिरो ध्यानपछि बुद्धत्व प्राप्त गर्नुभएका बुद्धले सत्यको अनुभूति पश्चात् करिब ४५ वर्षसम्म निरन्तर धर्मदेशना गर्नुभयो ।

बुद्धका उपदेशहरू कुनै एक जाति, वर्ग, लिङ्ग, देश वा धर्ममा सीमित थिएनन् । राजा–महाराजा, ब्राह्मण, किसान, व्यापारी, दास, स्त्री तथा समाजका उपेक्षित वर्गसम्म सबैले बुद्ध शिक्षाबाट समान रूपमा मार्गदर्शन पाए । यही व्यापक, गहिरो र सार्वभौमिक शिक्षा सम्पदालाई बौद्ध परम्परामा समष्टिगत रूपमा '८४,००० धर्मस्कन्ध' भनेर उल्लेख गरिएको छ ।

यस अवधारणाले बुद्ध शिक्षाको मात्रात्मक विस्तार होइन, यसको गुणात्मक गहिराइ, व्यावहारिक उपयोगिता र मानवीय चेतनाको समग्र उपचारात्मक स्वरूपलाई संकेत गर्दछ ।

## २. ८४,००० धर्मस्कन्धको अवधारणा

बौद्ध दर्शनमा धर्मस्कन्ध भन्नाले भगवान् बुद्धका शिक्षाहरूको विषयगत, तात्त्विक र व्यवहारिक खण्डहरूको व्यवस्थित समूहलाई जनाइन्छ । यहाँ 'धर्म' भन्ने शब्दले सत्य, नियम, नैतिक शिक्षा वा आध्यात्मिक उपदेश जनाउँछ भने 'स्कन्ध'ले सङ्ग्रह, समूह वा संरचनाको अर्थ दिन्छ । यस प्रकार, धर्मस्कन्ध भन्नाले बुद्ध शिक्षाका विभिन्न पक्षहरूको व्यवस्थित रूपमै वर्गीकृत सङ्ग्रहलाई जनाउँछ ।

परम्परागत बौद्ध मान्यताअनुसार, ८४,००० धर्मस्कन्धलाई निम्न रूपमा वर्गीकरण गरिएको पाइन्छ–

**१. ८२,००० धर्मस्कन्ध**ः स्वयं भगवान् बुद्धले प्रत्यक्ष रूपमा दिएका उपदेश, शिक्षाहरू र अभ्यासका विधिहरू ।

**२. २,००० धर्मस्कन्धः** बुद्धका शिक्षालाई आधार मानेर उहाँका प्रमुख शिष्यहरू (अरहन्त भिक्षुहरू) ले व्याख्या, विस्तार वा प्रायोगिक रूप दिएकाले उत्पन्न भएका शिक्षाहरू ।

### प्रतीकात्मक अर्थ

आधुनिक बौद्ध विद्वान्हरूका अनुसार, '८४,००० ' भन्ने संख्या शाब्दिक गणनाभन्दा बढी प्रतीकात्मक अर्थ बोकेको छ । यसले केवल संख्या जनाउन होइन, तर मानव मनमा विद्यमान मानसिक क्लेशहरूको असंख्य विविधतालाई प्रतिनिधित्व गर्दछ ।

बौद्ध शास्त्र अनुसार मानव जीवनमा ८४,००० प्रकारका मानसिक क्लेशहरू पाइन्छन्, जसमध्ये मुख्य हुन्: लोभ (कामना र लालच), द्वेष (क्रोध र शत्रुता), मोह (भ्रम र अनभिज्ञता), अहंकार (अहं, अहंभाव), भय (भय र अनिश्चितता), आसक्ति (सङ्लग्नता र आसक्त व्यवहार) । ८४,००० धर्मस्कन्धले यी सबै मानसिक क्लेशहरूको उपचारका असंख्य उपायहरू बुद्धले देखाउनुभएको प्रतीकको रूपमा लिन सकिन्छ ।

### दार्शनिक र व्यवहारिक महत्त्व

यस दृष्टिले बुद्ध धर्म केवल धार्मिक आस्था वा पूजापाठको संकलन मात्र नभई, मानव मनको मानसिक स्वास्थ्य, नैतिक जीवन, व्यवहारिक दर्शन र आत्मसुधारको प्रणाली पनि हो । बुद्धका धर्मस्कन्धहरूले जीवनका हरेक क्षेत्रमा सामाजिक व्यवहार, व्यक्तिगत अनुशासन, मानसिक सन्तुलन, ध्यान र साधनामा मार्गदर्शन उपलब्ध गराउँछन् ।

यसरी ८४,००० धर्मस्कन्धले बुद्ध धर्मको व्यापकता, वैज्ञानिकता र व्यावहारिक उपयोगितालाई स्पष्ट पार्दछ । मानव जीवनका विभिन्न समस्याहरूको समाधान, मानसिक शान्ति र आध्यात्मिक उन्नतिका लागि यी शिक्षाहरू अवलम्बन गर्न सकिन्छ ।

### ३. पाली स्रोतमा आधारित प्रमाण

८४,००० धर्मस्कन्धको अवधारणा मुख्य रूपमा पाली साहित्यमा प्रत्यक्ष रूपमा उल्लिखित छ । यस अवधारणाको प्रमुख प्रमाण पाली त्रिपिटकको सुत्त पिटक अन्तर्गत रहेको खुद्दक निकायमा समावेश थेरगाथा ग्रन्थमा पाइन्छ । थेरगाथा ग्रन्थमा प्रारम्भिक भिक्षु र भिक्षुणीहरूले आफ्नो आध्यात्मिक अनुभव र बुद्धको उपदेशहरूलाई श्लोक रूपान्तरणमार्फत प्रस्तुत गरेका छन् ।

उक्त ग्रन्थमा आनन्द थेरले उल्लेख गरेको श्लोक यस प्रकार छः द्वासिती बुद्धतो गण्हिं, द्वे सहस्सानि भिक्खुतो। चतुरासीति सहस्सानि, ये मे धम्मा पवत्तिनो ॥ यस श्लोकको भावार्थ यस प्रकार होः "मैले बुद्धबाट ८२,००० धर्मस्कन्ध प्राप्त गरेँ र भिक्षु सङ्घबाट २,००० धर्मस्कन्ध प्राप्त गरेँ । यसरी मेरो लागि कुल ८४,००० धर्मस्कन्ध प्रवाहित भए ।"

यो श्लोकले केवल संख्या बताउन मात्र सीमित छैन, यसले थप महत्त्वपूर्ण ऐतिहासिक र दार्शनिक सन्देश पनि दिन्छः

बौद्ध शिक्षाको विशालता र विविधताः ८४,००० धर्मस्कन्धले बुद्धका उपदेशहरूको व्यापकता, मानव जीवनका विभिन्न पक्षहरूमा लागू हुने विविध मार्ग र साधनाको गहिराइलाई दर्शाउँछ ।

भिक्षु सङ्घको महत्त्वपूर्ण भूमिकाः भिक्षु सङ्घले उपदेशहरूको संरक्षण, अभ्यास र प्रसारणमा निर्णायक योगदान दिएको स्पष्ट देखिन्छ । यसले प्रारम्भिक बौद्ध समुदायमा धर्म शिक्षाको स्थायित्व र प्रणालीबद्ध वितरणलाई प्रमाणित गर्दछ ।

ऐतिहासिक-सांस्कृतिक प्रमाणः पाली ग्रन्थहरू, विशेष गरी थेरगाथा, प्राचीन भिक्षुहरूको मौखिक र लेखीय परम्परालाई सुरक्षित राख्ने माध्यमका रूपमा महत्त्वपूर्ण छन् । यसले ८४,००० धर्मस्कन्धको अवधारणालाई शास्त्रीय आधार मात्र होइन, ऐतिहासिक प्रमाणको रूप पनि दिन्छ ।

दार्शनिक दृष्टिकोणः यहाँ प्रस्तुत संख्या केवल मात्रात्मक नभई दार्शनिक दृष्टिकोणले शिक्षाको सम्पूर्णता, प्रत्येक व्यक्तिका लागि मार्गदर्शनको विविधता र अभ्यासको व्यापकता जनाउँछ ।

यसरी पाली ग्रन्थमा आधारित प्रमाणले ८४,००० धर्मस्कन्धको अवधारणालाई शास्त्रीय, ऐतिहासिक र दार्शनिक दृष्टिले मजबुत आधार प्रदान गर्दछ । यसले प्रारम्भिक बौद्ध समुदायको संरचना, उपदेशको प्रवाह र धर्म शिक्षाको संरक्षण तथा प्रसारणमा भिक्षु संघको केन्द्रीय भूमिकालाई स्पष्ट रूपमा उजागर गर्दछ ।

### ४. त्रिपिटकअनुसार धर्मस्कन्धको वर्गीकरण

थेरवाद बौद्ध परम्पराअनुसार, भगवान् बुद्धका सम्पूर्ण उपदेशहरू त्रिपिटकभित्र संरक्षित छन् । त्रिपिटकलाई

"तीन पिटकहरू" भनेर चिनिन्छ र यसले बौद्ध धर्मका शास्त्रीय शिक्षाहरूको व्यापक भण्डार प्रस्तुत गर्दछ। बुद्धका ८४,००० धर्मस्कन्धहरू पनि यही संरचनाभित्र वर्गीकृत छन्। त्रिपिटकलाई तीन मुख्य पिटकमा बाँढिन्छः विनय पिटक, सुत्त पिटक, र अभिधम्म पिटक।

**४.१ विनय पिटक (२१,000 धर्मस्कन्ध)**

विनय पिटक; बौद्ध सङ्घको आचार, अनुशासन, नियम, मर्यादा र संगठनात्मक व्यवस्थासँग सम्बन्धित शिक्षाहरूको सङ्ग्रह हो । यसले भिक्षु-भिक्षुणीहरूको जीवनशैली, कर्तव्य, अनुशासन उल्लङ्घनमा प्रायश्चित्त तथा सङ्घीय प्रशासनको व्यवस्था स्पष्ट गर्दछ।

**मुख्य उद्देश्य**ः विनय पिटकले केवल नियमहरूको सूची मात्र होइन, व्यक्तिको आत्मसंयम, नैतिक शुद्धता र साधनामा सुधारल्याउने मार्गदर्शन दिन्छ।

**सङ्घमा योगदान**ः यस पिटकले बौद्ध सङ्घलाई अनुशासित, सुसंगठित र दीर्घकालीन संस्थाको रूपमा स्थापना गर्न ऐतिहासिक भूमिका खेलेको छ।

**सामाजिक प्रभाव**ः विनय पिटकका शिक्षाहरूले भिक्षु-भिक्षुणी मात्र नभई सामान्य समाजमा पनि सहिष्णुता, अनुशासन र नैतिक मूल्यको विकासमा योगदान पुऱ्याउँछन्।

**४.२ सुत्त पिटक (२१,000 धर्मस्कन्ध)**

सुत्त पिटक; बुद्धका प्रत्यक्ष उपदेश, संवाद, कथा र उपमाहरूको विशाल सङ्ग्रह हो। यसले धर्मको व्यवहारिक पक्षलाई जनसमुदायसम्म पुऱ्याउँछ।

**मुख्य विषयवस्तु**ः चार आर्य सत्य, अष्टाङ्गिक मार्ग, कर्म र पुनर्जन्म, करूणा, मैत्री र अहिंसा।

**लक्षित समूह**ः यी शिक्षाहरू भिक्षु मात्र नभई गृहस्थ, राजा, व्यापारी र सामान्य जनताका लागि समान रूपमा उपयोगी छन्।

**प्रयोगिता**ः सुत्त पिटक आज पनि व्यक्तिगत जीवन, समाजिक सद्भाव, न्याय र नैतिक नेतृत्वका लागि अत्यन्त सान्दर्भिक छ।

**उदाहरणात्मक कथाहरू**ः बुद्धका दृष्टान्त र संवादहरूले जीवनका कठिन परिस्थितिहरूमा शान्ति र विवेकपूर्ण निर्णयलिन मद्दत गर्छ।

**४.३ अभिधम्म पिटक (४२,000 धर्मस्कन्ध)**

अभिधम्म पिटक; बौद्ध दर्शनको गहन दार्शनिक र मनोवैज्ञानिक विश्लेषण प्रस्तुत गर्ने पिटक हो। यसले चित्त, चेतसिक अवस्था, रूप, कर्म, चेतना र निर्वाण जस्ता गूढ विषयहरूको सूक्ष्म अध्ययन गर्दछ।

**विशेष उद्देश्य**ः बुद्ध शिक्षालाई तर्क, विश्लेषण र अनुभवमा आधारित दार्शनिक प्रणालीको रूपमा प्रस्तुत गर्नु।

**लक्षित समूह**ः विशेष रूपमा उन्नत साधक, विद्वान् र ध्यान साधकहरूका लागि उपयोगी।

**वास्तविक योगदान**ः अभिधम्म पिटकले मानसिक प्रक्रियाको गहन अध्ययन, चेतनाको क्रमिक विकास, र मोक्ष/निर्वाण प्राप्तिको मार्गलाई स्पष्ट गर्दछ।

**सैद्धान्तिक महत्त्व**ः यस पिटकले बौद्ध धर्मलाई केवल धार्मिक शिक्षा नभई मनशास्त्र, दर्शन र तर्कशास्त्रसँग सम्बन्धित प्रणालीका रूपमा स्थापित गर्छ।

## ५. बुद्ध शिक्षाको दार्शनिक सार

भगवान् गौतम बुद्धका उपदेशहरू केवल आध्यात्मिक साधनाका लागि मात्र नभई, समग्र मानव जीवन, नैतिकता, समाज र चेतनाको विकाससँग सम्बन्धित गहन दार्शनिक अवधारणामा आधारित छन्। उनका शिक्षाहरूले व्यक्तिलाई आन्तरिक शान्ति प्राप्त गर्न, सामाजिक न्याय स्थापित गर्न र समग्र मानवताको हितमा मार्गदर्शन गर्न प्रेरित गर्छन्। बुद्ध शिक्षाका केही मूलभूत दार्शनिक पक्ष यस प्रकार छन्:

**५.१ चार आर्य सत्य** (Four Noble Truths)

बुद्धका शिक्षाको केन्द्रबिन्दु चार आर्य सत्य हुन्,

जसले जीवनको वास्तविकता बुझ्न र दुःखबाट मुक्ति पाउने मार्ग देखाउँछन्ः

**दुःख** (Dukkha) – जीवन स्वभावतः अस्थिर, असन्तोषजनक र परिवर्तनशील हुन्छ। जन्म, बृद्धि, रोग र मृत्यु दुःखको हिस्सा हुन्।

**दुःखको कारण** (Samudaya) – दुःखको मुख्य कारण तृष्णा (तृष्णा, मोह, इच्छाहरू) हो। मानिसको अज्ञान र आसक्ति नै पीडाको मूल हो।

**दुःखको निरोध** (Nirodha) – दुःखको अन्त्य सम्भव छ। तृष्णा र मोहको परित्यागले आत्मिक शान्ति र निर्वाण प्राप्त गर्न सकिन्छ।

**दुःखनिरोधगामी मार्ग** (Magga) – दुःखको अन्त्यका लागि उचित मार्ग अपनाउनु आवश्यक छ, जुन आर्य अष्टाङ्गिक मार्गद्वारा प्राप्त हुन्छ।

**५.२ आर्य अष्टाङ्गिक मार्ग** (Noble Eightfold Path)

आर्य अष्टाङ्गिक मार्ग भगवान् गौतम बुद्धद्वारा प्रतिपादित चार आर्य सत्यहरूमध्ये अन्तिम सत्य दुःख निरोधगामी मार्गको पूर्ण र व्यवहारिक अभिव्यक्ति हो। यो मार्ग केवल धार्मिक आस्था वा दार्शनिक चिन्तनमा सीमित नभई, मानव जीवनको नैतिक, मानसिक र बौद्धिक रूपान्तरणका लागि समग्र जीवन-पद्धति हो।

यस मार्गको मूल उद्देश्य तृष्णा, अज्ञान र क्लेशहरूलाई क्रमशः नाश गर्दै दुःखको अन्त्य गर्नु हो। आर्य अष्टाङ्गिक मार्गले व्यक्तिलाई सन्तुलित सोच, शुद्ध आचरण र अनुशासित चित्तमार्फत मुक्तिको दिशातर्फ अग्रसर गराउँछ।

**आर्य अष्टाङ्गिक मार्गका आठ अंगहरूः**

यी आठ अङ्गहरू एक-अर्काबाट अलग होइनन्; बरू परस्पर पूरक र समानान्तर रूपमा अभ्यास गरिने तत्त्वहरू हुन्। तिनलाई बौद्ध दर्शनले तीन प्रमुख आयाममा वर्गीकरण गरेको छः

**प्रज्ञा** (Wisdom/Paññā)

प्रज्ञा भनेको यथार्थको सही बोध हो, जसले अज्ञानलाई नष्ट गर्छ।

(i) **सम्यक दृष्टि** (Right View): जीवन र संसारलाई चार आर्य सत्य, कर्म-सिद्धान्त र अनित्यताको दृष्टिकोणबाट बुझ्नु नै सम्यक दृष्टि हो। यसले दुःखको कारण, त्यसको निवारण र मुक्तिको मार्गलाई स्पष्ट रूपमा देखाउँछ।

(ii) **सम्यक संकल्प** (Right Intention): लोभ, द्वेष र हिंसाबाट मुक्त भएर त्याग, करूणा र अहिंसामा आधारित सोच र उद्देश्य विकास गर्नु सम्यक संकल्प हो। यसले मानसिक शुद्धताको आधार तयार गर्छ।

**शील** (Ethical Conduct/Sīla)

शीलले समाजसँगको सम्बन्धमा नैतिकता, अनुशासन र उत्तरदायित्व सुनिश्चित गर्छ।

(iii) **सम्यक वाणी** (Right Speech): झूट, कटुता, निन्दा र व्यर्थ वाणी त्याग गरी सत्य, मधुर र हितकर वाणीप्रयोग गर्नु सम्यक वाणी हो।

(iv) **सम्यक कर्म** (Right Action): हिंसा, चोरी र अनैतिक व्यवहारबाट टाढा रहँदै जीवन-संरक्षण, ईमानदारी र शुद्ध आचरणअपनाउनु सम्यक कर्म हो।

(ख) **सम्यक आजीविक** (Right Livelihood): अरूलाई हानि नपुऱ्याउने, नैतिक र शुद्ध पेशा अपनाएर जीविकोपार्जन गर्नु सम्यक आजीविक हो। यसले व्यक्तिगत जीवन र सामाजिक न्यायबीच सन्तुलन कायम गर्छ।

**समाधि** (Mental Discipline/Samādhi)

समाधिले मनलाई अनुशासित, स्थिर र शुद्ध बनाउँछ।

(vi) **सम्यक प्रयास** (Right Effort)

अकुशल विचार र प्रवृत्तिलाई रोक्ने तथा कुशल गुणहरूको विकास गर्ने सचेत प्रयास सम्यक प्रयास हो।

(vii) **सम्यक स्मृति** (Right Mindfulness)

शरीर, वेदना, चित्त र धर्महरूप्रति पूर्ण सजगताका साथ वर्तमान क्षणमा रहने अभ्यासनै सम्यक स्मृति हो।

(viii) **सम्यक ध्यान** (Right Concentration)

चित्तलाई एकाग्र गर्दै गहिरो ध्यानावस्थामा प्रवेश गर्नु सम्यक ध्यान हो, जसले आन्तरिक शान्ति र प्रज्ञाको उदय गराउँछ।

**समग्र महत्त्व**

आर्य अष्टाङ्गिक मार्ग कुनै कठोर तपस्या वा अतिवाद होइन; यो मध्यम मार्ग (Middle Path)हो, जसले भोगवाद र आत्मपीडन दुबैलाई अस्वीकार गर्छ। यस मार्गको अभ्यासले व्यक्तिलाई नैतिक जीवन, मानसिक शान्ति र बौद्धिक स्पष्टता प्रदान गर्दै अन्ततः निर्वाणतर्फ डोऱ्याउँछ।

यसरी, आर्य अष्टाङ्गिक मार्ग मानव जीवनको समग्र सुधार, सामाजिक सद्भाव र आत्मिक मुक्तिको सर्वकालीन मार्गदर्शन हो ।

### ५.३ पञ्चशील (Five Precepts)

बुद्ध शिक्षामा नैतिक अनुशासन (शील) लाई मानव जीवनको आधारस्तम्भका रूपमा विशेष महत्त्व दिइएको छ । पञ्चशील केवल व्यक्तिगत सदाचारका नियमहरू मात्र नभई, स्वस्थ समाज निर्माणका लागि आवश्यक आधारभूत नैतिक संहिता हुन् । यी पाँच शीलहरूले व्यक्तिको आन्तरिक चरित्र विकास, सामाजिक सम्बन्धको सुदृढीकरण र समाजमा पारस्परिक विश्वासको वातावरण निर्माण गर्न महत्वपूर्ण भूमिका खेल्दछन् ।

पञ्चशीलका पाँच मूल सिद्धान्तहरू यसप्रकार छन्ः

**प्राणी हत्या नगर्नु (अहिंसा)**ः

सबै जीवप्रति करूणा, दया र सम्मानको भावना विकास गर्नु पञ्चशीलको पहिलो र सबैभन्दा महत्त्वपूर्ण आधार हो । यसले हिंसा, द्वेष र प्रतिशोधको भावनालाई निरूत्साहित गर्दै शान्तिपूर्ण जीवनशैली प्रवर्द्धन गर्दछ ।

**चोरी नगर्नु**ः

अरूको सम्पत्ति वा अधिकारमा अनधिकृत हस्तक्षेप नगर्नु नैतिक इमानदारीको प्रतीक हो । यस शीलले समाजमा विश्वास, न्याय र आर्थिक सद्भाव कायम गर्न सहयोग पुऱ्याउँछ ।

**अनुचित यौन आचरण नगर्नु**ः

संयमित र जिम्मेवार व्यवहारले पारिवारिक स्थायित्व, सामाजिक मर्यादा र नैतिक सन्तुलन कायम राख्दछ । यस शीलले व्यक्तिगत तथा सामाजिक जीवनमा अनुशासन र आत्मसंयमको विकास गराउँछ ।

**झूटो वचन, छलकपट र गलत व्यवहार नगर्नु**ः

सत्य बोल्नु र इमानदार व्यवहार गर्नु समाजिक सम्बन्धको मेरूदण्ड हो । यसले पारस्परिक विश्वास, पारदर्शिता र सामाजिक समन्वयलाई बलियो बनाउँछ ।

मादक पदार्थ तथा चेतना भ्रमित गर्ने पदार्थ सेवन नगर्नुः

चेतनालाई स्पष्ट, संयमित र सजग राख्न मादक पदार्थको सेवनबाट टाढा रहनु आवश्यक मानिन्छ । यस शीलले व्यक्ति आत्मनियन्त्रण, विवेकशील निर्णय क्षमता र नैतिक जिम्मेवारीप्रति सचेत रहन मद्दत गर्दछ ।

समग्रमा, पञ्चशीलले व्यक्तिगत नैतिकता, सामाजिक सद्भाव र शान्तिपूर्ण सह–अस्तित्वको ठोस आधार तयार पार्छ । यी शीलहरूको पालनले व्यक्ति मात्र होइन, सम्पूर्ण समाजलाई नैतिक रूपमा सुदृढ, विश्वासयुक्त र स्थिर बनाउँछ। यही कारणले पञ्चशीललाई बुद्ध दर्शनमा मानव कल्याण र सामाजिक शान्तिको मूल सूत्रका रूपमा स्वीकार गरिएको छ ।

### ५.४ मध्यम मार्ग (Middle Way)

भगवान् गौतम बुद्धले मानव जीवनका दुई अतिवादी मार्ग– अत्यधिक भोग, विलासिता र इन्द्रिय तृप्तिमा लिप्त जीवन तथा कठोर तपस्या, आत्मपीडा र चरम संयम दुवैलाई असन्तुलित र दुःखको कारण ठहर गर्नुभयो । यी दुबै मार्गले अन्ततः मानसिक अशान्ति, शारीरिक कमजोरी र विवेकहीन आचरणतर्फ व्यक्ति धकेल्ने बुद्धको निष्कर्ष थियो । यसै कारण बुद्धले मध्यम मार्गको प्रतिपादन गर्नुभयो, जुन सन्तुलन, विवेक, अनुशासन र आत्मबोधमा आधारित जीवन–दर्शन हो ।

मध्यम मार्गले मानव जीवनलाई भौतिक आवश्यकता र आध्यात्मिक साधनाबीच सन्तुलन कायम गर्न सिकाउँछ । यस मार्गले इन्द्रिय–संयम, नैतिक आचरण, ध्यान र प्रज्ञाको अभ्यासमार्फत व्यक्तिलाई मानसिक स्थिरता, आत्मनियन्त्रण र आन्तरिक शान्ति प्राप्त गराउने लक्ष्य राख्दछ । बुद्धका अनुसार, यही मार्गले दुःखको कारण पहिचान गर्न, त्यसको निरोध सम्भव छ भन्ने बोध दिलाउन र निर्वाणतर्फ अग्रसर गराउन सक्षम बनाउँछ ।

व्यवहारिक रूपमा, मध्यम मार्ग आधुनिक समाजमा पनि अत्यन्त सान्दर्भिक छ । उपभोक्तावाद, विलासितापूर्ण जीवनशैली र अति–प्रतिस्पर्धाको वर्तमान युगमा यसले मितव्ययिता, जिम्मेवार उपभोग, मानसिक सन्तुलन र नैतिक निर्णय–क्षमताको विकासमा महत्वपूर्ण भूमिका खेल्दछ । यसरी, मध्यम मार्ग केवल धार्मिक अवधारणा नभई सम्पूर्ण मानव समाजका लागि मार्गदर्शक जीवन–दर्शन हो ।

### ५.५ करूणा र मैत्री (Compassion and Loving–kindness)

बौद्ध दर्शनले व्यक्तिगत मोक्ष वा आत्म–उद्धारमा मात्र सीमित नरही सामाजिक उत्तरदायित्व, सहअस्तित्व

र मानवतावादी मूल्यहरूलाई अत्यन्त महत्त्व दिन्छ । यस दर्शनको केन्द्रमा करूणा (करूणा)र मैत्री (मैत्रीभाव)रहेका छन्, जसले मानव सम्बन्ध, सामाजिक सद्भाव र विश्व शान्तिको आधार निर्माण गर्छन् ।

करूणा भन्नाले अरूको दुःखलाई आफ्नै दुःखझैँ अनुभूति गर्ने र त्यस दुःख न्यूनीकरणका लागि सक्रिय रूपमा योगदान गर्ने मानसिक अवस्था बुझिन्छ । बुद्ध शिक्षामा करूणा निष्क्रिय सहानुभूति मात्र नभई चेतनशील, उत्तरदायी र व्यवहारिक कार्यमा अभिव्यक्त हुनुपर्ने गुण हो । गरिब, पीडित, रोगी, शोषित र कमजोर वर्गप्रति दया, सहयोग र सम्मान देखाउनु करूणाको जीवन्त अभ्यास हो ।

त्यसैगरी, मैत्रीले सबै जीवप्रतिजाति, वर्ग, धर्म, राष्ट्र वा संस्कृतिको भेदभाव नगरी निःस्वार्थ प्रेम, सद्भाव र शुभेच्छाको भावना विकास गर्न प्रेरित गर्छ । मैत्रीले घृणा, क्रोध, ईर्ष्या र द्वेषलाई शान्त पार्दै आपसी विश्वास, सहिष्णुता र सहकार्यको वातावरण सिर्जना गर्दछ ।

करूणा र मैत्रीको अभ्यासले व्यक्ति मात्र नभई सम्पूर्ण समाजलाई नैतिक रूपमा सुदृढ बनाउँछ । हिंसा, द्वन्द्व, असमानता र सामाजिक विभाजनले ग्रसित आधुनिक विश्वमा यी मूल्यहरू सामाजिक न्याय, मानव अधिकार र दिगो शान्तिको आधारस्तम्भका रूपमा अत्यन्त महत्वपूर्ण छन् । यसरी, बुद्धका करूणा र मैत्रीसम्बन्धी शिक्षाहरू आजको विश्वका लागि पनि सार्वकालिक, व्यावहारिक र अत्यन्त सान्दर्भिक मार्गदर्शन हुन् ।

दार्शनिक र सामाजिक प्रभाव

यी शिक्षाले आत्म-ज्ञान र मोक्षको मार्ग मात्र देखाउँदैनन्, तर न्यायपूर्ण, सहिष्णु र शान्त समाजको निर्माणमा पनि मार्गदर्शन गर्छन् । बुद्धले मानव जीवनलाई केवल भौतिक दृष्टिले नभई मानसिक, नैतिक र आध्यात्मिक दृष्टिले सन्तुलित र समृद्ध बनाउने दर्शन प्रस्तुत गर्नुभयो । उनका सिद्धान्तहरू आजको विश्वमा पनि अन्तरसाँस्कृतिक, सामाजिक न्याय र मानव अधिकारसँग सम्बन्धित बहुआयामिक शिक्षाका रूपमा प्रभावशाली छन् ।

## ६. निष्कर्ष

भगवान् गौतम बुद्धका ८४,००० धर्मस्कन्धहरू बौद्ध दर्शन, नैतिकता र साधनाको व्यापक ज्ञान-परम्परा हुन् । यी उपदेशहरू केवल धार्मिक आस्था वा संख्यात्मक अवधारणा नभई मानव मनका असंख्य मानसिक क्लेशहरूको उपचार र जीवनका विभिन्न समस्याका समाधानका उपायहरू प्रस्तुत गर्छन् । पाली त्रिपिटक र प्रारम्भिक बौद्ध सङ्गीतिहरूले यी शिक्षाहरूलाई संरक्षण गरेका छन् । विनय पिटकले भिक्षु-भिक्षुणीको अनुशासन र संगठनलाई व्यवस्था गर्छ, सुत्त पिटकले प्रत्यक्ष उपदेश र व्यवहारिक मार्गदर्शन दिन्छ भने अभिधम्म पिटकले दार्शनिक र मनोवैज्ञानिक विश्लेषणमार्फत गहिरो ज्ञान प्रदान गर्दछ । ८४,००० धर्मस्कन्धको संख्या प्रतीकात्मक रूपमा बुद्ध शिक्षाको व्यापकता र मानव जीवनका विभिन्न मानसिक क्लेशहरूको उपचार दर्शाउँछ । बुद्धका मूल सिद्धान्तचार आर्य सत्य, आर्य अष्टाङ्गिक मार्ग, पञ्चशील, मध्यम मार्ग, करूणा र मैत्रीले व्यक्तिको आन्तरिक शान्ति, सामाजिक न्याय र समग्र मानव विकासमा योगदान पुर्‍याउँछन् । यसरी बुद्ध धर्म केवल आस्था होइन, जीवनदर्शन, नैतिक अभ्यास र मानसिक-आध्यात्मिक मार्गदर्शनको स्थायी परम्परा हो ।❖

प्राध्यापक, पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान

### माघ महिनाका पर्व तथा विदा

१ गते माघे सङ्क्रान्ति/उत्तरायण आरम्भ/राष्ट्रिय योग दिवस
२ गते राष्ट्रिय भुकम्प सुरक्षा दिवस/प्रदोष व्रत
५ गते सोनाम ल्होछार/श्रीबल्लभ जयन्ती
८ गते तिलकुन्द चौथी
९ गते वसन्तपञ्चमी व्रत/सरस्वती पूजा (शिक्षण संस्था बिदा)
१० गते स्कन्द षष्ठी/अचला सप्तमी/अन्तर्राष्ट्रिय शिक्षा दिवस
११ गते गोरखकाली पूजा/विश्व कुष्ठरोग दिवस
१३ गते द्रोण नवमी
१५ गते भीमा एकादशी व्रत
१६ गते शहीद दिवस/प्रदोष व्रत
१८ गते श्रीस्वस्थानी व्रत समाप्ती/पूर्णिमा व्रत
२५ गते रविसप्तमी व्रत
२६ गते गोरखकाली पूजा ।

नेपाल तथा विदेशभर रहने नेपालीहरूले मान्ने परम्परा, धर्म–संस्कृती एवम् चाडपर्वका सम्वन्धमा तिथिमितिसहित आधिकारिक निर्णय गरी जनमानसमा जानकारी गराउने सरकारी निकाय हो– पञ्चाङ्ग निर्णायक विकास समिति । हाल यस समितिमा कार्यकारी निर्देशक (सदस्य सचिव)को रूपमा आचार्य लक्ष्मण पन्थी नियुक्त हुनुभएको छ । वि. सं. २०४० सालमा अर्घाखाचीमा जन्मनुभएका पन्थी हाल विद्यावारिधिको शोधार्थी पनि हुनुहुन्छ । विभिन्न धार्मिक तथा सामाजिक क्षेत्रमा आवद्ध उहाँ दक्षिण एशियाली ज्योतिष महासंघको अध्यक्ष समेत रहिसक्नुभएको छ । वि.सं. २०८३ सालको पञ्चाङ्ग निर्माणको प्रकृया चल्दै गरेको वर्तमान परिवेशमा पञ्चाङ्ग निर्माणको सेरोफेरोमा रहेर यस पत्रिकाका सहसम्पादक भागवतश्री न्यौपानेले गर्नुभएको कुराकानीको महत्त्वपूर्ण अंश तल प्रस्तुत गरिएको छ । सं.

# सम्पूर्ण पात्रोहरूमा एकरूपता ल्याउन लागिपरेका छौं :

## –लक्ष्मण पन्थी, कार्यकारी निर्देशक, नेपाल पञ्चाङ्ग निर्णायक विकास समिति

**पञ्चाङ्ग निर्णायक विकास समितिको कार्यकारी निर्देशक हुनुभएकोमा हार्दिक बधाइ ! पञ्चाङ्ग निर्णायक विकास समिति भनेको के हो र यसले कसरी काम गर्दछ ?**

हार्दिक धन्यवाद ! यहाँहरू सबैको शुभेच्छाले गर्दा नै हाल म यस जिम्मेवारीमा आइपुगेको छु । पञ्चाङ्ग निर्णायक विकास समिति नेपाल सरकारको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत रहेर त्यसको एउटा अंगको रूपमा काम गर्ने निकाय हो । यसको स्थापना वि.सं. २०२५ सालमा पञ्चाङ्ग न्यायिक समितिको रूपमा भएको हो र २०७८ सालबाट यसले पञ्चाङ्ग निर्णायक विकास समितिको रूपमा काम गरिरहेको छ । त्यसअघि पनि तत्कालीन राजाहरूले आफ्ना मूल गुरूहरूबाट चाडपर्वलगायतका अन्य विविध कार्यहरूको लागि तिथिमिति हेराउने र सोही अनुसार गर्ने प्रचलन थियो ।

यस समितिले हरेक वर्षको लागि शास्त्रीय हिसाबले पञ्चाङ्गको गणना गरी निर्क्यौल गर्दछ, जसलाई बोलीचालीको भाषामा पात्रो भन्दछौं । नेपालका विभिन्न धर्म, संस्कृति, जात्रा, पर्वहरूको तिथिमिति विधिसंवत निर्णय गरी जनमानससमक्ष जानकारी गराउनु यसको काम हो । नेपाल सरकारले स्थानीय तथा राष्ट्रिय चाडपर्वका लागि दिइने सार्वजनिक विदाहरूको सन्दर्भमा पनि अग्रिम रूपमा हामीलाई सोधेको हुन्छ । हामीले पञ्चाङ्गकै आधरमा चाडपर्वको निर्क्यौल गरेर गृह मन्त्रालयलाई पठाइसकेपछि सोही अनुसार सरकारले आफ्नो क्यानेण्डरमा बिदा निर्धारण गर्दछ । यसका साथै नेपालभित्रबाट निस्कने अन्य पञ्चाङ्गहरूलाई स्वीकृति दिने काम पनि यो समितिले गर्दछ । कुनैपनि संघसंस्था तथा निकायलाई आफ्नो क्यालेण्डर प्रकाशन गर्नुछ भनेपनि यस समितिबाट अनुमति लिनुपर्दछ । यो समितिले सबै धर्मका मुख्य चाडपर्वलाई उचित स्थान दिएपनि यो वैदिक सनातनीहरूको हरेक किसिमका तिथिमिति निर्धारण र मुहूर्त निकाल्ने मुख्य निकाय हो ।

**यस समितिमा के कस्ता व्यक्तिहरु रहन्छन् ? यसको गठन कसरी हुन्छ ?**

नेपाल सरकारको विकास समिति गठन नियमावली बमोजिम नै यसको गठन हुने हो । यस समितिमा एकजना अध्यक्ष, एकजना कार्यकारी निर्देशक र अन्य पाँचजना विज्ञहरू सदस्यको रूपमा रहनुहुन्छ । जसमध्ये एकजना पर्यटन मन्त्रालयको धर्म संस्कृति महाशाखाको उपसचिव, एकजना धर्मशास्त्रीको तर्फबाट, एक/एकजना ज्योतिषाचार्य र पञ्चाङ्गकारको कोटाबाट र एकजना संकृतिविज्ञको रूपमा रहनुहुन्छ । कार्यकारी निर्देशकलाई

सदस्य सचिवको पनि जिम्मेवारी दिइएको हुन्छ । यस समितिमा हाल प्रा. शम्भुप्रसाद ढकाल अध्यक्षको रूपमा हुनुहुन्छ भने विज्ञ सदस्यको रूपमा प्रा.डा. देवमणी भट्टराई, उपप्रा. नारायणप्रसाद निरौला, ज्योतिषाचार्य रतिदेवी श्रेष्ठ, चेतराज उपाध्याय र निर्मला न्यौपाने(मन्त्रालयको प्रतिनिधि) रहनुभएको छ ।

**पञ्चाङ्गको गणना कसरी गरिन्छ ?**

तिथि, वार, नक्षत्र, योग र करण यी पाँचवटा अङ्गहरूको समष्टि नै पञ्चाङ्ग हो । पञ्चाङ्गको गणनाको लागि हाम्रो विज्ञहरूको एउटा समूह हुन्छ । यस समूहले नयाँ वर्ष आउनु ३, ४ महिना अगाडिदेखि नै यसको गणना गर्न थाल्दछ । गणना गर्दा मुख्यरूपमा ज्योतिषशास्त्रले निर्दिष्ट गरेका कुराहरूलाई आधार लिई सौर्यमान र चन्द्रमान दुवैको हिसाब गरिन्छ । यसबाहेक अन्य सातवटा ग्रहको अवस्थिति र प्रभावको बारेमा पनि गणना गरिन्छ । गणनापश्चात गणना गर्ने १८ जना पञ्चाङ्गकारहरू तथा समितिको टोली समेत सहभागी भई खेस्रा तयार पारिन्छ र रूजुको लागि पुन थप समय दिइन्छ । यसमा न्याय समिति र विषयविज्ञहरू पनि रहन्छन् । यसरी सबै पञ्चाङ्गकारको सहमतिमा वैज्ञानिक आधारबाट नै पञ्चाङ्गको गणना गरिन्छ ।

**पञ्चाङ्गकारहरूले यस समितिबाट स्वीकृति लिनु आवश्यक छ कि छैन ?**

यो समिति नेपाल सरकारको आधिकारिक निकाय भएको हुँदा सम्पूर्ण पञ्चाङ्गकारहरूले यस समितिबाट अनुमति लिन आवश्यक छ । अनुमति लिनुभएका पञ्चाङ्गकार हरूलाई मात्रै राष्ट्रिय पञ्चाङ्गकारको रूपमा मान्यता दिने गरिएको छ । यसको लागि हामीले परिचयपत्रको पनि व्यवस्था गरेका छौँ । ब्यक्तिगतरूपमा पात्रो निकाल्नेहरूलाई पञ्चाङ्गकार मानिने छैन ।

**पञ्चाङ्ग निर्माण गर्ने क्रममा अन्य विशेषज्ञहरूबाट कस्तो किसिमको सहयोग लिने गरिएको छ ?**

समितिका सदस्यहरूबाहेक हामीले अन्य विज्ञहरूको पनि सहयोग लिने गरेका छौं । हाम्रो यस समितिमा १८ जना पञ्चाङ्गकारहरूले पात्रो निष्कासनका लागि स्वीकृति लिनुभएको छ । उहाँहरूसँगै हामीले समितिका पूर्व सदस्य तथा अध्यक्षहरू, विश्वविद्यालयका धर्मशास्त्र एवम् सिद्धान्त तथा फलित ज्योतिषका प्राध्यापकहरू सबैको सहयोग लिने गरेका छौं । मुहूर्त र चाडपर्वहरूको तिथि निर्क्योलका लागि भने थप विशेषज्ञहरूसँग छलफल गर्ने गरेका छौं । सम्पूर्ण पञ्चाङ्गकारहरूको पात्रोमा एकरूपता कायम होस् भनेर नै यसरी वृहत् छलफल गरी निष्कर्षमा पुग्ने गरिएको छ ।

**पञ्चाङ्गकारहरूबाहेक अरू कसैले पात्रो एवम् क्यालेण्डर प्रकाशन गर्न स्वीकृति लिनुपर्छ कि पर्दैन ? यसको प्रक्रिया कस्तो छ ?**

देशभरका कुनै संघसंस्था, निकाय, विद्यालय, बैंक, सहकारी आदि कसैले पनि आफ्नो पात्रो तथा क्यालेण्डर निकाल्नु पूर्व यस समितिबाट अनिवार्य रूपमा स्वीकृति लिनुपर्ने व्यवस्था गरिएको छ । यस समितिले नियमावली बनाएर नै त्यो कार्यान्वयन गराउने क्रममा छ ।

यसको लागि रीतपूर्वक आवेदन दिनुपर्दछ । आवेदन तथा शुल्क अनलाइनमार्फत पनि दिन सकिन्छ । व्यवसायिक रूपमा बिक्री वितरण गर्नका लागि प्रकाशित गरिने पात्रो तथा क्यालेण्डरहरूका लागि १० हजार रूपैयाँ शुल्क छ भने अन्यलाई रू. ५ हजार कायम गरिएको छ । त्यस्तै निःशुल्क रूपमा वितरण गर्ने सामुदायिक, गैर नाफामुलक संस्थाको हकमा भने अनुमति शुल्क रू २,००० कायम गरिएको छ ।

**यसबाट प्रकाशकलाई के फाइदा हुन्छ ?**

पहिलो कुरा त हामीले उहाँहरूलाई तिथिमिति सहितको प्रामाणिक डेटप्याड उपलब्ध गराउँदछौँ, जसले गर्दा उहाँहरूले कुन दिन के राख्ने भन्ने झन्झट हुँदैन । दोश्रो कुरा क्यालेण्डरले आधिकारिकता प्राप्त गर्दछ । अनुमति प्राप्त क्यालेण्डर हामीकहाँ सूचीकृत हुन्छ । सबै क्यालेण्डर हरूमा एकरूपता हुने हुँदा तिथिमितिको फेरबदल हुँदैन ।

**समितिबाट स्वीकृति नलिई कसैले पञ्चाङ्ग प्रकाशन गरेमा के हुन्छ ? साथै, पञ्चाङ्गमा निषेध गरिएका (मुहूर्त नभएका) समयमा संस्कारजन्य कर्म गराएमा कुनै कारबाही हुन्छ ?**

समितिको स्वीकृति नलिई पञ्चाङ्ग तथा भित्ते पात्रो प्रकाशन गर्नु दण्डनीय कार्य हो । यस्ता विषयमा सामाजिक मूल्याङ्कन, नैतिक प्रश्न र आचारसंहिता बढी प्रभावकारी भएपनि कतिपय अवस्थामा कानूनी कारबाहीतर्फ जानुपर्ने पनि हुनसक्छ । यसको कार्यान्वयनको लागि गृह मन्त्रालय

र जिल्ला प्रशासन कार्यालयसँग समन्वय पनि भइरहेको छ । कसैले उजुरी गरेमा नियमावलीअनुसार स्पष्टीकरण, जरिवाना वा अन्य कानूनी कारबाही अघि बढाइन्छ ।

दर्ता गरेर, शुल्क तिरेर नियमानुसार प्रकाशन गर्ने र दर्ता नगरी मनलाग्दी प्रकाशन गर्ने एकै हुन सक्दैनन् । यस्ता पात्रोहरूमा कतिपय त्रुटि पनि हुने हुँदा मुहूर्त नभएका समयमा संस्कारजन्य कर्म गराउने कामहरू पनि भैरहेको देखिन्छ । यो वास्तवमा धार्मिक आचार, नैतिकता र आचारसंहितासँग सम्बन्धित कुरा हो । पञ्चाङ्गमा स्पष्टरूपमा निषेध गरिएका कर्म जानाजान गरिएमा त्यसको फल प्राप्त हुँदैन भन्ने कुरा शास्त्रसम्मत कुरा हो । यसरी गलत कर्म गराउँदा न कर्ताले सही फल प्राप्त गर्दछ, न त गराउनेकोमर्यादा नै रहन्छ । दुवै पक्षमा स्वार्थ र लोभ मात्र देखिन्छ । यस्तो अवस्थामा गर्ने कर्ता र गराउने पुरोहित दुवैले नैतिक जिम्मेवारी वहन गर्नुपर्छ ।

गलत समयमा गरिएका कर्मले सम्बन्धित व्यक्तिको अध्ययन, आचरण र विश्वसनीयतामाथि समाजले स्वाभाविक रूपमा प्रश्न उठाउँछ । यसर्थ, पञ्चाङ्गको निर्देशन पालन गर्नु कानूनी मात्र होइन, धार्मिक, नैतिक र सामाजिक दायित्व समेत हो ।

**पञ्चाङ्गका प्रयोगकर्ता वैदिक सनातन परम्परामा आस्था राख्ने नेपाली र भारतीय नागरिकहरू नै हुन् । यस समितिले पञ्चाङ्ग बनाउने क्रममा भारतीय ज्योतिषहरूको पनि सहयोग अथवा राय सल्लाह लिने गरेको छ ?**

हामीले अहिलेसम्म भारतीय विज्ञहरूबाट सहयोग लिने अभ्यास गरेका छैनौँ । हामीलाई पञ्चाङ्ग गणना गर्न आवश्यक पर्ने दक्ष जनशक्ति यहीबाटै पूर्ति हुने गरेको छ । विश्वविद्यालयमा लामो समय अध्यापन गराउनुभएका अनुभवी गुरूहरू तथा पञ्चाङ्ग गणना मात्र गरिरहनु भएका गुरुहरूसमेत हामीसँग हुनुहुन्छ । उहाँहरू यहाँको धर्मसंस्कृति, परम्परा एवम् चाडपर्वसँग पनि अभ्यस्त हुनुहुन्छ । अनुभव एवम् ज्ञान दुबै कुराले गर्दा पञ्चाङ्ग निर्माणमा हामी सक्षम छौँ ।

**भारतमा पञ्चाङ्गको निर्माण कसरी गरिन्छ ?**

नेपालमा वैदिक कर्मको रूपमा पञ्चाङ्गलाई धार्मिक आचारसंहिताको रूपमा पनि लिइन्छ । तर भारतमा नेपालको जस्तो पञ्चाङ्ग निर्माणको लागि आधिकारिक निकाय छैन । बनारस पञ्चाङ्ग निर्माणको आधारभूमि भएपनि दक्षिण भारतमा बेग्लै पञ्चाङ्ग पाइन्छ । उता विक्रम विश्वविद्यालयले पनि बिक्रम संवतका आधारमा आफ्नै पात्रो बनाइरहेको देखिन्छ । केन्द्रीय संस्कृत विश्वविद्यालयले पनि पञ्चाङ्ग गणना गरिरहेको हुन्छ । सबैले आ–आफ्नो स्थान तथा अवस्थितिलाई प्राथमिकता दिएका हुन्छन् । नेपालको पञ्चाङ्ग भने बनारससँग नजिक देखिन्छ ।

**डिजिटलाइजेशनले गर्दा सबैको मोबाइलमा ज्योतिष एवम् पात्रोलगायतका एप्लिकेशनहरू उपलब्ध छन् । यस समयमा छापिएको पात्रो एवम् पञ्चाङ्गको उपयोगिता के कस्तो देख्नुहुन्छ ?**

सुविधा र प्रविधिका हिसाबले डिजिटल प्लेटफर्ममा भएका कुरा उपयोग गर्नु सामान्य कुरा हो । तर ज्योतिष कर्मकाण्ड एवम मुहूर्त निर्धारणका लागि भने पात्रो नै उपयुक्त हो । जसरी पञ्चाङ्ग निर्माणका लागि हरेक मापदण्ड पुरा गरिएका हुन्छन् एप्लिकेशनमा ती सबै मापदण्ड पुगेका हुँदैनन् । डिजिटल सेवा सबै ठाउँमा सहज नहुन पनि सक्छ र भरपर्दो पनि हुँदैन । फेरि पात्रो पल्टाउने पुस्ताले मोबाइलमा झट्ट विश्वास पनि गर्दैनन् । अझ नेपालबाहिर रहनेहरूका लागि पात्रो झन् अत्यावश्यक कुरा हो किनभने हामीले नेपाललाई नै केन्द्रबिन्दु मानेर ज्योतिष सिद्धान्तका आधारमा पात्रोको प्रकाशन गरेका हुन्छौँ । यसका साथै हाम्रो पञ्चाङ्गमा केहि जिज्ञासा भए तुरून्त सम्पर्क गरेर सोध्न पनि सकिने हुँदा आधिकारिक पात्रोको उपयोगिता र महत्त्व कम भएको छैन भन्न सकिन्छ ।

**समितिले डिजिटल प्लेटफर्ममा प्रवेश गर्न कस्तो तयारी गरिरहेको छ ?**

तत्कालका लागि यस समितिले गरेका कार्यहरूको विवरणहरू आफ्नो वेबसाइटमा राख्ने प्रक्रिया शुरू गर्न लागेका छौं । यसबाहेक विकास समितिको पात्रोको आफ्नै एप्लिकेसन बनाउने र यसका लागि अन्य के कस्ता सामग्रीहरूको आवश्यकता पर्छ अध्ययनकै क्रममा छौँ ।

**नयाँ वर्ष २०८३ को पञ्चाङ्ग निर्माणको क्रम कहाँ पुगेको छ ?**

म कार्यकारी निर्देशक बनेर आएको भोलिपल्ट नै पञ्चाङ्ग निर्माणको लागि तुरून्त मिटिङ बसेर कार्य अघि

बढाउन भनेको थिएँ र सोही अनुसार काम अघि बढिरहेको छ । चाडपर्व र मुहूर्तको निर्णय गर्न केही समय लागे पनि गत वर्षकै समयमा पात्रो प्रकाशन गर्नका लागि हामीले काम गरिरहेका छौँ ।

**बजारमा उपलब्ध पञ्चाङ्गहरूमा कुनै राम्रो कुनै नराम्रो भन्ने हुन्छ र ?**

पञ्चाङ्ग निर्णायक विकास समितिबाट स्वीकृति लिएका सबै पञ्चाङ्गहरूमा पञ्चाङ्गको मूल खण्ड (तिथि, वार, नक्षत्र, योग, करण आदि) पूर्ण रूपमा एकरूप हुन्छ । समितिमा रूजु गरिने विषयवस्तु सबै पञ्चाङ्गमा समान नै हुन्छ ।  कतै कुनै त्रुटि देखिएमा त्यो मुद्रण (टाइप) त्रुटि वा कम्प्युटरजन्य गल्ती मात्र हुन सक्छ, सिद्धान्तगत वा गणनागत भिन्नता भने हुँदैन । पञ्चाङ्गकारहरूले आफ्नो पञ्चाङ्गलाई अझ आकर्षक र उपयोगी बनाउन धर्मशास्त्रीय सामग्री, अतिरिक्त जानकारी, विविध उपयोगी विषयवस्तुहरू समावेश गर्नुहुन्छ । यो भनेको पञ्चाङ्गको बजारीकरण तथा पाठक आकर्षणका लागि हो । पञ्चाङ्गको शुद्धता र मान्यताको दृष्टिले भने कुनै पनि स्वीकृत पञ्चाङ्ग प्रयोग गर्दा भ्रममा पर्नुपर्ने अवस्था हुँदैन ।

**हालै पञ्चाङ्ग प्रकाशनका क्रममा सूर्य सिद्धान्त र केतकी (चन्द्रमा) सिद्धान्त अवलम्बन गर्ने विषयमा देखिएको विवादको वास्तविक जड के हो ?**

२०८३ सालको पञ्चाङ्ग निर्माणका क्रममा केतकी सिद्धान्त अवलम्बन गर्ने विषय उठेको हो । तर यस विषयमा गहिरो अध्ययन, विज्ञहरूसँग पर्याप्त छलफल र अन्तर्राष्ट्रिय सन्दर्भसमेत समेट्न समय नपुगेकाले हाललाई पुरानै परम्पराअनुसार सूर्य सिद्धान्तकै आधारमा पञ्चाङ्ग प्रकाशन गर्ने निर्णय गरिएको छ । यो कुनै ठूलो विवाद नभई शास्त्रीय अध्ययन र एकरूपतासँग सम्बन्धित विषय हो, जसलाई भविष्यमा सम्मेलन र विज्ञ छलफलमार्फत टुंग्याइनेछ।

**सूर्य सिद्धान्त र केतकी सिद्धान्तमा के छ ?**

सिद्धान्त ज्योतिषका अनुसार ग्रह–नक्षत्रको गणनामा केही सूक्ष्म अन्तर पर्न सक्छ । केही विद्वान्ले केतकी सिद्धान्तबाट ग्रहस्थितिमा अझ नजिक पुगिने दाबी गरेका छन् । तर स्पष्ट मापदण्ड र सर्वस्वीकार्य निष्कर्ष नआएसम्म कुनै एक सिद्धान्त परिवर्तन गर्नु उपयुक्त हुँदैन, त्यसैले हाल सूर्य सिद्धान्त नै लागू गरिएको हो ।

**यस समितिका आगामी कार्यक्रमहरू के-कस्ता छन् ?**

समितिले आगामि दिनका लागि वार्षिक कार्ययोजना, कार्यविधि र कार्यतालिका तयार गरी त्यसैका आधारमा अघि बढ्ने तयारी गरिरहेको छ । हालको प्रमुख प्राथमिकता पञ्चाङ्ग प्रकाशन हो । हाल सञ्चालनमा रहेका ज्योतिष र कर्मकाण्डसम्बन्धी प्रशिक्षण तथा पञ्चाङ्ग र पात्रो स्वीकृतिको कार्य निरन्तर चलिरहनेछ । पात्रो तथा पञ्चाङ्गसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन गर्ने, ज्योतिष सम्मेलन, धर्मशास्त्रीय पुस्तक तथा अनुसन्धानमूलक कृति पञ्चाङ्ग भास्करहरूको पुनः प्रकाशन गर्ने तयारी छ । साथै, समितिको पात्रोलाई देशभर सर्वसुलभ बनाउँदै यस क्षेत्रलाई अन्तर्राष्ट्रियस्तरसम्म विस्तार गर्ने लक्ष्य लिइएको छ ।

यसबाहेक ज्योतिषी, धर्मशास्त्री र पुरोहितहरूलाई आचारसंहिताको दायराभित्र ल्याउने, उनीहरूको तथ्याङ्क संकलन गरी आवश्यक परे अनुमतिपत्र (लाइसेन्स) प्रणाली लागू गर्ने विषयमा पनि नीति निर्माणको चरणमा छौं । यससँगै सामाजिक सञ्जालमा फैलिएको अव्यवस्थित ज्योतिष अभ्यासलाई व्यवस्थित गर्ने उद्देश्य राखिएको छ । त्यसैगरी कार्यालय तथा कर्मचारी व्यवस्थापन, नीति–नियम निर्माण र ज्योतिषीय एपहरूलाई नियमन गर्ने विषयहरू पनि समितिको कार्यक्षेत्रभित्र रहेका छन् । चालु कार्यक्रमलाई निरन्तरता दिँदै नयाँ योजनाहरू क्रमशः कार्यान्वयन गर्ने हाम्रो उद्देश्य हो ।

**अन्त्यमा गौरीमार्फत भन्नैपर्ने केही कुरा छ कि !**

हामी अहिले २०८३ सालको पञ्चाङ्ग निर्माणको क्रममा छौं । यस सम्बन्धमा म वैदिक पञ्चाङ्गको गरिमा कायम राखेर नै काम गरी सनातानीहरूको शिर झुक्न दिनेछैन भनी प्रतिबद्धता जनाउँछु । नेपालको धार्मिक साहित्यमा अनवरत रही २१ वर्षको विरासत बोकेको गौरी मासिक पत्रिकालाई पनि धेरै धेरै शुभकामना ! म यसको पाठक र शुभेच्छुक पनि हुँ ।

कसैले पनि पात्रो वा पञ्चाङ्ग निकाल्नु हुँदा यस समितिबाट स्वीकृति लिएर मात्र प्रकाशन गर्नुहोला अन्यथा तपाईहरूलाई कुनै पनि हिसाबले कारबाहीको दायरामा ल्याउनुपर्ने हुनसक्छ । यो सन्देश गौरीमार्फत जनमानसमा पुऱ्याइदिनुहुन अनुरोध गर्दछु ।❖

# विद्याकी अधिष्ठात्री देवी सरस्वतीको महिमा र पूजाविधि

ऐन्दवी शर्मा

## परिचय

हिन्दु धर्मसंस्कृतिमा विद्याकी अधिष्ठात्री देवी सरस्वतीको स्थान अत्यन्त उच्च र गरिमामय छ । श्वेत वस्त्रमा सुसज्जित, हातमा वीणा, पुस्तक र जपमाला धारण गरेकी देवी सरस्वतीलाई वाणी, ज्ञान, प्रज्ञा र कलाका निम्ति आराधना गरिन्छ । उनको वाहन हंस (हाँस) भएकाले उनलाई हंसवाहिनी देवी पनि भनिन्छ । दुध र पानीको मिश्रणबाट केवल दुध मात्र छानेर पिउन सक्ने क्षमता राजहंसमा हुन्छ भन्ने जनविश्वास रहेको छ । सरस्वतीको वाहन हंसले पनि निस्सार वस्तुलाई छोडेर सारतत्त्वको मात्र ग्रहण गर्न प्रेरणा दिन्छ । उनको श्वेत वस्त्रले पवित्रता, शान्ति र स्वच्छताको प्रतिनिधित्व गर्दछ, जसले अज्ञानलाई हटाएर ज्ञानज्योति प्राप्त गर्न प्रेरणा दिन्छ । उनको वीणालाई सङ्गीत र कलाको प्रतीकका रूपमा तथा पुस्तक र जपमालालाई शास्त्र र साधनाको प्रतीकका रूपमा लिइन्छ । यस्तो बाह्यरूप भएकी सरस्वतीले बुद्धि र विद्या दिन्छिन् भन्ने हिन्दु आस्थाका कारण कुनै पनि पठनपाठन वा प्राज्ञिक शुभकार्य शुरू गर्नुअघि सरस्वतीको वन्दना गर्ने परम्परा रहिआएको छ ।

विशेषगरी माघशुक्लपञ्चमीका दिन सरस्वतीको पूजा गरेर घरमा वा विद्यालयमा बालबालिकाको अक्षरारम्भ गर्ने गरिन्छ । दीप, कलश र गणेशको पूजा पहिला गरेर मात्र अक्षरारम्भ गर्नु उपयुक्त हुन्छ । यस दिन बालबालिकालाई पहिलो पटक अक्षर चिन्न र लेख्न सिकाइन्छ । यसलाई शास्त्रीय भाषामा लिपिग्रहण गराउने भनिन्छ । यसमा वर्णको उच्चारण र लिपि सिकाउने गरिन्छ । अनि उनीहरूको औपचारिक शिक्षा शुरू हुन्छ । विद्यार्थीहरूले मात्रै नभई शिक्षक, लेखक, सङ्गीतकार र कलाकारहरूले पनि यस दिन सरस्वती पूजा गर्दछन् । माघशुक्ल पञ्चमीलाई वसन्तपञ्चमी वा श्रीपञ्चमी पनि भनिन्छ । यसै दिन सरस्वती पूजाका विविध अनुष्ठान गर्ने चलन छ ।

पुराणहरूमा सरस्वतीलाई वाणी, बुद्धि र ज्ञानकी अधिष्ठात्री देवीका रूपमा व्याख्या गरिएको छ । श्रीमद्देवीभागवतमा सम्पूर्ण विद्याहरूकी विग्रहस्वरूपा सरस्वती देवीले बुद्धि (सामान्य मति वा प्रज्ञा), कवित्वशक्ति, मेधा (सुनेको कुरा धारण गर्ने शक्ति भएको बुद्धि), प्रतिभा (नयाँनयाँ कुराको कल्पना गर्ने शक्ति भएको बुद्धि) र स्मृतिशक्ति पनि मानिसहरूलाई दिने कुरा बताइएको छ–

सर्वविद्यास्वरुपा या सा च देवी सरस्वती ।
सा बुद्धिः कविता मेधा प्रतिभा स्मृतिदा नृणाम् ॥
(श्रीमद्देवीभागवत ९।१।३०)

देवीभागवत, मार्कण्डेयपुराण र ब्रह्मवैवर्तपुराणहरूमा सरस्वतीको स्वरूप र महिमाको विस्तृत चर्चा पाइन्छ । देवीभागवतअनुसार, जब भगवान् श्रीकृष्णले सृष्टि गर्न चाहनुभयो, तब प्रकृतिविना पुरूषले मात्र सृष्टि गर्न सम्भव नभएकाले विभिन्न कर्म सञ्चालन गर्न ती कर्मका अधिष्ठात्री भएर प्रकृति पाँच रूपमा अवतरित भइन् । ती 'पञ्चप्रकृति'मध्ये सरस्वती पनि एक प्रमुख देवी हुन् । श्रीमद्देवीभागवतमा स्पष्ट रूपले यो कुरा भनिएको छ–

गणेशजननी दुर्गा राधा लक्ष्मीः सरस्वती ।
सावित्री च सृष्टिविधौ प्रकृतिः पञ्चधा स्मृता ॥
(श्रीमद्देवीभागवत ९।१।१)

अर्थात्– गणेशजीकी माता दुर्गा, राधा, लक्ष्मी, सरस्वती र सावित्री यी पाँच शक्तिहरू सृष्टिका आधारस्तम्भ हुन् । यसरी मूलप्रकृतिका रूपमा सरस्वतीको उल्लेख हुनुले मानवजीवनमा वाणी, विद्या र विवेकको कति धेरै महत्त्व छ भन्ने कुरा स्पष्ट हुन्छ ।

ब्रह्मवैवर्तपुराणमा उल्लेख भएअनुसार, ब्रह्माजीले सृष्टिको प्रारम्भ गर्दा संसार शब्दहीन शून्य र चेतनाहीन अनुभव भयो । अनि उनले आफ्नो कमण्डलुको जल छर्केर वीणाधारिणी सरस्वतीको आह्वान गरे । उनको प्राकट्यसँगै संसारमा ध्वनि, सङ्गीत र वाणीको सञ्चार भयो र यो जगत् जीवन्त बन्यो । यसरी ब्रह्माजी पनि सरस्वतीदेवीको शक्तिविना पूर्ण सृष्टि गर्न असमर्थ भएको पुष्टि हुन्छ । वेदमा पनि सरस्वती नः सुभगा मयस्करत् (शुक्लयजुर्वेद २५।१६) इत्यादि मन्त्रहरूमा सरस्वतीको उल्लेख पाइन्छ ।

वेदमा सरस्वती नदीको समेत उल्लेख गरिएको पाइन्छ । यो नदी मरूभूमिमा पुगेर सुकेको छ भन्ने उल्लेख पनि छ । उतथ्य ऋषिका श्रापले उक्त नदीको जल सुकेको भन्ने कथा महाभारतमा आएको छ । सरस्वती नदीको तटका देशहरू अत्यन्त पवित्र मानिएकाले त्यहाँ वैदिक यज्ञ गर्नुपर्ने विधान पनि वैदिक ग्रन्थहरूमा छ । सरस्वती नदीको उल्लेख पौराणिक ग्रन्थहरूमा पनि पाइन्छ । यो नदी प्रयागमा यमुना र गङ्गाकै सङ्गममा लुप्त रूपले मिलेको र समुद्रमा पुगेको मानिन्छ ।

लक्ष्मी, गङ्गा र सरस्वतीले एकअर्कालाई मर्त्यलोकमा जानुपर्ने श्राप दिएकाले गङ्गा र सरस्वती नदीका रूपमा र लक्ष्मी तुलसीका रूपमा पृथिवीमा अवतरित हुनुपरेको प्रसङ्ग देवीभागवतमा पाइन्छ । सरस्वती देवीकै कलाको एक अंश सरस्वती नदीको रूपमा प्रवाहित भएको हो भन्ने बुझिन्छ ।

विभिन्न पुराणमा कतै सरस्वती ब्रह्माबाट उत्पन्न पुत्री र कतै ब्रह्माकै पत्नी भनेर पनि उल्लेख गरिएको पाइन्छ । श्रीमद्देवीभागवतमा चाहिँ सरस्वतीलाई विष्णुकी पत्नी भनिएको छ, जसले गर्दा धेरैलाई भ्रम हुने गरेको छ । तर पुराणका यस्ता भिन्नभिन्न वर्णन कल्पभेदले गर्दा भएको हुनसक्छ भनी व्याख्या गरिन्छ ।

**सरस्वतीका रूपहरू**

हामीले पूजा गर्ने सरस्वती देवी श्वेतसरस्वती हुन् । उनी शान्त, सौम्य र हिउँजस्तै गोरी छिन् । उनले वस्त्र पनि सेतो नै धारण गर्छिन् । तान्त्रिकहरूले भने निलो वर्णकी उग्रस्वभावकी नीलसरस्वतीको पूजा गर्छन् । उनी दस महाविद्यामध्येकी तारा हुन् । नीलसरस्वतीको एक प्रसिद्ध मन्दिर लिच्छविकालीन बस्ती लाजिम्पाटमा अवस्थित छ । सरस्वतीले कार्य र गुणका आधारमा विभिन्न रूपमा प्रकट भएर अनुग्रह गर्छिन् । सरस्वतीको उपासना

केवल वैदिक धर्मावलम्बी हिन्दुहरूले मात्रै गर्दैनन्, अपितु जैन र बौद्ध धर्मवलम्बीहरूले पनि गर्छन् । नीलसरस्वती "तारा"को विशेष गरेर बौद्धमार्गीहरूले उपासना गर्छन् ।

हिन्दु धर्मकी विद्याकी देवी सरस्वतीको स्वरूप बौद्ध धर्मका माध्यमबाट चीन हुँदै जापान पुगेपछि त्यहाँको स्थानीय संस्कृति र सिन्तो परम्परासँग घुलमिल भएर बेञ्जाइतिनका रूपमा धुमधामसँग पूजिन्छ । वेदमा सरस्को अर्थ पानी हुन्छ । वेदमा सरस्वतीलाई जलसँगसम्बद्ध देवी मानिन्छ । वैदिक प्रभावले प्राचीन कालदेखि नै जापानमा

जलमा अर्थात् तलाउ र समुद्रका नजिक सरस्वतीको मन्दिर बनाइने गरेको कुरा नेपालका लागि तात्कालीक जापानी राजदूत ताकामिचि ओकावेले उल्लेख गरेको पाइन्छ (जापानमा हिन्दु देवी-देवताहरू, स्पेसटाइम दैनिक पत्रिका २०५८।८।९, पृ.५) ।

## वसन्तपञ्चमीको महत्त्व

ऋतुराज वसन्तको आगमनसँगै सरस्वती पूजा हुन्छ । वृक्षहरूको पालुवा र नयाँ पुष्पहरूको स्वागतसँगै वसन्तपञ्चमीलाई उमङ्गको आगमनजसरी धुमधामसँग मनाइने प्रचलन छ । यो दिन शुभदिन भएकाले यस दिन विवाह गर्न अथवा कुनै पनि शुभकार्य गर्न साइत हेरिरहनुपर्दैन भन्ने विश्वास रहिआएको छ । उपनयनका लागि पनि यो दिन उपयुक्त मानिन्छ । कतिपय ठाउँमा वसन्तपञ्चमीकै दिन कामदेव र रतिको पूजा पनि गरिन्छ । वसन्तपञ्चमीका दिन हनुमानढोका दरबार क्षेत्रमा राष्ट्रध्यक्षलगायतका विशिष्ट व्यक्ति जम्मा भई वसन्तश्रवण गर्ने चलन छ । यस अवसरमा विक्रम संवत् १३०० तिरका बङ्गाली कवि जयदेवद्वारा रचित गीतगोविन्दको वसन्तराग सुन्ने प्रचलन रहेको पाइन्छ ।

वसन्तश्रवण गराउँदा राजालाई या राष्ट्राध्यक्षलाई सुनाइने "हेमन्त, शिशिर, वसन्त, ग्रीष्म, वर्षा र शरद् छ ऋतुहरूमा छ प्रकारले सुख प्राप्त होस् र छ ऋतुमा छ वस्तुहरूको जसरि नाश हुन्छ त्यसै प्रकारले शत्रुहरू नष्ट होउन्" भन्ने अर्थ भएको पद्य यस प्रकारको छ–

हिम–शिशिर–वसन्त–ग्रीष्म–वर्षा–शरत्सु
स्तन–तपन–वना–ऽम्भो–हर्म्य–गोक्षीरपाणैः।
सुखमनुभव राजँस् त्वद्–द्विषो यान्तु नाशं
दिवस–कमल–लज्जा–शर्वरी–रेणु–पङ्कैः॥

यसरी वसन्तमा सङ्गीतसहित देवीको स्तुति सुन्नाले नयाँ ऊर्जा र उत्साह सञ्चार हुने विश्वास गरिन्छ । यस दिनमा ऋणको लेन-देन, भूमिको किन-बेच इत्यादि अर्थव्यवहार गर्ने पनि नेपालीहरूको पहिलेदेखिको परम्परा छ ।

## सरस्वतीको पूजाविधि

माघ-शुक्लपञ्चमीका दिन स्नान आदि नित्यकर्म गरी शुद्ध भई भक्तिपूर्वक कलश स्थापना गरी आफ्नो वेदशाखाअनुसारका विधिद्वारा अथवा तन्त्रोक्त विधिद्वारा पनि सरस्वतीको पूजा गर्न सकिन्छ । देवीभागवतपुराणमा काण्व शाखाअनुसार गरिने पूजाविधि उपलब्ध छ, जसअनुसार नौनी, दही, दुध, धानका लाबा, गुड, मह, सेतो धानको चिउरा, सेतो लड्डु, घिउ, हविष्यान्न, नरिवल, पाकेको केरा, देशर कालअनुसार उपलब्ध सुन्दर सेतो पवित्र फल र सुगन्धित श्वेतपुष्प, चन्दन, शङ्ख, श्वेतमाला इत्यादि अर्पण गरी सरस्वतीको ध्यान गरी आराधना गर्नुपर्दछ र "श्रीं ह्रीं सरस्वत्यै स्वाहा" यस मूल मन्त्रलाई लेखेर पूजा गरी दाहिने भुजामा बाँध्नुपर्दछ । यस मन्त्रलाई ४ लाख पटक जपेर सिद्ध गरे मनुष्य बृहस्पतिसमान हुनेछ भनेर पनि देवीभागवतमा बताइएको पाइन्छ–

चतुर्लक्षजपेनैव मन्त्रः सिद्धो भवेन्नृणाम्।
यदि स्यान्मन्त्रसिद्धो हि बृहस्पतिसमो भवेत्॥

(श्रीमद्देवीभागवत ९।४।५८)

यस मन्त्रको मात्र नभएर विश्वजयनामक सरस्वती-कवचको पनि उल्लेख भेटिन्छ । यसको पाठ तथा धारणले बृहस्पति बुद्धिमान् भए, वाल्मीकि मुनि कवीश्वर भए, साथै कणाद, गौतम, कण्व, पाणिनि, शाकटायन, दक्ष, कात्यायन, व्यास इत्यादि मुनिहरू पनि गहन ग्रन्थहरूको रचना गर्न समर्थ भए भनेर यसै अध्यायमा कवचसहितको विमर्श प्रस्तुत गरिएको छ ।

सामान्यतया तलको प्रसिद्ध श्लोकले सरस्वतीको वन्दना र पूजा गरिन्छ–

सरस्वती मया दृष्टा वीणापुस्तकधारिणी।
हंसवाहनसंयुक्ता विद्यादानं करोतु मे॥

अर्थात्, मबाट देखिएकी, वीणा र पुस्तक धारण गरेकी, हाँसको वाहन भएकी सरस्वती देवीले मलाई विद्यादान गरून् । यसै श्लोकका विस्तारमा आउने अन्य श्लोकहरूमा सरस्वतीका भारती, सरस्वती, शारदा, वागीश्वरी, कौमारी इत्यादि १२ नामहरूको स्मरण गर्नुपर्ने भनी स्तुति गरिएको छ ।

कुनै वेला वैशम्पायनसँग पढ्दै गरेका ऋषि याज्ञवल्क्यको गुरूसँग परेको विवादका क्रममा गुरू वैशम्पायनद्वारा श्रापित हुन पुगी याज्ञवल्क्यले गुरूबाट प्राप्त यजुर्वेदशाखा ओकलिदिएपछि याज्ञवल्क्य विद्याविहीन हुन पुगे । त्यसपछि उनले सूर्यदेवको स्तुति गरी सूर्यदेवलाई प्रसन्न गराई वेद पढ्न लागे । त्यसभन्दा पहिला सूर्यदेवले

**उनलाई स्मरण शक्तिका निम्ति सरस्वतीको स्तुति गर्न लगाए । सरस्वतीको स्तुति गरेपछि मात्र याज्ञवल्क्यले पुनः वेदविद्या प्राप्त गरे भन्ने उल्लेख पनि पाइन्छ । उक्तस्तुति यस प्रकारको छ–**

कृपां कुरू जगन्मातर्मामेवं हततेजसम् ।
गुरूशापात्स्मृतिभ्रष्टं विद्याहीनं च दुःखितम् ॥
ज्ञानं देहि स्मृतिं विद्यां शक्तिं शिष्यप्रबोधिनीम् ।
ग्रन्थकर्तृत्वशक्तिं च सुशिष्यं सुप्रतिष्ठितम् ॥
प्रतिभां सत्सभायां च विचारक्षमतां शुभाम् ।
लुप्तं सर्वं दैवयोगान्नवीभूतं पुनः कुरू ॥
यथाङ्कुरं भस्मनि च करोति देवता पुनः ।
ब्रह्मस्वरुपा परमा ज्योतीरुपा सनातनी ॥
सर्वविद्याधिदेवीया तस्यै वाण्यै नमो नमः ।

(श्रीमद्देवीभागवत ९।५।६–१०)

**अर्थात्– हे जगज्जननी, गुरूको श्रापले स्मृति विनष्ट भएको निस्तेज विद्याविहीन र दुःखी ममाथि कृपा गर्नुहोस् । हे देवी, मलाई ज्ञान, स्मरणशक्ति र विद्याका साथै शिष्यहरूलाई बुझाउन सक्ने सामर्थ्य, ग्रन्थनिर्माणको सामर्थ्य, सुप्रतिष्ठित शिष्य र सज्जनका सभामा अभिव्यक्तिको लागि प्रतिभा तथा उत्तमविचारक्षमता पनि प्रदान गर्नुहोस् । दैवयोगले लुप्त भएका मेरा शक्तिहरूलाई नवीन रूपमा पहिलेजस्तै गराइदिनुहोस्, जसरी देवताले भस्ममा लुकेको बिउलाई पुनः अङ्कुरित गरिदिन्छन् । जो ब्रह्मस्वरूपिणी परमा ज्योतिरूपा शाश्वत तथा सबै विद्याहरूकी अधिष्ठात्री देवी हुन्, उनै सरस्वतीलाई वारम्वार नमस्कार छ ।**

**यसरी स्तुति गरी वाग्देवीलाई सन्तुष्ट गराई नष्ट भएको विद्या पनि सरस्वतीको उपासनाले याज्ञवल्क्यलाई पुनः प्राप्त भएको यो प्रसङ्ग विशेष मननीय छ । सामान्यतया सरस्वतीको स्तुतिको रूपमा पाठ हुने स्तुतिभन्दा यो स्तुतिमा पौराणिक स्तुतिले वेदशाखावृद्धिको प्रसङ्ग जोडिएको छ । यस्ता अन्य प्रसङ्ग पनि पुराणहरूमा पाइन्छन् ।❖**

ब्रह्मपुरी, बुढानीलकण्ठ न.पा.–६, काठमाण्डौं

सन्दर्भग्रन्थहरू
श्रीमद्देवीभागवत, मार्कण्डेयपुराण, ब्रह्मवैवर्तपुराण, महाभारत इत्यादि

कविता

# माता सरस्वती

–भुवनराज सुवेदी 'शास्त्री'

धेरै ज्ञानी भव सरस्वती देवी हुन् ज्ञान बाँढ्नी ।
पूजा गर्छौं दिन दिन सधैं देवी आशीष मागी ॥

सारा ज्ञानै सरस्वती सँगै हुन्छ जान्नु सबैले ।
बुद्धिकी हुन् अधिपति यिनै मान्नु पर्ने सबैले ॥

सारा विद्यालयहरू सबै देवीको ज्ञान बाँढ्छन् ।
विद्यार्थीले सरस्वती खुवै ध्यान राखेर पढ्छन् ॥

राम्रा राम्रा गुरूकुलमा सबै देवीको प्रतिमा छ ।
माघै शुक्लै सब मिलि पूजा पञ्चमीमा त हुन्छ ॥

देवी माता सरस्वती तिमी ज्ञान बाँढेर हिँड्छौ ।
पूजा गर्छन् सुजनहरूले तिमी आशीष दिन्छौ ॥

सबै माग्ने धरणी तलमा शारदाको कृपा हो ।
दिन्छौ देवी सुपठित हुने बुद्धि तिम्रो विधा हो ॥

त्रिदेवीमा तिमी त सजिली भारती देवी नै हो ।
सात्विक देवी तिमी त हँसिली हाम्री आमा सरी हो ॥

पूजा गर्ने भवतल सबै भारती देवीको हो ।
विद्यार्थीकी तिमी त मनकी नेत्र ज्योति सरी हो ॥

पौषे जाडो दिनभरि सुखा घाम तापेर बस्ने ।
बेला माघै अब सरस्वती देवीको पूजा गर्ने ॥

विद्यार्थीले दिन दिन गनि पढ्दछन् घाम तापि ।
सम्झन्छन् नै सरस्वती पूजा गर्ने बेला भयो नि ॥❖

–बालुवाटार, काठमाडौं

# वैदिक सनातनीहरूको निजत्व: व्रतबन्ध

सहप्रा. डा. बिनुबाबा अर्याल

संस्कृति शब्दमा कृ अगाडि 'स'कार छ जसको अर्थ हुन्छ समूह र अलङ्कार वा भूषण । संस्कृतिद्वारा नै विभिन्न सभ्यताको उत्कर्ष र अपकर्ष नापिने र मानिसहरूलाई संगठित गर्ने गरिन्छ । संस्कृतिका आधारमा नै विभिन्न धर्म सम्प्रदाय र विचारलाई समन्वय गर्न सकिन्छ । संस्कृति सम्पूर्ण जीवनको गुणात्मक उत्कर्षको प्रक्रिया हो । अतः वेदादि शास्त्रको बोधित; मानसिक, वाचिक तथा कायिक तीनै प्रकारका सत्कर्मलाई संस्कृति पनि भन्न सकिन्छ ।

संस्कृतिको विकास मानवीय चेतनाको विकास हो । संस्कृति; मूल्यदृष्टि, मूल्यनिष्ठा र मूल्यलाई आर्जन गर्ने प्रक्रिया हो । अतः संसारकै प्राचीनतम संस्कृति हो- हिन्दु संस्कृति । यो जति व्यवहारिक छ, त्यतिकै वैज्ञानिक पनि छ । हिन्दु संस्कृति दर्शन हो, सिद्धान्त हो । यसका क्रियाकलाप जति सामाजिक छन्, त्यति नै व्यवहारिक पनि । पाषाणयुगीन अँध्यारो कालखण्डबाट गुज्रिँदै आएको समाजलाई सर्वप्रथम सामाजिक प्राणीको पहिचान गराउने पनि यही संस्कृति हो । मन्त्रले चल्ने आधुनिक विज्ञानले भर्खरै देख्दै र अनुभूत गर्दैआएको खगोल, भूगोलको यावत पक्षलाई झण्डै पाँच हजार वर्ष पूर्व नै दुनियासामु उजागर गर्ने पनि यही संस्कृति हो । सर्वप्रथम समाजमा कर्मका आधारमा मानिसको स्थान निर्धारण हुनुपर्दछ भन्ने मान्यता राख्ने पनि यही संस्कृति हो । मानिसलाई मानिस भएर बाँच्न लगाउने र सिकाउने पनि यही संस्कृति हो । यस संस्कृतिमा जन्मदेखि मृत्यु पर्यन्त गर्नुपर्ने यावत पक्ष चाहे ठुला हुन् चाहे साना सामाजिक दृष्टिले जति महत्त्वका छन् त्योभन्दा बढी व्यावहारिक दृष्टिले छन् ।

संस्कृतिको प्रमुख विशेषता, समस्त मानवलाई आध्यात्मिक र भौतिक विकासको उच्चतम शिखरमा पुऱ्याएर जीवनमुक्तिको अवस्थामा प्रतिष्ठित गराउनु हो । विकासको श्रेष्ठतम स्वरूप मानव जीवन मानिएको छ । वैदिक वाङ्मयलाई हामी वेद, ब्राह्मण, वेदाङ्ग र वैदिक परिशिष्टमा विभाजन गर्न सक्छौं ।

वैदिक आदर्शमा धर्म, अर्थ, काम र मोक्षको प्राप्ति गर्नु मानिसको पुरूषार्थका चार महत्त्वपूर्ण आयाम मानिएका छन् । यसमा धर्मले बन्धुत्व, सदाचार, सुसंस्कार, न्याय र दिगो उन्नतितर्फ डोऱ्याउने सार्वभौम नैतिक आचरणहरूको पालन गर्ने जनाउँदछ । एउटा मानिसले के गर्ने र के नगर्ने कुराको बोध गरेर आफैले आफैलाई बन्धनमा राख्ने, संयमित बनाउने र आफ्नो जीवनचर्यालाई उन्नत बनाउनुका साथै आफ्ना कारणले अरू मानिस प्राणी वातावरण र प्राकृतिक प्रणालीमा कुनै प्रतिकूल असर नपर्ने संस्कारको विकास जे र जसले गर्छ त्यो धर्म हो । यो संसारको टिकाउ प्रणालीबाट यदि धर्मलाई झिकिदियो भने यहाँ विद्यमान समस्त प्रणालीको छन्दबद्धता नष्ट भ्रष्ट हुन्छ ।

धर्म साध्य हो संस्कृति साधन हो । मनुस्मृतिमा धर्मका १० वटा लक्षणहरू बताइएको छ । तिनमा धृति (धैर्य), क्षमा (क्षमाभाव), दम (दमन बुद्धि चित्त अहंकारको दमन), अस्तेय (चोरी नगर्नु), शौच (आन्तरिक र बाह्य शुद्धि) इन्द्रिय निग्रह (इन्द्रियलाई बसमा राख्नु), धी (आस्तिक बुद्धि विचार) विद्या (अन्धकारबाट उज्यालोतर्फ लाने साधन), सत्य (बोली वचनमा तादम्य) र अक्रोध (नरिसाउनु क्रोध नगर्नु) पर्दछ । जसले धारणको अर्थ निर्देश गरेका हुन्छन् । जसरी अग्निले कुनै पनि वस्तु भष्मसात् गरिदिन्छ, त्यसैगरी धार्मिक व्यक्तित्वले सूक्ष्माचरण जीवन दोष नाश गरिदिन्छ ।

व्यक्तिले अभ्यासद्वारा स्वभावमा परिणत गरेका

आनीबानी र आचरण संस्कार हुन् । त्यहाँ एउटा पुस्ताले अर्को पुस्तालाई हस्तान्तरण गर्दै जे जस्ता विधि, प्रविधि, विश्वास, मूल्य, मान्यता र बानीलाई पुस्तौसम्म टिकाउँछ त्यो परम्परा हो ।

कार्यः शरीर संस्कार पावनः प्रेत्य चेहच (मनु २/२६) अनुसार संस्कारले यो जन्म र अर्को जन्मलाई पवित्र बनाउँछ । संस्कार सम्पन्न हुँदा नराम्रा संस्कारको शमन र राम्रा संस्कारको जन्म हुन्छ । संस्कार सम्पन्न व्यक्ति नै सभ्य, शिष्ट, सदाचारी र चरित्रवान् हुन्छ । महत्त्व दीर्घ जीवनको होइन पवित्र जीवनको हो । जीवनलाई भोग अथवा योगको अनुरूप बनाउने विधि संस्कार हो । विना संस्कार भौतिक पदार्थहरू पनि प्रयोग गर्न हुँदैन । संस्कारको पवित्र उद्देश्य व्यक्तिको व्यक्तित्व तथा देहलाई संस्कृत गर्नु हो । सामान्यतः संस्कार शब्दले कुनै पनि वस्तु, पदार्थ वा जातिमा रहेका दोषहरू हटाई गुणहरूको विकास गर्ने कृयालाई बुझाउँदछ ।

संस्कारो नाम ए भवति यस्मिञ्जाते पदार्थो भवति योग्य थस्यनिरर्थस्य (प्र. ६६० जैमिनी ३/१/३ शावरभाष्य) । शावर स्वामीको भनाइअनुसार संस्कार त्यो वस्तु हो, जुन क्रिया गर्नाले कुनै वस्तु वा व्यक्ति योग्य बन्छन् । जसरी सुनारले सुनलाई आगोमा पोली पोलिकन परिष्कृत गरेर थरिथरिका गहना बनाउँछन् त्यसरी नै माता पिता गुरू पुरोहितले संस्कारबाट आफ्ना छोराछोरी छात्रछात्रा र यजमानलाई वैदिक विधिपूर्वक परिष्कार गरेर व्यक्ति परिवार समाज र राष्ट्रको योग्य सदस्य बनाउँछन् । मानव जीवनको शरीर इन्द्रिहरू मन, बुद्धि, अहंकार र जीव भाव आदि जति नै अङ्ग छन्, यी सबै अत्यन्त उत्कर्षसम्म अनेक संस्कार हुन्छन् । योगीहरूको दृष्टिमा मानवमा सङ्कल्प विचार भावना आदिबाट मात्र होइन, देह, इन्द्रिय, मन, बुद्धि, अहंकार आदि हलचल र चेष्टाबाट पनि संस्कार उत्पन्न हुन्छन् । आर्य संस्कृतिमा मानव जीवनको उत्थान र पराकाष्टा वा परमध्येय आत्म साक्षात्कार वा भगवत प्राप्ति हो ।

गर्भाधानदेखि लिएर अन्त्येष्टिसम्म ४८ वटा संस्कार उल्लेख भएका छन् । जसमध्ये चुणाकर्म संस्कार पनि एक हो । गर्भदेखि साथ आएका केशहरूमा भएका बासनाहरू हटाएर मानवीय गुणहरू स्थापना गर्न मुण्डन संस्कार गरिन्छ । अतः बालकको मुण्डन बालकमा मेधा, प्रज्ञा आदि आध्यात्मिक श्रृंगारका भावहरूले सजाइ दिने मण्डन हो । भारद्वाजले यस संस्कारको प्रारम्भ वैदिक कालदेखि नै हुँदैआएको छ भनेका छन् । अमरकोशले शिखा चुडा भनेर बताए अनुसार चुडा भनेको शिखा हो । हाम्रो संस्कृतिमा शिखाको महत्त्व प्राचीन कालदेखि रहँदैआएको छ । वैदिक साहित्यमा वर्णन भएअनुसार मानिसले शिरमा गोखुरको परिणामको शिखा राख्नु जरूरी छ । शिखालाई सिंहको जग्गरसित तुलना गरिएको छ । तैत्तिरीयोपनिषद्मा वर्णन भए अनुसार तालुको बीचमा स्तन जस्तै जुन केश राशि छ त्यही नै केशहरूको मूल हो । त्यही शिरको कपालका इन्द्रयोनी इन्द्र अर्थात् परमात्मा प्राप्तिको मार्ग शुषुम्ना नाडी हो ।

योगीजनहरू सुषुम्ना नाडीलाई प्रवद्ध गरी त्यससित आत्मसाक्षात्कार गर्दछन् । यो नाडी आफ्नो मूल स्थानमा रही ललाटको बीचमा घुमिरहन्छ । सुषुम्नाको मूल स्थानलाई वैद्यहरू मस्तुलिङ्ग भन्ने गर्दछन् । मस्तुलिङ्ग सँगैको अग्रभागलाई योग विद्याविद्हरू ब्रह्मरन्द्रको संज्ञा दिन्छन् भने वैद्यहरू मस्तिष्क । यसरी सम्पूर्ण शरीरको प्रधान अङ्गको रूपमा रहेको शिरका दुई भाग छन्- मस्तुलिङ्ग र मस्तिष्क । शरीरमा व्यक्त जति पनि नाडीहरू छन् तिनीहरू सबैको सम्बन्ध शिरसित छ । शिरमा दुई शक्तिहरू ज्ञानशक्ति र कार्यशक्ति रहन्छन् । यी दुवै शक्तिहरूको परम्परा नाडीहरूद्वारा सारा शरीरमा फैलिएका छन् । यसैले शरीरमा ज्ञान र कर्म दुई विभाग छन् । यी दुवै विभागहरूको मूलस्थान मस्तुलिङ्ग तथा मस्तिष्क हो । मस्तुलिङ्गमा कर्मशक्तिको केन्द्र छ, जबकि मस्तिष्क ज्ञानशक्तिको केन्द्र हो ।

शिरका दुई भागमध्ये मस्तिष्कलाई ठण्डा गराउनुको लागि क्षौरकर्म भनौँ या चुडाकर्म गरिन्छ । चुडाकर्म जन्मेको पहिलो वा दोस्रो वर्षमा गरिनुपर्ने कुरा वर्णित छ ।

चूडाकर्म द्विजातीनां सर्वेषमव धर्मतः ।
प्रथमेऽव्दे तृतीये वा कर्तव्य श्रुतिचोदनात् ॥

(मनुस्मुति (२/३५)

चुडाकर्म संस्कारलाई आफ्नो कुल परम्पराअनुसार वा उपनयन संस्कार साथ पनि सम्पन्न गर्न सकिन्छ भनेर

केही विद्वान्हरूले भनेका छन् । यसका अतिरिक्त यस संस्कारलाई सम्पन्न गरिने विधानका लागि अयन, पक्ष, तिथि, बार र नक्षत्रको पनि निर्धारण गरिएको छ ।

संस्कारहरूमा व्रतबन्धको महत्त्व पनि ज्यादै छ । व्रतबन्ध व्रत र बन्ध दुई शब्द मिलेर बनेको छ । आफ्नो सनातन परम्परा अनुसार वेदमा बताए अनुसार व्रतहरूको पालना गर्दै नियममा रहनका लागि गर्नुपर्ने काम व्रतबन्ध हो । अर्को शब्दमा वैदिक शाखा सूत्रले विधान गरे अनुसार व्रतमा रहनुपर्ने विधान छ । ती विधान या नियमहरूको पालना गरेर मात्र वेदाध्ययन गर्नुपर्ने भएकोले त्यसको अधिकारी हुनका लागि गरिने कर्म व्रतबन्ध हो भन्दा यसको अर्थ बढी स्पष्ट हुन जान्छ । यसलाई उपनयन पनि भनिन्छ । त्यस्तै यो कामलाई व्रतबन्ध भोन्जी, बन्धन भोन्जी, मेखला वा कन्दानी, जनै लगाउनु एवम् मन्त्र सुनाउनु पनि भन्ने चलन छ । किनभने भोन्जी बन्धन भनेको कन्दानी बाध्नु अर्थात् लंगौटी भिर्नका लागि कन्दानी बाँध्नुपर्ने भएकोले लगौटी लगाउनु र जनै लगाएर मात्र गायत्री मन्त्र सुन्ने अर्थात् वेद पढ्ने अधिकार मिल्ने तथा गायत्री मन्त्र सुन्नकै लागि यो काम गरिने भएकोले यसलाई उक्त नामहरूले बुझाउने गरिएको हो । हुन पनि व्रतबन्ध वा उपनयन त्यो कृत्य हो जसलाई सम्पन्न गरेर बालकलाई शिक्षा ग्रहण गर्न योग्य पात्र बनाइन्छ र गुरुहरूको नजिकमा पुऱ्याइन्छ ।

उपनयन शब्दको अर्थ हो उप- समीप +नयन- लैजानु । विद्या अध्ययनको लागि बालकलाई गुरू वा आचार्यको समीप लैजानुलाई उपनयन भनिएको छ । धार्मिक विधिबाट ब्रह्मधारी गुरूवेद, यमनियमको व्रत र देवताको सामिप्यका दृष्टिबाट दीक्षित गराइन्छ त्यसैलाई उपनयन भनिन्छ ।

गुरुव्रतानां वेदस्य यमस्य नियमस्य च ।
देवतानां समीपं वा येनासौ नीयते नरैः ॥

(संस्कार प्रकाशः पृष्ठ ३३४)

गुरू व्रत धारण गरी अध्यनार्थ आएका शिष्यलाई आश्वस्त गर्दै भन्दछन् कि म तिम्रो हृदयलाई आफ्नो हृदयमा लिन्छु तिम्रो चित्तलाई आफ्नो चित्तमा लिन्छु ।

मम व्रतं ते हृदये दधामि मम चित्तमनुचितं तदस्तु ।
मम वाचं एकमना जुषस्व बृहस्पतिस्त्वा नियुनक्तु मह्यम् ॥

(अश्वालायन गृह्यसूत्र १.२१.७)

अर्थात् तिनीहरू दुवै मानौं एकमना हुन्थे । यसको तात्पर्य यो थियो कि विद्यारम्भको आरम्भदेखि नै गुरू तथा शिष्यहरू एक दोस्रोको समीपमा हुन्थे । सम्भवत यसैकारण शिष्यहरूको लागि अन्नेवासी शब्दको प्रयोग पनि गरिएको छ । अन्नेवासी शब्दको अर्थ हो- जो गुरूको अन्दर बास गर्दछन्, अर्थात् बसेको छ । उपनयन संस्कार गर्दै गुरू शिष्यलाई आफ्नै अन्तर मनमा लैजान्छन् । बालकलाई ब्रह्मचारी वैदिक विद्यार्थी बनाएर उसलाई ब्रह्मचर्य पालनको महत्त्व बताउँदै ब्रह्मचर्य पालन गराउन नै यसको विशेष तात्पर्य रहेको देखिन्छ । यसको विषयमा वेदले बताएअनुसार ब्रह्मचारीलाई सत्दीक्षा दिन, सदाचार सिकाउन, सत्ज्ञान दिलाउन वेद अध्ययन गराउन र दीक्षित एवम् स्नातक बनाउन गुरूले जिम्मा लिन्छन् ।

व्रतबन्धको स्वरूपलाई अथर्ववेदको ब्रह्मचर्य सुक्तमा बताएअनुसार गुरू (आचार्य)ले बालकलाई उपनयन संस्कार गरिदिन्छन् । ब्रह्मचर्य व्रतको उपदेश दिएर आफ्नो साथमा राख्दछन् । यस्तो ब्रह्मचारी ३ रातसम्म गुरूका साथमा रहन्छन् र जब उसले द्विजत्व रूप दोस्रो जन्म ग्रहण गरेर उत्पन्न हुन्छ अनि त्यसलाई हेर्नका लागि देवताहरू पनि एककृत हुन्छन् । यस्तो व्रतबन्ध संस्कार अति महत्त्वपूर्ण एवम् आवश्यक संस्कार हो । यस सन्दर्भबाट यो ज्ञात हुन्छ कि मातृ गर्भमा जसरी शिशु सुरक्षित रहन्छ त्यस्तै आचार्य कुलमा विद्यार्थी अनेकानेक प्रदूषणहरूबाट सुरक्षित रहन्छ ।

आमा बालकलाई आफ्नो गर्भमा राखेर जन्म दिन्छिन् भने आचार्यहरू आफ्नो हृदय र आश्रममा राखेर ब्रह्म विद्यावान् बनाएर जन्म दिन्छन् । त्यसपछि मात्र उसलाई द्वज भनिने गरिन्छ । द्विज भन्नाले पहिला आमाबाट र पछि आचार्यबाट गरी दुईचोटि जन्मेको मानिन्छ ।

अथर्ववेदको एक अन्य सन्दर्भमा बालक गुरूकुलमा जाने भन्नुको अर्थ मृत्युलाई समर्पित हुने कुराको रूपमा वर्णित छ । यसैले गुरू भनौं या आचार्यलाई मृत्यु भनियो ।

आचार्यो मृत्युः (अथर्ववेद १.१५.१४)

मृत्योररहं ब्रह्मचारी यद्स्मिनिर्याचन भूतात पुरुषं यमाप ।

(अथर्ववेद ६.१३३.६)

सम्भवत यसको कारण यो रहेको छ कि उपनयन

संस्कारद्वारा ब्रह्मचारीको आफ्ना जन्मदाता मातापितासित सम्बन्ध छुट्दथ्यो र तिनको दोस्रो जन्म हुन्थ्यो । यस दोस्रो जन्ममा गुरू तिनका पिता हुन्थे । सावित्री तिनकी माता हुन्थिन् । गुरूकुलमा जसै बालक पदार्पण गर्दथे, उनी उपनयन पश्चात् द्विज कहलाउँथे । कठोपनिषद्मा बाजश्रवस ऋषि आफ्ना छोरा नचिकेतालाई मृत्यु अर्थात् आचार्यलाई दिन्छन् । नचिकेता यम कहाँ पुग्दा त्यसबेला यम घरमा हुँदैनन् । केही नखाइकन तीन दिनसम्म उनी त्यहाँ यमको प्रतीक्षामा रहन्छन् । यम फर्केर आउँदा केही नखाइकन घरमा बसिराखेको देखेपछि यमले प्रायश्चित स्वरूप नचिकेतालाई प्रत्येक रातको एक एक वर माग्नको लागि अनुरोध गरे । नचिकेताको तीन रात यमको घरमा रहनु त्रिरात्री गर्भमा रहनु नै हो । शतपथ ब्राह्मणमा पनि वर्णन गरिएको छ कि- आचार्य शिष्यको शिरमा हात राख्दथे जसबाट उनी गर्भी हुन्थे । तेन गर्भी भवती । तेस्रो दिन सावित्रीद्वारा उपनीत भ्रूण गुरूबाट प्रकट हुन्थ्यो र ब्राह्मणत्व प्राप्त गरी अन्तेबासी कल आउँथ्यो । (शतपथ ब्राह्मण ११.५.४ १६-१७)

औपनिषदिक शिक्षा प्रणालीमा उपनयन संस्कार विद्याको प्रवेशद्वार थियो । महर्षि उद्दालक आरूणिले आफ्ना पुत्रलाई कुनै आश्रममा गई ब्रह्मचर्य धारण गर्न जानको लागि भनेका थिए । पिताको उक्त कथनपछि श्वेतकेतुले १२ वर्षको उमेरमा ब्रह्मचर्य बास गरे । २४ वर्षको आयुमा विद्या समाप्त गरी महामना भएर शिक्षित भएको अभिमान लिई उनी घर फर्किए ।

उपनयन संस्कारभन्दा पहिले कुनै किसिमको आचरण गरे पनि बालकलाई कुनै दोष लाग्दैन तर उपनयन गरेपछि यो संस्कारले व्यक्तिलाई कलिलै उमेरदेखि नियमबद्ध जीवनमा प्रविष्ट गराएर धार्मिक उन्नतितर्फ डोर्याउँदछ । यो संस्कार विना ब्राह्मण, ब्राह्मण हुँदैन, क्षत्री क्षत्री हुँदैन । अनि वैश्य वैश्य पनि हुँदैन । दुई आमाबाबुको शरीरबाट जन्म लिएर पनि दुई सम्बन्धी शास्त्रीय अधिकार प्राप्त गर्नका लागि यो संस्कार गर्नु आवश्यक छ । मनुको भनाइ अनुसार न उसलाई सन्ध्या बन्धन आदि कुनै काम गर्ने अधिकार मिल्दछ, न त उसलाई द्विज समाजको पंक्तिमा नै गणना गरिन्छ । एक प्रकारले यो आचार्य र गायत्रीको सहयोगबाट प्राप्त हुने दोस्रो जन्म हो । पहिलो जन्मभन्दा दोस्रो जन्मको महत्त्व पनि गौरवमय एवम् विशिष्ट छ ।

उपनयन एक यस्तो संस्कार हो, जसद्वारा बालक गुरूका नजिकमा लगिन्छ किनभने गुरू नै ब्रह्मा गुरू नै विष्णु र गुरू नै शिव (महेश्वर) भएकोले र गुरूबाट पठित वेद पनि परमात्मा स्वरूप भएकोले गुरूसँग जान र वेद अध्ययन गर्न यज्ञो पवित धारण गर्नुपर्ने हुन्छ । परमात्मालाई प्राप्त गराउने वाला हो । यो कपासको धागोबाट बाटेका नौ डोरालाई तेहराइएको एक डोरी हो । यसलाई पनि त्रिवृत्त गरी एक ग्रन्थीद्वारा बाँधेपछि यसको निर्माण पूरा हुन्छ । वर्षभरिमा एकपटक यसको महत्त्व बुझाउन र नयाँ फेर्नका लागि पर्वको आयोजना हुने गर्दछ जसलाई जनै पूर्णिमा भनिन्छ । श्रावण शुक्ल पूर्णिमाका दिन नयाँ जनै वैदिक विधिले अभिमन्त्रित गराई धारण गर्ने चलन छ ।

अग्नि हवन आदि उपनयनमा प्रधान छन्, जसले बुद्धिलाई परिमार्जित गर्दछ । यस संस्कारमा पलाँस दण्ड धारण गर्नुपर्ने र पलाँस सहितका समिधाद्वारा आहूति दिने विधान छ । पलाँस वृक्षलाई स्मरण शक्ति बढाउने र दृढ बनाउनेमा सहायक मानिएको छ । कोपीन कटिसूत्र, मेखलाका साथै शिरदेखि पैतलासम्म लम्बाई भएको लठ्ठी (दण्ड) पनि दिइन्छ । मेखलाबाट ब्रह्मचारी तप,

ज्ञान, सहनशीलता, परिश्रम र कर्तव्य पालनको निष्ठा आदिका गुणबाट सम्पन्न हुन जान्छ । आचार्यले शिष्यलाई सत्कर्महरू प्रवृत्त गराउन कम्मरमा मेखला बाँधी सदाको लागि दुःख र बन्धन हटोस् भन्ने आशीर्वाद दिन्छन् ।

पहिले पहिले अजिन या चर्म पशुको छाला उपनयनको समयमा ब्रह्मचारीलाई धारण गराइन्थ्यो । ब्राह्मणलाई कृष्ण मृगको, क्षत्रियलाई रुरु मृगको र वैश्य ब्रह्मचारीलाई बोकाको चर्म छाला दिने चलन थियो र अग्नि पुराणमा क्षेत्री ब्रह्मचारीलाई बाघको छालाको पनि विधान पाइन्छ । पछि गएर पशुको छाला अनुपलब्ध भएको कारण रेशम/उनकृत वस्त्र क्रमशः तीनै वर्णका कर्मचारीका लागि प्रयोग गर्न थालियो ।

शिष्यको प्रार्थनामा आचार्यले सावित्री (गायत्री) मन्त्रको उपदेश गर्दछन् । आचार्यले यस अवसरमा शिष्यको हातलाई आफ्नो हातले समाती वस्त्रबाट छोपिएको गायत्री मन्त्रको उपदेश दिने विधान छ । गायत्री मन्त्र यस प्रकारको छ–

ॐ भूर्भुव स्वः तत्सवितुर्वरेण्यं भर्गो देवस्य धिमहि धियो यो नः प्रचोदयात्। (ऋग्वेद ३/६२ /१० यजुर्वेद २२/९)

सूर्यको अर्थ हुन्छ उत्पन्न गर्ने गति दिने प्राण दिने । गायत्री मन्त्रमा देवता सविता हुन् । सविता शब्द सूर्यको पर्यायवाची हो । तेजस्वी प्रकाशवान् शक्तिलाई सविता भनिन्छ । अतः हाम्रो रक्षा गर्ने उनै ज्योतिरूप भगवान् सविताको आवाहन गर्दछु । उहाँ सर्वत्र प्रकाशमान सर्वज्ञ परमेश्वर हुनुहुन्छ हामीलाई सर्वविध ज्ञान प्रदान गर्न उहाँसँग प्रार्थना छ ।

अर्को महत्त्वपूर्ण कुरा, आइपर्न सक्ने जस्तोसुकै परिस्थितिको सामना गरून् भन्ने आशयले आचार्यले शिष्यलाई भिक्षाचरण गर्ने आदेश दिन्छन् । भिक्षावृत्तिद्वारा ब्रह्मचारीलाई अहंकार नआओस् र परिश्रमपूर्वक आजीविकाको पार्जन स्वरूप बनोस् भन्ने हो ।

भिक्षावृत्तिको समय स्त्रीहरूबाट भिक्षा लिनको लागि भवत शब्दको तीनै वर्णका लागि पृथक पृथक निर्दिष्ट गरिएको छ ।

**ब्राह्मण–** भवती भिक्षा देही।

**क्षत्रिय–** भिक्षा भवती देही ।

**वैश्य–** भिक्षादेही भवती ॥

ब्रह्म विद्या सिक्नमा ब्राह्मण बालकको पाँच वर्षको उमेर, क्षत्रिय कुमारको ६ वर्षको, वैश्य कुमारको आठ वर्षको उमेरमा उपनयन संस्कार सम्पन्न गरिदिनु पर्दछ । परिस्थितिवस निर्धारित उमेरमा उपनयन संस्कार हुन नसकेमा त्यसका लागि पनि उमेरको सीमा बढाउन सकिने विधान थियो । त्यस अनुसार ब्राह्मण बालकको १६ वर्षसम्ममा, क्षेत्री बालकको २२ वर्षसम्ममा र वैश्य बालकको २४ वर्षसम्ममा उपन्यायन संस्कार गरिसक्नुपर्दछ ।

दुःखलाग्दो कुरा के छ भने विश्वकै सर्वश्रेष्ठ एवम् सभ्यतम हिन्दु जातिको गौरवमय इतिहासलाई अक्षुण्ण राख्ने शिखा एवम् सूत्र (यज्ञोपवित्र)लाई मिल्काएर आज व्रतबन्ध संस्कारको दुरूपयोग हुँदै गइरहेको छ । व्रतबन्ध संस्कारमा विधिपूर्वक धारण गर्नुपर्ने यज्ञोपवित जनै लगाउनहरूलाई नै यसको शास्त्रीय महत्त्वको ज्ञान छैन, न त यस सम्बन्धी नियमहरूको ।

नेपालमा धर्मान्तरणको समस्या बढ्दै गइरहेको छ । वैदिक सनातन धर्म जसलाई हिन्दु धर्म भनिन्छ र बौद्ध धर्म यहाँको परम्परागत धर्म हो । यहाँ ९० प्रतिशत भन्दा बढी जनता यसैमा आबद्ध छन् । तर यसैमाथि धर्मान्तरकारीहरूले व्यापक प्रहार गर्दैआएका छन् । शताब्दियौं पूर्वदेखि मिलेर बसेका नेपालीहरूलाई आपसमा फुटाउन लडाउने र अन्ततः पहिचान नै समाप्त पार्ने खेलमा तल्लीन रहेको पाइन्छ । धर्म संस्कृति र संस्कारलाई लिएर समाजमा विवाद चर्किरहेको वर्तमान परिप्रेक्षमा अतीतको प्रभाव र वर्तमान क्रियाको भावी परिणामलाई बुझ्नु आवश्यक छ । स्वकीय संस्कृतिको त्याग नै अवनतिको मूल मानिन्छ । राष्ट्रको खोलमा अर्को प्रबल राष्ट्रको आत्मा प्रवेश भएमा त्यस राष्ट्रको राष्ट्रियता संस्कृति जातीयता र आफ्नोपन नष्ट भई निर्जीव हुन पुग्दछ । नष्टको मतलब हो, राष्ट्रको भावना बदलिन्छ । आत्मा मर्दछ ।

वैदिक आर्यहरूको मूल मन्त्र थियो चरैवेती चरैवेती अर्थात् अगाडि बढ अगाडि बढ । आधुनिकताको नाममा व्यसनमा फसेर पश्चिमी हावाले भरिएर नयाँ पुस्ता आफ्नो परम्परागत संस्कृतिलाई बिर्सदै गइरहेको वर्तमान स्थितिलाई विवेक र विना कटुताका साथ समाधान गर्ने पहल गर्नुपर्दछ ।❖

–बत्तीसपुतली, काठमाडौं

## अष्टाङ्गयोगको एक अंग

# यम

योग केवल शारीरिक व्यायाम मात्र होइन । यो सम्पूर्ण जीवनलाई सन्तुलित र जागृत बनाउने आध्यात्मिक विज्ञान हो । योगका आठ अङ्ग छन् । त्यसैले अष्टाङ्ग योग पनि भनिन्छ । ती मध्ये पहिलो र अत्यन्तै महत्त्वपूर्ण अङ्ग हो- यम ।

यमः यो मानिसको बाह्य आचरण (बाहिरी अनुशासन)सँग सम्बन्धित छ । योगको यो पहिलो चरणले व्यक्तिको सामाजिक, नैतिक र व्यवहारिक जीवनलाई शुद्ध बनाउँछ । यमको अभ्यास नगरी अरू अङ्गहरू, जस्तै आसन, प्राणायाम, ध्यान आदि दृढ रूपमा अभ्यास गर्न सकिँदैन ।

संस्कृत शब्द "यम" को अर्थ हो– संयम, नियन्त्रण वा अनुशासन । निम्न पाँच यमहरू नैतिक जीवनका आधार भूत नियम हुन् जसले मानिसलाई शान्त, सत्यनिष्ठ र संयमी बनाउँछ ।

पतञ्जलि योगसूत्रले बताएको छ- अहिंसा, सत्यम्, अस्तेयम्, ब्रह्मचर्यं, अपरिग्रहाः यमाः ।

◆ अहिंसा– हिंसा नगर्नु

❑ कुनै पनि प्राणीलाई मन, वचन वा कर्मले दुःख नदिनु ।

❑ केवल शारीरिक हिंसा होइन, सोच र वाणीबाट पनि कसैलाई चोट नपुगोस् ।

उद्देश्यः करूणा, दया र प्रेमको विकास ।

◆ सत्य– सत्य बोल्नु र व्यवहार गर्नु

❑ विचार, वाणी र कर्ममा सत्यता राख्नु ।

❑ त्यस्तो सत्य बोल्नु जसले अरूलाई हानि नपुऱ्याओस् ।

उद्देश्यः विश्वास, पारदर्शिता र आत्मबलको वृद्धि ।

◆ अस्तेय– चोरी नगर्नु

❑ अरूको वस्तु, अधिकार वा विचार विना अनुमति नलिनु ।

❑ यसमा समय, श्रेय वा अवसरको चोरी पनि पर्दछ ।

उद्देश्यः सन्तोष र न्यायप्रियताको भावना जगाउनु ।

◆ ब्रह्मचर्य– इन्द्रिय नियन्त्रण

❑ केवल कामवासनाबाट टाढा रहनु होइन, सबै इन्द्रियहरूलाई संयमपूर्वक चलाउनु ।

❑ मन, दृष्टि, वाणी र कर्ममा शुद्धता ल्याउनु ।

उद्देश्यः उर्जा संरक्षण र आत्मबलको वृद्धि ।

◆ अपरिग्रह– लोभ र संग्रह नगर्नु

❑ आवश्यकभन्दा बढी वस्तु, धन वा सम्बन्धको संचय नगर्नु ।

❑ लोभ, मोह र असुरक्षाको भावना त्याग्नु ।

उद्देश्यः मानसिक शान्ति र स्वतन्त्रता प्राप्त गर्नु ।

यम को अभ्यासले जीवनमा पार्ने प्रभाव

◆ अहिंसा

कसैलाई हानि नपुऱ्याउनु

करूणा र प्रेम

◆ सत्य

सत्य बोल्नु र व्यवहार गर्नु

विश्वास र स्थिरता

◆ अस्तेय

चोरी र लोभबाट टाढा रहनु

सन्तोष र न्याय

◆ ब्रह्मचर्य

इन्द्रिय संयम

आत्मबल र शुद्धता

◆ अपरिग्रह

लोभ र संग्रहको त्याग

मानसिक शान्ति

यम योगको नैतिक जग हो । यसले व्यक्तिलाई सामाजिक रूपमा शुद्ध र आत्मिक रूपमा दृढ बनाउँछ । जब मानिस यमहरूको पालन गर्छ, तब मात्र ऊ योगका अरू सात अङ्गहरू– नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधितर्फ स्थिरतापूर्वक अघि बढ्न सक्षम हुन्छ । ❖

अनामिका श्रेष्ठ,
स्रोतः सामाजिक सन्जाल

# चाँगुनारायणको दशावतार दृष्यावलोकन



–मोहनप्रसाद आचार्य

चम्पक अर्थात् चाँगुनारायण भक्तपुर शहरदेखि ६ किलोमिटर उत्तरतर्फ करिब ५०० फिट अग्लो डिस्कोमा अवस्थित छ । यो ढिस्कोलाई दोलाद्री शिखर भनिन्छ । चम्पक नारायणको मूलमूर्ति गरूडासनको छ । नेपालमा ईसापूर्व दोस्रो शताब्दीदेखि नै वैष्णव धर्मले व्यापकता पाएको र यसको विकास भएको प्रमाण छ । यस बखतमा वैष्णव धर्ममा अवतारवादको विस्तार भइसकेको थियो ।

पूर्वीय दर्शन शास्त्रको सबैभन्दा पुरानो ग्रन्थ वेद भएको र वेद प्रचलन भएको समयलाई वैदिक समय भनिन्छ । वैदिक समयमा भगवान् विष्णुको विभिन्न अवतार हरूको प्रष्ट वर्णन भने गरिएको पाइँदैन । नेपाल तथा भारतवर्षमा भगवान् विष्णुको अवतारको प्रचलन भएको कुरा सतपथ नामक ब्राह्मण ग्रन्थमा गरिएको पाइएकोले पौराणिक काल अर्थात् महाभारत तथा रामायणकालीन समयमा भगवान् विष्णुको विभिन्न अवतारहरूको विस्तार भइसकेको बुझिन्छ । पुराणहरूमा त भगवान् विष्णुको अवतारको लामो सूची नै देखा पर्दछ । श्रीमद्भागवत महापुराण, मत्स्यपुराण, देवी भागवत, श्रीमद्भगवतगीताले भगवान् विष्णुले सबै युगमा आवश्यकता अनुसार अवतारहरू लिएको र धर्मलाई स्थापना गरेको बताएका छन् । राजा मानदेवभन्दा अगाडिदेखि नै चाँगुनारायण मन्दिरको अस्तित्व रहेको र यहाँ मानदेवले गरूड स्थापना गरी पूजा अर्चना गरेको यसै स्थानमा भएको ७८ पत्रीय अभिलेखबाट बुझिन्छ । नेपाल महात्म्यले पनि चाँगुनारायणको प्राचीनतालाई यस प्रकार वर्णन गरेको छ–

दोलागिरौ चम्पक वृक्षमध्ये
नया स्थितं पाप बसेन विप्र
शुक्रस्य शापेन शिरोमदिर्य
छिन्न त्वया विप्र न तेऽस्तिदोषः ।

नेपाल महात्म्यले चाँगुनारायणमा स्थित भगवान् विष्णुको पूजा अर्चना गर्ने महत्त्वपूर्ण दिनहरूको बारेमा समेत वर्णन गरेको छ ।

द्वादश्यां पौर्णमास्यां च तथैव बुधवासरे ।
ये द्रक्ष्यन्ति नरा भक्त्या ते वै वैकुण्ठ गामिनः ॥

नेपाल महात्म्यले द्वादशी, पूर्णिमा र बुधबार भगवान् नारायणको पूजा गर्ने उत्तम दिन भनी वर्णन गरेको छ । चाँगुनारायणमा प्रत्येक बुधबारको दिन बद्रीनारायणको आगमन हुने कुराको जनविश्वास रहेको छ । नेपाल महात्म्य अनुसार चाँपको ठुटोबाट प्रकट हुनुभएका नारायणले सुदर्शन पोखरेल नामक उपाध्याय ब्राह्मणलाई आफ्नो प्रथम पुजारी बनाउनु भाये । सुदर्शन ब्राह्मण यसै भेगका ब्राह्मण भएको बुझिन्छ ।

ब्राह्मण सुदर्शनको समयदेखि नै उत्सवका दिन जस्तै अक्षय तृतीया, कृष्ण जन्माष्टमी र हरेक बुधबारको दिन चाँगुनारायणको दर्शनार्थ आएका भक्तजनहरूलाई भगवान्‌को दशावतार विग्रहको दर्शन गराउने चलन चलिआएको छ । लिच्छवीकालदेखि नै प्रचलित दशावतार विग्रहको दर्शन गराउने परम्परा मल्लकाल, शाहकाल हुँदै आजसम्म निरन्तर छ । सुदर्शन पोखरेल नामक ब्राह्मणबाट शुरू भएको यो परम्परा उनीपछि खतिवडा, ढुंगाना ब्राह्मण आदिबाट पनि निरन्तर रह्यो । मल्लकालको अन्त्यतिर ब्राह्मणहरू यहाँको पुजारीहरूबाट प्रतिस्थापित भएर हाल राजोपाध्यायहरू मूल पुजारी रहेका छन् । भडेल तथा भण्डारीथर भएका नेवारहरूले रेखदेख तथा पूजा र भण्डारीको काम गर्दैआएका छन् ।

केही समय अगाडिसम्म केवल बुधबार मात्र भगवान् विष्णुको दशावतार देखाइन्थ्यो । त्यस दिन दर्शनार्थीहरूले १० रूपैयाँ तिरेर पुजारीमार्फत संकल्प गराएर हेर्न पाउँथे । आजकाल भने जुनकुनै दिन तोकिएको शुल्क तिरेर हेर्न

पाइन्छ । हाल समितिद्वारा ५०० रूपैयाँ शुल्क निर्धारण गरिएको छ ।

दशावतारमा भगवान् विष्णुका निम्न अवतारहरू पर्दछन्–

मत्स्य कूर्मो वराहश्च नारसिंहश्च वामनः ।
रामो रामश्च कृष्णश्च बुद्ध कल्कि तथैव च ॥

यहाँ उल्लेख भएका भगवान् विष्णुका नवौं अवतारहरू पृथ्वीमा अवतरण भइसकेको र केवल कल्की अवतार मात्र आगमन हुन बाँकी भएको मानिन्छ । यी अवतारहरूलाई पनि सत्य, त्रेता, द्वापर र कलियुगका अवतारहरू पनि वर्गीकरण गरिएको छ ।

सत्ययुगका अवतारहरूमा– १.मत्स्यावतार, २. कच्छवावतार, ३ बराहावतार, ४ नृसिंहावतार पर्दछन् । त्रेता युगका अवतारहरूमा– ५.बामनावतार, ६.परशुरामावतार र ७. रामावतार पर्दछन् । यसैगरी, द्वापर युगका अवतार हरूमा– ८. कृष्णावतार तथा कलियुगका अवतारहरूमा ९. बुद्धावतार र १०. कल्की अवतार रहेका छन् ।

दशावतारका दर्शनका लागि पानसमा गाईको घिउ हाली त्यहाँको बत्तीको प्रकाशमा क्रमशः गुच्चा जत्रो १० वटा फट्टीको गेडालाई त्यसभित्र रहेको सानो पालमा सिन्को हाली दर्शनार्थीहरूलाई देखाउने गरिन्छ । यसरी प्रदर्शित गराइने फट्टीको बाटुलाकार गेडाभित्र पर्ने दशावतार र उनीहरूको परिचय गराउने सन्दर्भमा यस्से देवस्य यदरूपम् तथा भूषण वाहनम् अर्थात् अर्थात् 'जुनजुन देवताहरूको रूप जस्तो हो त्यही अनुसारको आयुद तथा वाहनको साथमा देख्न सकिनेछ' भनी पुजारीले पिली पिली बलेको बत्तीमा देखाउने गर्दछन् ।

पुजारीद्वारा दशावतार देखाउँदै ती अवतारको परिचय दिने गर्दछन्। जस्तै मत्स्यावतारको क्रममा यो भगवान् विष्णुको मत्स्यावतार हो । प्रलयावस्थामा संसारलाई बचाउन भगवान् विष्णुले यो अवतार लिई वैवस्वत नामक मनुलाई उद्धार र सम्पूर्ण ऋषिसहित बीजको रक्षा गर्नुभयो । फेरि हयग्रीव दानवबाट ब्रह्माजीको हातबाट चोरिएको वेद फिर्ता गराउनु भयो भन्ने जानकारी गराइन्छ ।

दोस्रो रूप कूर्म अवतारको दृश्यावलोकन गराउँदै प्रलयको अवस्थामा हराएका १४ प्रकारका दुर्लभ वस्तुहरूको संरक्षण गर्न समुद्र मथन गरी भगवान् विष्णुद्वारा कक्षप (कछुवा)को रूप लिएको भनी वर्णन गरिन्छ ।

हिरण्याक्ष नामक दैत्यले पृथ्वीलाई पानीमुनि अर्थात् रसातलमा पुऱ्याएको हुँदा पृथ्वीको उद्धार गरी हिरण्याक्षलाई बध गर्न भगवान् विष्णुले धारण गरेको चौथो अवतार नै नृसिंह अवतार हो भनी वर्णन गरिन्छ । भक्त प्रह्लादको उद्धार गर्न भगवान् विष्णुले हिरणडेकसीको वध गर्न लिएको अवतारको स्वरूप हो ।

दानवराज बलीको घमण्ड तथा दर्पलाई नष्ट गर्न र देवताहरूको उद्धार गर्न भगवान् विष्णुले लिएको पाँचौं नरावतार वामन स्वरूप हो भनेर चिनाइन्छ । पृथ्वीमा क्षत्रिय राजाहरूको अत्याचारलाई रोक्न भृगुवंशको जमदग्नी पुत्रको रूपमा परशुराम अवतार लिई जन्म लिएको छैठौं नरावतार हो भनी वर्णन गरिन्छ ।

रावणाआदिको अत्याचारलाई रोकी सामाजिक

मर्यादा र आदर्शताको बोध गराउन भगवान् विष्णुद्वारा लिएको सातौं नरावतार नै राम अवतार भनेर बुझाइन्छ ।

पृथ्वीमा कंशादि जस्ता दानवहरूको उद्धार गरी महाभारत युद्धमा पाण्डपक्षको साथ लिई धर्मस्थापना गर्न अर्जुनलाई गीता ज्ञान दिन भगवान् विष्णुले लिनुभएको आठौं नरावतार कृष्ण हो भनेर वर्णन गरिन्छ ।

संसारमा भएका विभिन्न प्रकारका हिंसाहरूलाई नष्ट गरी शान्तिको मार्ग अवलम्बन गराउन भगवान् विष्णुले लिनुभएको नवौं अवतार नै बुद्ध अवतार हो । विश्वमा दया, करूणा प्रदान गर्नु नै यो अवतारको लक्ष्य हो भनी वर्णन गरिन्छ ।

भविष्यमा हुने अधर्म तथा अनाचारलाई रोकी पृथ्वीमा पुनः शान्ति स्थापना गरी धर्मलाई बचाउन भगवान् विष्णु सेतो घोडाचढी हातमा तरबार लिएको स्वरूपमा देखिने कल्की अवतार हो भनेर चिनाउँदै सुनाउँदै दशवतार वर्णनको प्रसङ्ग समाप्त हुन्छ ।

यसरी घिउको पिलिपिली बलेको बत्तीमा पुजारीले करिब एक मिनेटको समयमा बुझाउँदै देखाएको दशवतार वर्णनलाई भक्तजनहरूले के देखे ? कस्तो देखे ? कुन कुन स्वरूपबाट देखे ? त्यसको आभास कस्तो प्राप्त गरे अथवा गर्न सकेनन् भन्न सकिँदैन । तैपनि भक्तहरू दोलाद्री पर्वतमा स्थित भगवान् नारायणको दर्शन गरी एकैसाथ भगवान् नारायणको दशौं अवतार दर्शन गर्न पाएकोमा आफूलाई धन्य सम्झदै घरतर्फ फर्कन्छन् ।

चाँगुनारायण क्षेत्रका अन्य मन्दिरहरूको रेखदेख गर्न तथा त्यहाँको समग्र व्यवस्थापनका लागि चाँगुनारायण व्यवस्थापन समितिको गठन भएको छ । यसै समितिले पूजा व्यवस्थापन, दीप प्रज्वलन, भगवान्लाई लगाउने भोगको व्यवस्था मिलाउँदै आएको छ । विशेष पूजा गराउन समितिले एक हजार रूपैयाँ निर्धारण गरेको छ ।

चाँगुनारायण मन्दिरको अलावा उपत्यकाका अन्य मन्दिरमा पनि भगवान् विष्णुको दशौं अवतारका स्वरूपहरू चित्रण भएको पाइन्छ । कतैकतै भगवान् विष्णुको दशावतार विग्रहको चित्रण गर्दा बलरामलाई रामभन्दा मुनि र कृष्णभन्दा माथिको स्थानमा राखेको पाइन्छ । चाँगुनारायण मन्दिरभित्र भगवान् गौतम बुद्धको स्वरूप चित्रण हुनुले नेपालको धार्मिक विविधमा कुनै भेदभाव नभएको जनाउँछ ।

हरेक महिनाको बुधबार भगवान् चम्पक नारायणलाई पायसको भोग लगाउने प्राचीन परम्परा आजसम्म निरन्तर छ । त्यसैले पनि टाढा टाढादेखि भक्तजनहरू आफ्ना केटाकेटीको पास्नी अर्थात् अन्नप्राशन गराउन चाँगुनारायण ल्याउने गर्दछन् । चाँगुनारायण मन्दिर नेपालका प्रमुख वैष्णव मन्दिरहरूमध्ये सबैभन्दा प्राचीन पीठ पनि हो । नेपाल राष्ट्रको राष्ट्रिय सम्पदा पनि हो ।❖

-चाँगुनारायण-३, झौखेल, भक्तपुर


## सडकमा वेवारिसे छाडिएका गाईबाच्छा, साँढेहरूको संरक्षणमा हातेमालो गरौं !

पृथ्वी सबैको साझा घर हो । यहाँ सबै प्राणीहरूले बाँच्न पाउने अधिकारको सुनिश्चितता गरौं । हरेक दिन गाईबाच्छाहरूका लागि केही दान गरौं । जन्मोत्सव, विवाहोत्सव आदि शुभकार्यहरू र अन्य उत्सव या स्मृतिमा गौमाताको सेवामा केही योगदान गरौं । आफू पनि बाँचौं र अवोध प्राणीहरूलाई पनि बचाऔं । सेवा नै सबैभन्दा ठूलो धर्म हो । जय गौमाता !

**नन्दी सेवा स्थल**

**मन्दिर गाई बाच्छा बचाऊ तथा समाज विकास अभियान**

**फूल पसल लाइन, वनकाली, सम्पर्कः ९८०८२९७४८५, ९८४१२०४००६**

# गतिविधि

## पशुपतिक्षेत्र सुधारका लागि ज्ञापनपत्र

संस्कृति मन्त्री अनिलकुमार सिन्हालाई श्रीपशुपति अर्चना सुव्यवस्था प्रतिष्ठानले ज्ञापनपत्र बुझाएको छ । पशुपति क्षेत्र विकास कोषका अध्यक्ष समेत रहनु भएका मन्त्री सिन्हालाई प्रतिष्ठानले पशुपतिक्षेत्रमा हाल देखिएका बेथिति र विसंगतिहरूको दीर्घकालीन निराकरणार्थ र सम्मानित सर्वोच्च अदालतको आदेश कार्यान्वयनार्थ ५ बुँदे माग पेश गर्दै ज्ञापनपत्र बुझाएको हो। प्रतिष्ठानका वरिष्ठ उपाध्यक्ष श्रीमान श्रेष्ठको नेतृत्वमा रहेको प्रतिनिधिमण्डलले मन्त्री सिन्हालाई वनकाली स्थित श्रीपशुपतिक्षेत्र विकास कोषको सचिवालयमा भेटी गत पुष १५ गते ज्ञापनपत्र बुझाएको थियो । प्रतिष्ठानको प्रतिनिधिमण्डलमा वरिष्ठ उपाध्यक्ष श्रेष्ठ सहित संस्थापक उपाध्यक्ष वरिष्ठ अधिवक्ता श्रीहरी अर्याल, सल्लाहकार परिषद् सदस्य नरोत्तम वैद्य, उपाध्यक्ष मदनकुमार डङ्गोल, महासचिव प्रमोदराम मिश्र र सचिव राजेन्द्रराज कठायतको सहभागिता रहेको थियो।

पशुपति क्षेत्र विकास कोषका नवनियुक्त सदस्यसचिव प्रकाशमणि शर्मा भुषालको आतिथ्यतामा सम्पन्न सो कार्यक्रममा ज्ञापनपत्र बुझ्दै मन्त्री सिन्हाले सर्वोच्च अदालतको आदेश कार्यान्वयनको लागि आफू प्रतिबद्ध रहेको र श्रीपशुपति क्षेत्र विकास कोषलाई तत्कालको लागि नागरिक समाजको तर्फबाट सबै प्रकारको सहयोग र सहकार्य आवश्यक रहेको बताउनु भयो। त्यस्तै सदस्य सचिव शर्मा भुषालले आफू प्रतिष्ठानसँग आवश्यक सहकार्य गर्न तयार रहेको बताउनुभयो ।

कार्यक्रममा सर्वोच्च अदालतको २०६६ पुस २७ गतेको आदेश बमोजिम "धर्म निरपेक्ष राज्यको वर्तमान अवस्थामा श्रीपशुपतिक्षेत्र विकास कोषको विकल्प खोज्नु पर्ने र स्वतन्त्र - स्वायत्त - आत्मनिर्भर र अधिकार सम्पन्न संयन्त्रले कोषलाई स्थानान्तरण गर्दै पशुपति क्षेत्रको चल अचल सम्पत्तिको संरक्षण र पारदर्शी व्यवस्थापन, आगम-निगम परम्परामा आधारित पूजा अर्चनाको निर्वाध सञ्चालन एवम् त्यस्को स्थायीत्वको प्रत्याभूती, धर्मसभाको गठन गर्दै स्थानीय समुदाय- नैष्ठिक- विषयगत विज्ञ तथा आगम-निगमका विद्वान्हरूको संलग्नता र स्वामित्वको सुनिश्चितता, भक्तजनहरूको आस्थालाई सम्मान गर्दै र पुजारी, भण्डारी, विसेट, रैरकमीहरूको आस्था-विश्वास र कर्तव्यपरायणतालाई सम्मान गर्दै तत्काल चाल्नुपर्ने कदमहरूका विषयहरूमा बुँदागत छलफल भएको थियो।

सर्वोच्च अदालतको २०६६ साल पुस २ गतेको निर्देशनात्मक आदेश कार्यान्वयन गर्न नेपाल सरकार मन्त्रिपरिषद्को २०६७ साल पुस ११ गतेको निर्णयअनुसार सर्वोच्च अदालतका पूर्व न्यायाधीश केदारनाथ आचार्यको संयोजकत्वमा १४ सदस्यीय श्रीपशुपतिनाथ अध्ययन व्यवस्थापन स्वतन्त्र अधिकार सम्पन्न समिति गठन भई २०६८ साल साउन १५ गते प्रारम्भिक प्रतिवेदन तत्कालीन मन्त्री समक्ष बुझाइएको थियो। प्रतिवेदन बुझाएको १४ वर्ष भए पनि त्यसको कार्यान्वयन भएको छैन। प्रतिवेदन लागू गरिएमा पशुपति जस्तो धार्मिक स्थलमा हुने राजनीतिक नियुक्ति लगायतका राज्यको हस्तक्षेप पूर्ण रूपमा बन्द हुने थियो ।

## मुख्यमन्त्री र बलिउड कलाकारद्वारा पशुपतिनाथ दर्शन

गत पुस २५ गते भारतको सिक्किम राज्यका मुख्यमन्त्री श्री प्रेम सिंह तामाङ तथा चर्चित बलिउड कलाकार संजय दत्तले पशुपतिनाथ मन्दिरमा विधिपूर्वक पूजा-अर्चना तथा दर्शन गर्नुभएको छ। एकै दिनको यात्रा भए पनि उहाँहरूले संगै पशुपति दर्शन गर्नुभएको भने होइन ।

भगवान् श्रीपशुपतिनाथको दर्शन एवम् पूजा पश्चात् मुख्यमन्त्री तामाङले पवित्र पशुपतिनाथ मन्दिरको दर्शन गरी गहिरो श्रद्धा र विनम्रताका साथ पूजा-अर्चना गर्ने सौभाग्य प्राप्त गरेको र त्यस पावन अवसरमा सिक्किमका सम्पूर्ण जनताको सुस्वास्थ्य, शान्ति, समृद्धि तथा समग्र कल्याणको कामना गर्दै भगवान्सँग आशीर्वाद प्रार्थना गरेको बताउनुभयो। पाशुपत क्षेत्र परिसरमा पारिजातको बिरूवा समेत रोप्नु भएका उहाँले यस कार्यले आनन्द र अर्थपूर्ण समयको बोध गराएको बताउनुभयो । यसले आस्था, नवजीवन र प्रकृतिप्रतिको श्रद्धाको प्रतीक बोकेको उहाँको प्रतिकृया थियो।

सो अवसरमा उहाँले मन्दिरको गहिरो आध्यात्मिक वातावरणले अत्यन्तै भावविभोर बनाएको र आफूलाई

धन्य, ऊर्जाशील तथा आध्यात्मिक रूपमा समृद्ध भएको महसुस भएको समेत उल्लेख गर्नुभयो । यस तीर्थयात्राका क्रममा साथ, सहयोग र मार्गदर्शन प्रदान गर्नुहुने सम्पूर्ण व्यक्तित्वहरूलाई उहाँले आभार समेत व्यक्त गर्नुभयो ।

विश्व सम्पदा सूचीमा सूचीकृत पशुपतिनाथ क्षेत्र हिन्दु धर्मावलम्बीहरूको प्रमुख आस्थाको केन्द्र मात्र नभई नेपाल–भारतबीचको धार्मिक, सांस्कृतिक तथा आध्यात्मिक सम्बन्धको सशक्त प्रतीकका रूपमा स्थापित छ ।

**पशुपति क्षेत्र विकास कोषको कोषाध्यक्षमा पूर्व सचिव सापकोटा**

पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ बमोजिम माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीको

मिति २०८२/०९/१७ गतेको निर्णयअनुसार पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्को कोषाध्यक्ष पदमा श्रीधर सापकोटा मनोनयन हुनुभएको छ । पूर्व रक्षा सचिव समेत भइसक्नुभएका सापकोटाले पुस २१ गते सोमबार पशुपति क्षेत्र विकास कोषमा उपस्थित भई सो पदमा पदबहाली गर्नुभएको हो । पद वहालीपछि संक्षिप्त प्रतिकृया दिंदै उहाँले पशुपतिमा सेवा गर्न पाउनुलाई सौभाग्यको रूपमा लिएको र इमान्दार भई ऐन तथा नियमावलीको दायरामा रही कर्तव्य पालन गर्ने बताउनुभयो ।❖

## पशुपतिको भेटी

*पशुपति क्षेत्र विकास कोषले वि.सं. २०६८ सालको चैत २६ गते एउटा नियमावली लागु गरी पशुपतिनाथमा भक्तजनले श्रद्धाले चढाउनुभएको भेटिघाटीलाई गणना गरी पशुपतिनाथको आम्दानीको रूपमा बाध्ने क्रम शुरू गरेको हो । नियमावली लागु गरिए पनि पशुपति मन्दिर परिसरका सम्पूर्ण मठमन्दिर एवम् देवालयहरूको भेटिघाटी भने गणनामा समावेश भएको छैन । नियमावलीको कार्यान्वायन पछि श्रीपशुपतिनाथ मन्दिर, नवग्रह, हनुमान, बूढानीलकण्ठ र वासुकीनाथ भगवान्लाई चढाइएको भेटिघाटी नियमावलीले समेटेको छ । गौरीले सुरूवाती समयदेखि नै भेटिघाटीको मासिक विवरण प्रकाशित गर्दैआएको थियो । कोरोना महामारीपछि केही वर्ष छुटे पनि अबका दिनमा नियमितता दिने प्रयत्न गरेका छौं ।*

**पशुपतिनाथ मन्दिरमा सङ्कलित भेटिघाटी (२०८२ पुष)**

| मिति | रकम | मिति | रकम |
|---|---|---|---|
| ०९–०१ | २६१००२ | ०९–१७ | २७५०१४ |
| ०९–०२ | ४११११९४ | ०९–१८ | ३०३०८३ |
| ०९–०३ | २५५५८२ | ०९–१९ | २८१७८७ |
| ०९–०४ | २३७३०३ | ०९–२० | २८६७०२ |
| ०९–०५ | २७९७७२ | ०९–२१ | ४१८३४३ |
| ०९–०६ | २८१०८५ | ०९–२२ | २७४२२८ |
| ०९–०७ | २६०९६६ | ०९–२३ | ३१०६९२ |
| ०९–०८ | २६७२६० | ०९–२४ | १९९०९५ |
| ०९–०९ | ३१९६६८ | ०९–२५ | २७९३३८ |
| ०९–१० | २१७१२० | ०९–२६ | २९०३९७ |
| ०९–११ | ३०४७१२ | ०९–२७ | ३३९७६३ |
| ०९–१२ | ३०८०१३ | ०९–२८ | २४०२२० |
| ०९–१३ | २४००४० | ०९–२९ | २९४५७६ |
| ०९–१४ | ३५२९९२ | ०९–३० | ३७३९१७ |
| ०९–१५ | २९५६६६ | | |
| ०९–१६ | २४९६६२ | | |
| | | यस महिनाको जम्मा | ८४१४६१६ |

*माथि उल्लेखित रकममा दानभेटी (पशुपतिनाथ मन्दिर), दानभेटी (वासुकी), दानभेटी (हुण्डी), बुढानीलकण्ठ/हनुमान, चन्दन वितरणस्थल, नवग्रहमा चढाइएका रकम तथा जुत्ताचप्पल र शौचालयको दानपेटिकामा जम्मा भएका रकम सङ्कलित छन् ।*

*स्रोतः आर्थिक प्रशासन शाखा, प.क्षे.वि.कोष*

# योग गरौं, स्वस्थ जीवन अपनाऔं !

- ❖ नियमित व्यायाम तथा योगले तनावबाट राहत दिन्छ ।
- ❖ योग अभ्यासले शरीरलाई लचिलो, मनलाई शान्त र सोचलाई सकारात्मक बनाउँछ ।
- ❖ नियमित योगले उच्च रक्तचाप, मधुमेह, मोटोपन तथा तनावजन्य रोग नियन्त्रण गर्न मद्दत गर्छ ।
- ❖ बिहान वा साँझ कम्तीमा ३० मिनेट योग अभ्यास गर्ने बानी बसालौं ।
- ❖ योग गर्दा स्वच्छ वातावरण, खाली पेट र सहज आसनको प्रयोग गरौं ।
- ❖ बालबालिका, युवा, वृद्ध सबैका लागि योग लाभदायक छ ।
- ❖ योग उपचारात्मक भन्दा रोग निरोधात्मक विधि हो ।

*योग गरौं: स्वास्थ्य बनौं !*

जननी जन्मभूमिश्च स्वर्गादपी गरीयसी

**नेपाल सरकार**

**विज्ञापन वोर्ड**

अरुणसिंह पण्डालवाला
प्रोपाइटर
ॐ
अरुणसिंह पण्डालवाला
गौरीघाट काठमाडौं, मोबाइलः ९८५१२५४२२४,९८४१७४२०९६, ९८४१७८४५०५
सेवाहरुः
वाटरप्रुफ पण्डाल, पाल, गेट, मञ्चका साथै सजावटका लागि सम्पर्क गर्नुहोला
साथै बत्ती, जेनेटर र साउन्डसिष्टमका निम्ति समेत सम्झनुहोला ।

अब गौरी मासिक इ-पत्रिकामा संसार भरि पनि पढ्न सकिन्छ ।
गौरी अब ईन्टरनेको माध्यमबाट पनि पढ्न सकिन्छ।
www.ushaeduhouse.com
मा गएर निःशुल्क, सशुल्क डोनेशनमा पढ्न सकिने जानकारी गराउँदछौं।
देश तथा विदेशमा रहनु भएका पाठक वर्गले सिधै सर्वसुलभ रूपमा पढ्न सक्नुहुनेछ।

शुद्ध, सफा र स्वादिष्ट नेपाली भोजनका लागि सदैव सम्झनुहोला ।
त्रिवेणी भोजनालय
क्षेत्रपाटी, काठमाडौं | फोनः ४२५१९८४

Your Printing Solution
"गुणस्तरीय छपाई, सुपथ मुल्य"
किशोर अफसेट प्रेश प्रा. लि.
गोल्कोपाखा, ठमेल, काठमाडौं, फोनः ०१-४०२२५४४

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड
द्वारा प्रवर्द्धित
STC ग्याँस
तौल पूर्ण, सुरक्षा सम्पूर्ण
- ISI स्टाण्डर्डको भित्र बाहिर रवर कोट भै बीचमा स्टिलको जाली भएको ३ तहको होजपाइप
- उच्च गुणस्तरको रेगुलेटर
- पुनः प्रयोग गर्न न सकिने प्लाष्टिक सिल भएको सिलिण्डर
- कम्प्यूटर प्राविधिबाट चल्ने प्लान्ट, तौलमा सोह्रै आना ढुक्क हुनुहोस्
गृहिणी
चामल
साल्ट ट्रेडिङ्ग समूहका उत्कृष्ट खाद्य बस्तुहरू

गो.हु.का. (म.क्ष.हु.नि.द.नं.) १०/०६७/०६८

ॐ

।। श्रीराजराजेश्वरीमहात्रिपुरसुन्दरी विजयतेतराम् ।।

नेपालराष्ट्रको शान्ति, समृद्धि र जनकल्याणका लागि

# विश्वमेध श्रीविद्या ललितामहात्रिपुरसुन्दरी कोटि अर्चना महायज्ञ दिव्य महोत्सव

## हार्दिक निमंत्रण!

**समादरणीय श्रद्धालु साधकगण !**

**नेपालराष्ट्रको शान्ति, समृद्धि र जनकल्याणका लागि श्रीविद्याका परम उपासक श्रीविद्यादेशिक प्रवर परमपूज्य गुरुदेव श्री महेश चैतन्य ब्रह्मचारी महाराजज्यूको सान्निध्य एवं निर्देशनमा नेपालको यज्ञिय इतिहासमा प्रथम पटक सम्पन्न हुने भगवती श्रीविद्या राजराजेश्वरी ललितामहात्रिपुरसुन्दरी कोटि अर्चना दिव्य अनुष्ठानमा सपरिवार उपस्थित भई भगवती महात्रिपुरसुन्दरीको अनुग्रह प्राप्त गर्नका लागि श्रीविद्या प्रेमी सम्पूर्णमा सादर निमन्त्रणा गर्दछौं ।**

**अनुष्ठीयमान विशिष्ट सपर्या कार्यक्रम**

१. श्री महागणपति सहस्रमोदकार्चन तथा लक्षार्चन अनुष्ठान
२. श्रीसूर्य लक्षार्चन अनुष्ठान
३. श्रीनारायण लक्षार्चन अनुष्ठान
४. श्री दक्षिणामूर्ति लक्षार्चन अनुष्ठान
५. श्री मातङ्गी लक्षार्चन अनुष्ठान
६. श्री वाराही लक्षार्चन अनुष्ठान
७. श्री कुमारी लक्षार्चन अनुष्ठान
८. प्रतिष्ठित श्रीयन्त्रमा शताधिक साधकगणद्वारा श्रीविद्या ललितामहात्रिपुरसुन्दरीको ललितासहस्रनामद्वारा कोटि अर्चना महायज्ञ
९. नैष्ठिक विद्वान्हरूद्वारा सप्तशती चण्डी पाठपारायण
१०. दैनिक शिवोपासना, अभिषेक, हवन आदि दिव्य सपर्या कार्यक्रम
११. श्री सुवासिनी पूजा

श्रीविद्यादेशिक प्रवर परमपूज्य गुरुदेव
श्री महेश चैतन्य ब्रह्मचारीजी महाराज

**स्थान :** श्री नेपाल वेदविद्याश्रम परिसर, पशुपतिक्षेत्र, वनकाली, काठमाण्डौं ।
**प्रार्थी :** श्रीविद्यासाधक परिवार, काठमाण्डौं ।
**मिति :** वि.सं. २०८२ माघ २३ देखि फाल्गुन ४ गतेसम्म (06, Feb – 16, Feb 2026)